# राप्ती नदी र डुडुवा खोलाबाट दिगो रुपमा बालुवा, गिट्टी, उत्खनन तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन

## Initial Environmental Examination (IEE) Report



**प्रतिवेदन पेश गरिएको निकाय**

**जिल्ला समन्वय समितिको कार्यालय**

नेपालगंज, बाँके

**प्रस्तावक**

**डुडुवा गाउँपालिका**

फोन नं: ०८१६२०५३०

इमेल: duduwagaupalika@gmail.com

www. duduwamun.gov.np

**२०७५**

# विषयसूची


तालिकहरुको सुची ..... iv
तस्बिरहरुको सुची ..... v
कार्यकारी सारांस ..... vi
अध्याय-१ ..... 1
१ .प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना ..... 1
१.१ प्रस्तावकको नाम र ठेगाना (Name and Address of Proponent) ..... 1
१.२ प्रतिवेदन तयार पर्ने संस्था वा व्यक्ति (Agency Preparing IEE Report) ..... 1
१.३ अध्ययनमा संग्लन व्यक्तिहरु/विशेषज्ञ (Expert Team) ..... 1
अध्याय-२ ..... 2
२. प्रस्तावको विवरण (Description of the Proposal) ..... 2
२.१ प्रस्तावको परिचय (Introduction) ..... 2
२.२ प्रस्तावले दिने वस्तुको प्रकृति र प्रकार (Types of Materials) ..... 3
२.३ प्रस्ताव क्षेत्र र क्षमता (Proposed location and Capacity) ..... 3
२.४ प्रस्तावको कार्यन्वयन वाट उत्सृजन हुने वस्तु (Types of By-products) ..... 6
२.५ प्रारम्भिक वातावरणीय परिक्षणको उद्देश्य (Objective of IEE) ..... 6
२.६ प्रस्तावको उद्देश्य (Objective of the Proposal) ..... 6
२.७ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययनको औचित्य (Justification of IEE) ..... 7
२.८ प्रस्तावित प्रस्तावको मुख्य विवरणहरु (Salient features of the proposal) ..... 7
२.९ प्रस्तावित क्षेत्रमा यातायातको पहुँच (Proposal Component Accessibility) ..... 7
२.१० प्रस्ताव क्षेत्र निर्धारण (Delineation of Zone of Influence) ..... 8
अध्याय३- ..... 9
३. प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको लागि अवलम्बन गरिने तरिका (Study Methodology) ..... 9
३.१ डेस्क अध्ययन (Desk Study) ..... 9
३.२ स्थलगत अध्ययन (Field Study) ..... 9
३.३ नागरिकसंगको छलफल (Public Consultation) ..... 9
३.४ सूचना प्रकाशन (Publication of Public Notice) ..... 10
३.५ उपलब्ध सुचनाको संकलन, एकत्रिकरण र प्रभाव निक्यौंल तथा मुल्यांकन (Data collection, Impact Prediction and Evaluation) ..... 10
३.६ रोकथामका उपाय तथा अनुगमन योजना (Mitigation Measures and Monitoring Arrangement) ..... 10
३.७ अन्तिम प्रतिवेदनको तयारी र पेश (Report preparation and Submission) ..... 11
३.८ सूचना सम्प्रेषण (Information Dissimination) ..... 11
अध्याय-४ ..... 12




डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

शाखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

४. नीतिगत तथा कानुनी व्यवस्थाको समिक्षा (Review of Acts, Policies, Regulations and Guidelines) ........ 12
४.१ संबिधान (Constitution) ........ 12
४.२ ऐन (Acts) ........ 12
४.३ नियमावली (Regulations) ........ 14
४.४ नीतिहरु (Policies) ........ 15
४.५ निर्देशिकाहरु (Guidelines) ........ 15
४.६ ब्यबस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको प्रतिबेदनहरु (Reports prepared by Natural Resource Committee of Parliament) ........ 16
४.७ सर्वोच्च अदालतको फैसला तथा मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु (Decisions of Supreme Court and Cabinet) ........ 17
४.८ वातावरणमैत्री स्थानीयशासनको प्रारूप २०७० (Environment Friendly local Government framework 2070) ........ 18
४.९ अन्तरास्ट्रिय सम्मेलनहरु (International Conventions and Protocols) ........ 18
अध्याय-५ ........ 20
५. प्रस्ताव क्षेत्रको मौजुदा वातावरण (Baseline Information) ........ 20
५.१ भौतिक-रासायनिक वातावरण (Physical-Chemical Environment) ........ 20
५.२ जैविक वातावरण (Biological Environment) ........ 26
५.३ सामाजिक-आर्थिक तथा संस्कृतिक वातावरण (Socio-Economic Environment) ........ 28
अध्याय-६ ........ 38
६. प्रस्ताव कार्यन्वयनवाट वातावरण माथि पर्ने प्रभाव मुल्यांकन (Impact Prediction and Evaluation) ........ 38
६.१ फलदायी प्रभाव (Positive Impact) ........ 38
६.१.१ भौतिक-रासायनिक वातावरण (Physical-Chemical Environment) ........ 38
६.१.२ सामाजिक, आर्थिक वातावरण (Socio-Economic Environment) ........ 38
६.२ विपरित प्रभाव (Negative Impact) ........ 39
६.२.१ सामाजिक, आर्थिक वातावरण (Socio-Economic Environment) ........ 39
६.२.२ भौतिक तथा रासायनिक वातावरण (Physical-Chemical Environment) ........ 41
६.२.३ जैविक वातावरण (Biological Environment) ........ 42
अध्याय-७ ........ 46
७. प्रस्ताव कार्यान्वन विकल्प (Alternative Analysis) ........ 46
७.१ कुनै कार्य नगर्ने (No Action) ........ 46
७.२ विकल्प क्षेत्र (Alternative Option) ........ 46
७.३ उत्खनन र संकलन प्रक्रिया र समय चक्र (Extraction Method and Timing) ........ 46
७.४ वैकल्पिक वातारणीय व्यस्थापन (Environment Management) ........ 47



शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

अध्याय-८ ........ 48

८. प्रस्ताव कार्यन्वयन वाट वातावरण माथि पर्ने प्रभाव न्युनिकरणका उपाय तथा नियन्त्रण (Environmental Impact Mitigation Measures) ........ 48

अध्याय-९ ........ 53

९. वातारणीय व्यस्थापन योजना (Environment Management Plan) ........ 53

९.१ प्रस्ताव तथा वातारणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि उतरदायी निकाय (Responsible Agencies for Implementation of Environment Management Plan). 53

९.२ वातावरणीय व्यस्थापन योजना (Emvironment Management Plan) ........ 53

९.३ अनुगमन तथा रोकथाम लागत (Monitoring and Mitigation Cost) ........ 58

९.४ रोकथाम उपायको कार्यन्वयन (Implementation of Mitigation measures) ........ 59

९.५ सर्वेक्षण  तथा अनुगमन (Monitoring) ........ 59

९.६ अनुगमनको प्रकार (Types of Monitoring) ........ 59

९.७ अनुगमन संयन्त्र (Monitoring Mechanism) ........ 60

९.८ अनुगमन स्थल, समय र जिम्मेबारी (Monitoring Sites, Period and Responsibilities) ........ 60

९.९ प्रतिवेदन तथा दस्तावेज (Reporting) ........ 62

९.१० वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठानात्मक स्वरूप (Environment management Plan Organization Structure) ........ 63

अध्याय-१० ........ 64

१०. निस्कर्ष तथा सुझावहरु (Conclusion and Recommendations) ........ 64

१०.१ निस्कर्ष (Conclusion) ........ 64

१०.२ सुझावहरु (Recommendations) ........ 64

सन्दर्भ सामग्री (*Bibliography*) ........ 65

## अनुसूचि

अनुसूचि १: IEE को स्वीकृत कार्यसूची

अनुसूचि २ :  प्रस्तावित क्षेत्रहरुको नक्शा

अनुसूचि ३ : राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्बजनिक सूचना तथा सार्बजनिक स्थानहरुमा टाँसिएका प्रकाशित सार्बजनिक सूचनाको मुचुल्का

अनुसूचि ४: लक्षित समुहसँग गरिएको छलफलको मायन्युट

अनुसूची ५ : सम्वन्धित संस्थाहरुवाट प्राप्त पत्रहरु

अनुसुची ६: प्रश्नावली/ परिक्षण सुची

अनुसूचि ७: स्थलगत अध्ययनका क्रममा लिईएको केहि तस्विरहरु

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

# तालिकाहरुको सुची


तालिका 1: अध्ययनमा संलग्न व्यक्तिहरु/ बिशेषज्ञहरु......1

तालिका 2: प्रस्ताव क्षेत्र र क्षमता......3

तालिका 3: प्रस्ताव क्षेत्रवाट संकलन गर्ने परिमाण......4

तालिका 4: प्रस्तावित प्रस्तावको मुख्य विवरणहरु......7

तालिका 5: प्रस्ताव क्षेत्रको तापक्रम तथा जलवायुको स्थिति......24

तालिका 6: प्रस्ताव क्षेत्रको जैविक वातावरण......27

तालिका 7: प्रस्ताव क्षेत्रको जनसांख्यिक विवरण......29

तालिका 8: प्रस्ताव क्षेत्रको जातिगत आधारमा जनसांख्यिक विवरण......29

तालिका 9: प्रस्ताव क्षेत्रको भाषागत आधारमा जनसांख्यिक विवरण......30

तालिका 10: प्रस्ताव क्षेत्रको साक्षरता को स्थिति......32

तालिका 11: प्रस्ताव क्षेत्रको उच्च शिक्षा को स्थिति......32

तालिका 12: प्रस्ताव क्षेत्रको शैक्षिक संस्थाहरुको स्थिति......33

तालिका 13: प्रस्ताव क्षेत्रको स्वास्थ्य संस्थाको अवस्था......34

तालिका 14: प्रस्ताव क्षेत्रको विजुली तथा इन्धन शक्तिको खपत......35

तालिका 15: प्रस्ताव क्षेत्रको खानेपानीको श्रोत......35

तालिका 16: प्रस्ताव क्षेत्रको सौचालय को उपलव्धता......36

तालिका 17: प्रस्ताव क्षेत्रको सडक मार्गको अवस्था......36

तालिका 18: प्रस्ताव क्षेत्रको सडक मार्गको अवस्था......37

तालिका 19: वातावरणीय प्रभाव मूल्यांकन......43

तालिका 20: प्रभाव निर्क्यौलको लागि प्रयोग गरिएको मेट्रिक्स......45

तालिका 21: लाभकारक प्रभावको बृध्दि विपरित प्रभावको रोकथामका उपयाहरु......49

तालिका 22: वातावरण व्यवस्थापन योजना कार्यन्वयन आवरण......54





शाखा अधिकृत
डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वनकट्टी, बाँके
५ नं. प्रदेश, नेपाल
लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

तालिका 23: रोकथाम लागत तथा जिम्मेवारी ....58
तालिका 24: अनुगमन तथा न्युनिकरण खर्चको विवरण ....59
तालिका 25: अनुगमन संयन्त्र ....60
तालिका 26: अनुगमन, विवरण स्थान, समय, तरीका तथा जिम्मेवारी ....61

## तस्बिरहरुको सुची

तस्बिर 1: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको टोपोग्राफिक नक्सा ....5
तस्बिर 2: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको अवस्थिति ....21
तस्बिर 3: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको भू-उपयोगको स्थिति ....23
तस्बिर 4: राप्ती नदी र डुडुवा खोला क्षेत्रमा पाईने उत्खनन योग्य वालुवा ....25
तस्बिर 5: राप्ती नदि किनारा तथा नदिले किनारमा गरेको कटानी ....26
तस्बिर 6: राप्ती नदि क्षेत्र वरपरको घाँसे मैदान ....27

शाखा अधिकृत

डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वनकट्टी, बाँके
५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# कार्यकारी सारांस

## पृष्ठभुमि

जनसंख्या जुन गतिमा बृध्दि भईरहेको छ सोहि गतिमा विकास निर्माणका कार्यहरु पनि बढिरहेको छ । उक्त निर्माणका कार्यहरु लाई आवस्यक पर्ने निर्माण सामाग्रीहरु जस्तै ढुँगा, बालुवा, र ग्राभेलको पनि माग तिब्र रुपमा बढ्दै छ । यस गाउँपालिका भएर बहने राप्ती नदी र डुडुवा लगाएतका खोलाहरु बाट परम्परा देखि नै, बालुवा, ढुँगा र ग्राभेल संकलन तथा बिक्रि वितरण हुदै आएकोमा नेपाल सरकारले वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ लागू गरेको परिप्रेक्षमा सोहि ऐनको दफा ४ बमोजिम स्वीकृति लिएरमात्र ढुँगा, बालुवा, र ग्राभेल संकलन, उत्खनन र निकासीको अनुमति दिनु पूर्व उल्लेखित प्रस्ताब कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन तयार पारी स्वीकृति लिनुपर्ने प्राबधान रहेकोले गाउँपालिकाले राप्ती नदी र डुडुवा खोलाबाट ढुँगा, बालुवा र ग्राभेल संकलन गर्दा त्येस क्षेत्रमा के कस्तो वातावरणीय असर पर्नसक्छ भन्ने निर्क्यौल गर्न यस IEE प्रतिबेदन तयार पर्न लागिएको हो ।

## प्रस्ताव विवरण

यस प्रस्तावमा बाँके जिल्ला डुडुवा गाउँपालिका, राप्ती नदी र डुडुवा खोला क्षेत्रभित्र पर्ने बहाव क्षेत्रवाट निर्माण सामग्रीहरु जस्तै: बालुवा, ग्रावेल, गिट्टी, र ढुँगा दिगो रुपमा संकलन गर्नु हो । यस कार्यको लागि राप्ती नदी र डुडुवा खोलामा ५ वटा क्षेत्रहरु पहिचान गरिएको छ जहाँ करिब १४,९५,००० घन मि. भन्दा बढी बालुवा संचय रहेको अनुमान छ । यसवाट गाउँपालिका ले आर्थिक फाइदा पाउनुको साथै प्राकृतिक श्रोतको पनि सहि सदुपयोग हुन् सक्छ । यो कार्यले स्थानीयलाई पनि रोजगारी प्रदान गर्ने देखिन्छ । यी प्रस्तावित क्षेत्रहरु गाउँपालिकाको १, २, ३, ४ र ५ नं. वडा मा रहेका छन् जुन यस प्रतिवेदनमा प्रस्ट रुपमा राखिएको छ ।

## विधिशास्त्र

यो प्रतिवेदनका परिणाम र निष्कर्षहरू क्षेत्रगत भ्रमण र दितीय श्रोतहरुमा आधारित छ । जनसमुदायसँगको छलफललाई यो प्रस्तावको सुरुवात देखीनै प्रमुखताको रुपमा लिईएको छ । यस कार्यमा स्थानीय शिक्षक, नेता, गाउँपालिका तथा वडा का प्रतिनिधिहरुसँग छलफल गरिएको थियो ।

## मौजुदा वातावरणीय अवस्था:

- भौतिक वातावरण

यो प्रस्तावित क्षेत्र नेपालको बाँके जिल्लाको मध्य तराई क्षेत्रमा पर्दछ । यी क्षेत्रहरु समुद्र सतह देखि १०० मि. देखि १५० मि. सम्म को उचाइमा पर्दछ । गाउँपालिका क्षेत्र मा स-साना देखि मध्यम स्तरका खोलाहरु छँन् जसमा राप्ती नदी र डुडुवा मुख्य हुन् साथै यी खोला नालाहरुमा वालुवा,

शाखा - अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

ग्राभेल, प्रसस्त पाइन्छ । राप्ती नदीले गाउँपालिकाको पूर्वी सिमानाको रुपमा रहेको छ जसले गाउँपालिकालाई र जिल्लाकै राप्तीसोनारी र नरैनापुर गाउँपालिकाहरुबाट छुट्याउछ ।

उत्खनन क्षेत्र समुन्द्र सतहबाट १०० मी. देखि १५० मी. सम्मको उचाइमा रहेकोले यहा उपोष्ण खालका हावापानीको प्रभाब नै रहन्छ । सामान्यतया यहाँको औसत तापक्रम २५ डिग्री सेन्टिग्रेड हुने गर्दछ भने हिउँदमा औसत १६ डिग्री सेन्टिग्रेड हुनेगर्दछ भने गर्मी याममा औसत ३२ डिग्री सेन्टिग्रेड तापक्रम सम्म पुग्छ । यस ठाउँमा मनसुनी जलबायुको नै प्रभाब रहन्छ । यहाँ वार्षिक औसत ११७५ मी.मी. भन्दा बढी वर्षा हुन्छ । प्रस्तावित क्षेत्रहरु तराईको समथर भूभागमा पर्दछन् । यस क्षेत्रमा चट्टानि भूभाग देखिदैन । यहाँको सतहमा बालुवाको मात्र अत्यधिक पाईन्छ । खोलाको बेसी क्षेत्र खेतीपाती तथा बसोबासको लागि उपयुक्त भयतापनि मनसुनमा नदि किनारको क्षेत्रमा बाढीको जोखिम अत्यधिक छ । प्रस्ताव प्रभावित क्षेत्रमा रहेका जमीहरु मुख्यतः खेतीपातीको लागि प्रयोग भएका छन् । प्रस्ताव क्षेत्र हावा, पानी र ध्वनी प्रदूषणको हिसाबले न्यून प्रदुसित छन् ।

- **<u>जैविक वातावरण</u>**

प्रस्ताब क्षेत्र नितान्त रुपमा बगर र खेतीयोग्य जमिनमा रहेको र एक स्थानमा सरकारी तथा सामुदायिक बनहरु पनि पर्दछन् भने खोला किनाराको प्रत्यक्ष उत्खनन क्षेत्रमा घाँसेमैदान मात्र रहेका छन् । घाँसेमैदानमा काँस, खर, वायर आदि प्रजातिका बनस्पति मुख्य रुपमा पाईन्छ । राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्र भन्दा केहि बाहिर बस्ति क्षेत्रमा अत्यन्त न्यून मात्रामा निजि वन देख्न सकिन्छ । प्रमुख रुखहरुमा सिसौं, साल, खयर, कदम, निम, बोटधयारो, आदि हुन् । प्रस्ताब क्षेत्रमा आंप, लिची, केरा आदि फलफूलहरु पाईन्छ ।
राप्ती नदीको बगर तथा घाँसेमैदान विभिन्न किसिमका जंगली जनावर र चराचुरुङ्गीहरुको उपयुक्त वासस्थान हुन् । यी वनहरुमा चितुवा, बँदेल, स्याल, कालिज, चिल, बिभिन्न प्रकारका पानीहाँस, बिभिन्न प्रजातिका सर्पहरु इत्यादि जीवहरु पाईन्छन ।

- **<u>सामाजिक-आर्थिक वातावरण</u>**

डुडुवा गाउँपालिका प्रदेश नं ५ अन्तर्गत बाँके जिल्ला को मध्य क्षेत्रमा पर्दछ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकामा ३७,५३३ जनसंख्या रहेको छ जसमध्य पूरुष १९३३९ र महिला १८१८४ रहेको छन् । यहाको कुल जनघनत्व ४१२.० वर्ग/कि.मी. रहेको छ । वालुवा संकलनको लागि प्रस्ताब गरिएको क्षेत्र नं १, २, ३, ४ र ५ क्रमश डुडुवा वडा नं. १ (साविक होलिया गा.वि.स.), वडा नं. २ (साविक बेतहनी गा.वि.स.), वडा नं ३ (साबिक बनकट्टी गा.वि.स.), र नं. ४, ५ (साबिक कम्दी गा.वि.स.) मा पर्दछन । यी प्रस्ताब क्षेत्रमा जम्मा ४६७१ घरधुरीमा जम्मा २५९९४ जनसंख्या वस्दछन् र औसत जनसंख्या प्रति घर ६ रहेको छ । कृषि तथा पशुपालन प्रस्ताव क्षेत्रको प्रमुख पेशा हो । यस वाहेक मानिसहरु ज्याला मजदुरी, निर्माण व्यबसाय, तथा व्यापार व्यवसायमा पनि संलग्न छन् । कृषकहरु प्रमुख रुपमा धान, मकै, र गहुँ खेती गर्दछन् ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताबिक क्षेत्रमा सबै भन्दा बढि जनसंख्या मुसलमान समुदायको जम्मा १०२८१ (३१.५८%) रहेको छ । दोस्रो बढी जनसंख्या यादव समुदायको छ भने कुर्मी, थारु, पाशवान तथा अन्य समुदायको यस क्षेत्रमा बाहुल्यता ।

प्रस्ताव क्षेत्रमा ४२.७८% व्यक्ति साक्षर रहेको पाईयो । प्रस्ताव क्षेत्रमा खानेपानीको समस्या नै रहेको छ । यहाँको प्रमुख पानीको स्रोत भूमिगत पानी वा ट्युब वेल हो । त्येस्तैगरी प्रस्ताव क्षेत्रमा सडकको सुबिधा राम्रो नै रहेको मान्नु पर्दछ ।

प्रस्ताव क्षेत्रमा राष्ट्रिय प्रसार लाइनको विजुली वितरण गरिएको छ । बत्ति बाल्नको लागि अधिकांस परिवारले बिजुलीको प्रयोग गर्ने गर्दछन् । प्रस्ताब क्षेत्र हरुमा खान पकाउने मुख्य इन्धन दाउरा नै हो । दाउरा बाहेक एल.पि. ग्यास, मट्टीतेल र बिजुली पनि खान पकाउनको लागि प्रयोग गरिन्छ ।

प्रस्ताव क्षेत्रमा स्थानीय स्तरमा रहेको स्वस्थ चौकीको अलावा बजार क्षेत्रमा मेडिकल सेन्टरहरु पनी रहेको र उच्च स्तरको अस्पतालको लागि नेपालगंज बजार तथा काठमाडौं सम्म पुग्नुपर्ने हुन्छ ।

## सम्भाव्य असर र रोकथामका उपायहरु

- **फाइदाजनक असरहरु**

प्रस्तावित बालुवा, ढुँगा, ग्रावेल र गिट्टी आदिको उत्खननवाट हुने फाइदाहरु रोजगारीको सम्भंवाना, सीप र प्रविधिको विकास, बाटोको विकास, स्थानीय व्यापारमा बृध्दि, राजश्वमा बृध्दि तथा जल उत्पन्न प्रकोपमा कमि प्रमुख रहेको छ ।

- **विपरित असरहरु**

प्रस्ताव कार्यन्वयनवाट केहि वातावरणीय असरहरु पनि रहेका छन् जस मध्ये प्रमुख रुपमा कामदारहरु विच झैझगडा, बन्यजन्तु तथा वनस्पतिको ह्रास, स्थानीय भू बनोटमा हलचल, बायु तथा ध्वनि प्रदुषण, नदीको बहाव र कटान क्षेत्रमा परिवर्तन, ट्राफिकको समस्या, पेशागत स्वास्थ्य समस्या, वनजंगलको फडानी र अबैध चोरी-पैठारी इत्यादी मुख्य रहेका छन् ।

## रोकथामका उपायहरु

प्रस्तावित कार्य नदीको बहावलाई असर पुग्ने गरी गरिने छैन। उत्खननका कामहरु वरपर थुप्रिएका बालुवा, ढुँगा, ग्रावेल, र गिट्टीबाट गरिने छ । ठुला ठुला खाल्डाहरु खनिने छैन् र खनिएकाहरु पनि व्यवस्थित गरिने छ । उत्खनन कार्यको समय-समयमा संबन्धित निकायवाट निरिक्षण गरिने छ । ठुला ठुला मेसिन औझारहरु जस्तै डोजर एक्जाभेटर प्रयोगमा रोक लगाइनेछ र वन्य जन्तुको सिकारलाई रोक लगाइनेछ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र क्षवाली प्रमुख प्रशासकीय अधिकृत

## वातावरणीय व्यवस्थापन योजना र अनुगमन

सरोकारवालाहरुको जिम्मेवारी, समय तालिका र बजेट लाई कार्य योजनामा प्रस्ट रुपमा समवेस गरिएको छ। यो कार्य योजनालाई कार्यन्वयन गराउनुमा जिल्ला समन्वय समिति, गाउँपालिका, नदी प्रयोगकर्ता समुह, कन्ट्राक्टर र कामदारहरु प्रमुख जिम्मेवार हुन् । वातावरणीय व्यवस्थापन कार्य-योजना र अनुगमनका सूचकहरुलाई प्रस्ट रुपमा यो रिपोर्टमा राखिएको छ । सम्बन्धित निकायले यसको समयानुसार निरिक्षण गर्ने छ।

## निष्कर्ष तथा सुझावहरु

यो प्रस्तावको कार्यान्वयनवाट वातावरणीय नकारात्मक प्रभाव भन्दा सकारात्मक/फाइदाजनक प्रभाव बढि देखियको हुदाँ प्रभावहरूलाई न्युनिकरण गर्ने सर्तमा प्रस्तावलाई अनुमोदनको लागि सिफारिश गरिन्छ ।

जिल्ला समन्वय समिति
बाँके
२०७४

८८८१
शाखा अधिकृत

डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके
५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-१

**१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना .**

**१.१ प्रस्तावकको नाम र ठेगाना (Name and Address of Proponent)**

**डुडुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
वनकट्टी, बाँके
फोन नं: ०८१६२०५३०
इमेल: duduwagaupalika@gmail.com
www. duduwamun.gov.np

**१.२ प्रतिवेदन तयार पर्ने संस्था वा व्यक्ति (Agency Preparing IEE Report)**

आदि कन्सल्ट प्रा.लि.
किर्तिपुर, काठमाडौं
फोन: ०१४३३०१४३, ९८५११५५३५८
इमेल: eetadi@gmail.com

**१.३ अध्ययनमा संग्लन व्यक्तिहरु/विशेषज्ञ (Expert Team)**

**तालिका 1: अध्ययनमा संलग्न व्यक्तिहरु/ बिशेषज्ञहरु**

| सि.नं. | व्यक्ति/बिशेषज्ञ | जिम्मेवारी | योग्यता |
|---|---|---|---|
| १. | अनन्त कुमार कार्की | वातावरणबिद | एम. फिल. इन्भायरोमेन्ट टेक्नोलोजी |
| २. | अनिल के.सी. | जैविक बिद | एम. एस. इन्भायरोमेन्ट साइन्स |
| ३. | प्रकाश चन्द्र पौडेल | सामाजिक-अर्थबिद | एम.ए. इकोनोमिक्स |
| ४. | सुदिप शर्मा | भूगर्भविद् | एम. एस. जियोलोजी |

जिल्ला समन्वय समिति बाँके २०५४

८८५
शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-२

## २. प्रस्तावको विवरण (Description of the Proposal)

### २.१ प्रस्तावको परिचय (Introduction)

खोला-नाला तथा वरपरको क्षेत्रहरु ढुगां वालुवा र गिट्टिका प्रमुख श्रोतहरु हुन् । यी वस्तुहरु घर, पुल, अपार्टमेन्ट, उद्धयोग तथा सडक निर्माण मा प्रशस्त मात्रामा प्रयोग हुन्छन् । यी वस्तुहरु गाउँपालिकाको आय श्रोत पनि हुन् । यस कार्यले गाउँपालिका को राजश्व संकलनमा बृध्दि गर्दछ । यस वाहेक धैरै वर्गका व्यक्तिहरुले रोजगारी पनि पाउने गर्दछ । स्थानिय स्तरमा मानिसहरु ले चिया पसल होटल र किराना पसल संचालन गरेर पनि आफ्नो आय बृध्दि गर्न सक्छन् ।

देशमा आएको विकासको लहर सँगै विभिन्न ठाउहरुमा पक्की घर पुल तथा सडक बनाउने कार्यले यस्ता ढुँगा, वालुवा र गिट्टी को मागलाई दिन-प्रतिदिन बढाउदै गएको देखिन्छ । उत्खनन कार्यबाट विभिन्न थरिका आर्थिक तथा सामाजिक फाइदाहरु छन् तर संगसँगै विभिन्न थरिका वातावरणीय तथा सामाजिक वेफाइदाहरु पनि छन् । यस्ता समस्याहरु त्यो वेला आउँदछन्, जुनवेला उत्खनन् कार्य चाहिने भन्दा बढी गर्न थालिन्छ । उत्खनन तथा प्राकृतिक रुपमा सिर्जन भइरहेको यी बस्तुहरु वीच कार्यवीधी तालमेल हुनु आवश्यक हुन्छ अन्यथा उत्खनन कार्यले स्थानीय परिस्थतिक प्रणालीमा नकारात्मक प्रभाव पर्नेछ ।

उत्खनन कार्यको दुवै विरोध तथा समर्थन हुने गरेको देखिन्छ । केहि व्यक्तिहरुले खोला नालामा अव्यवस्थित रुपमा प्रयोगहीन रहेको ढुँगा, वालुवा र गिट्टि निकालेर गाउँपालिकाको राजश्व संकलन कार्यलाई बृध्दि गरी गाउपालिकामा विकासका कार्यलाई निरन्तरता/बृध्दि गर्नु पर्छ भन्ने तर्क राख्दछन् भने अर्को समुहले यस्ता कार्यबाट स्थानीय वातावरणमा प्रभाव पर्ने हँदा तुरुन्त रोक्नु पर्ने तर्क राख्दछन् । यस्तै वाद-विवादले यो उत्खनन् कार्य अहिले राष्ट्रिय स्तरको मुद्दाको विषय बनेको छ र सरकारले पनि यसलाई प्राथमितामा राखेर हेर्ने गरेको छ ।

यस कार्यलाई व्यवस्थित बनाउन नेपाल सरकारले उत्खनन् पूर्व खोलानालाको वातावरणीय प्रभाव मूल्याकन वा प्रारम्भिक वातावरणीय परीक्षण कार्यलाई अगाडी बढाएको छ । यस अध्ययन कार्यबाट नकारात्मक प्रभाव घट्न गई सकरात्मक प्रभाव बढ्ने देखिन्छ । यसै कुरालाई मनन गरी तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्राचारको आधारमा डुड्वा गाउपालिका बाँकेले गाउँपालिका भएर बग्ने राप्ती नदी र डुड्वा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) लाई अगाडी बढाएको छ । यसै सन्दर्भमा स्वीकृत प्राप्त कार्य सुचीको आधारमा यो प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार पारी सम्बन्धित जिल्ला समन्वय समितिमा स्वीकृतको लागि पेश गरिएको छ ।

शाखा अधिकृत

डुड्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## २.२ प्रस्तावले दिने वस्तुको प्रकृति र प्रकार (Types of Materials)

प्रस्तावित क्षेत्र प्रमुख रुपमा वालुवाको लागी निकैनै महत्वपूर्ण रहेको छ । यी वस्तुहरु डुडुवा गाउँपालिका बाँके को प्रमुख आयश्रोत हुन सक्छन् । यी वस्तुहरुको विक्री मार्फत उठेको रकम राजश्वबाट गाउँपालिकाको अन्य विकास कार्यहरुमा उपयोग गर्न सकिन्छ । तथापि, यि वस्तुहरुको दिगो उत्खननको आवश्यकता देखिन्छ जसबाट खोलाको परिस्थतिमा कुनै प्रकारको नकारात्मक प्रभाव नपरोस् । यो प्रस्तावित प्रस्तावाले राप्ती नदी र डुडुवा खोलाको विभिन्न क्षेत्रहरुको वालुवा, ढुँगा, ग्राभेल तथा गिट्टी उत्खनन र विक्री वितरण कार्यलाई सहज र वातावरण मैत्री बनाउने छ ।

## २.३ प्रस्ताव क्षेत्र र क्षमता (Proposed location and Capacity)

यस प्रस्तावमा डुडुवा गाउँपालिकाको राप्ती नदी र डुडुवा खोलाहरुबाट ढुँगा, वालुवा र गिट्टी संकलन तथा उत्खनन गराउने लक्ष्य लिईएको छ । खोला नालाहरु नागवेली रुपमा वग्ने गर्दछन् जस्ले गर्दा यसले विभिन्न वडा लाई छुने गर्दछ । यस अध्ययन कार्यमा प्रस्तावित खोलाले पूर्ण वा आंशिक रुपमा छोएको वडाहरुलाई ZOI (zone of influence) को रुपमा लिइएको छ । राप्ती खोला प्युठान जिल्लावाट उत्पत्ति भई डुडुवा गा.पा. वडा नं ५, ४, ३, २, र १ साविक क्रमसः कम्दी, बनकट्टी, बेतहनी र होलिया गा.वि.स. हुदै दक्षिणमा भारतको उत्तरप्रदेश प्रवेश गर्दछ । राप्ती नदी र डुडुवा खोलाको प्रस्तावित उत्खनन् गरिने क्षेत्रहरु डुडुवा गा. पा. वडा नं. १, २, ३, ४ र ५ मा अवस्थित छन । प्रस्तावित क्षेत्रको क्षेत्र र क्षमताको विवरणलाई तल उल्लेखित तालिका नं. २ मा प्रस्टरुपमा राखिएको छ । प्रस्ताव गरिएका क्षेत्रहरुबाट वर्षाको समय वाहेक अन्य सम्पुर्ण दिनहरुमा उत्खनन कार्य गर्न सकिने छ ।

**तालिका 2: प्रस्ताव क्षेत्र र क्षमता**

| खोला | गा.पा. | संकलन क्षेत्र नं. | उत्खनन गरिने क्षेत्र को भौगोलिक अवस्थिति | अनुमानित परिमाण |
|---|---|---|---|---|
| डुडुवा खोला | डुडुवा गा.पा. १. | १. | खडैचा- पिपरहवा गाउँ नजिक<br>27°59'7.02"N,<br>81°43'11.75"E | लम्बाई: करिब १.० कि.मी.<br>चौडाई: सरदर १०० मी.<br>गहिराई: अनुमानित २ मी.<br>अनुमानित परिमाण: २,००,००० घन. मी., |
| राप्ती नदी | डुडुवा गा.पा. २. | २. | दासपुरवा-रामनगर गाउँ नजिक,<br>28° 1'4.56"N,<br>81°44'26.23"E | लम्बाई: करिब १.५ कि.मी.<br>चौडाई: सरदर १५० मी.<br>गहिराई: अनुमानित २ मी.<br>अनुमानित परिमाण: ४,५०,००० घन मी |



लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

| खोला | गा.पा. | संकलन क्षेत्र नं. | उत्खनन गरिने क्षेत्र को भौगोलिक अवस्थिति | अनुमानित परिमाण |
|---|---|---|---|---|
| राप्ती नदी | डुडुवा गा.पा. ३. | ३. | रामपुरवा-कटैया गाउँ नजिक 28° 2'25.12" उ, 81°44'3.18" पू | लम्बाई: करिब २.० कि.मी.<br>चौडाई: सरदर २०० मी.<br>गहिराई: अनुमानित २ मी.<br>अनुमानित परिमाण: ८,००,००० घन मी. |
| राप्ती नदी | डुडुवा गा.पा. ४. | ४. | सिंधनिया घाट आसपास 28° 3'34.32"N 81°43'4.88"E | लम्बाई: करिब २०० मी.<br>चौडाई: सरदर १०० मी.<br>गहिराई: अनुमानित १.५ मी.<br>अनुमानित परिमाण: ३०,००० घन. मी., |
| राप्ती नदी | डुडुवा गा.पा. ५. | ५. | खजुरा गौडी गाउँ नजिक: 28° 05'14" N, 81°43'58.35" E | लम्बाई: करिब १०० मी.<br>चौडाई: सरदर १०० मी.<br>गहिराई: अनुमानित १.५ मी.<br>अनुमानित परिमाण: १५००० घन. मी., |
| **जम्मा उत्खनन योग्य वालुवाको परिमाण** | | | | **१४,९५,००० घन. मी.,** |

(नोटः माथि उल्लेखित क्षमता विवरण क्षेत्रगत सर्भे र स्थानिय वासिन्दाहरु संगको छलफलबाट निकालिएको हुदा परीवर्तनशील हुनसक्छन ।)

**तालिका 3: प्रस्ताव क्षेत्रवाट संकलन गरिने परिमाण**

| खोला | गा.पा. | संकलन क्षेत्र नं. | उत्खनन गरिने क्षेत्र को भौगोलिक अवस्थिति | संकलन गरिने परिमाण (घन.मी.) | उत्खनन गरिने अधिकतम गहिराई (मी) |
|---|---|---|---|---|---|
| डुडुवा खोला | डुडुवा गा.पा. १. | १. | खडैचा- पिपरहवा गाउँ नजिक 27°59'7.02"N, 81°43'11.75"E | १०,००० घन मी., | सरदर १.५ |
| राप्ती नदी | डुडुवा गा.पा. २. | २. | दासपुरवा-रामनगर गाउँ नजिक, 28° 1'4.56"N, 81°44'26.23"E | १४,५०० घन मी., | सरदर १.५ |
| राप्ती नदी | डुडुवा गा.पा. ३. | ३. | रामपुरवा-कटैया गाउँ नजिक 28° 2'25.12"N, 81°44'3.18" E | ३५,००० घन मी., | सरदर १.५ |
| राप्ती नदी | डुडुवा गा.पा. ४. | ४. | सिंधनिया घाट आसपास 28° 3'34.32"N, 81°43'4.88"E | ५००० घन मी., | सरदर १.५ |
| राप्ती नदी | डुडुवा गा.पा. ५. | ५. | खजुरा गौडी गाउँ नजिक: 28° 05'14" N, 81°43'58.35" E | ३००० घन मी., | सरदर १.५ |
| **सम्पूर्ण क्षेत्रवाट जम्मा उत्खनन गर्न सकिने वालुवाको परिमाण (२५० घन मी., प्रति दिनका दरले वर्षको २७० दिन मात्र संकलन गर्न सकिने)** | | | | **६७,५०० घन. मी.,** | |



शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत




तस्बिर 1: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको टोपोग्राफिक नक्सा

शाखा अधिकृत

डुडुवा गाउँपालिका

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## २.४ प्रस्तावको कार्यन्वयन वाट उत्सृजन हुने वस्तु (Types of By-products)

उत्खनन्को वेला स्थानिय वातावरणमा विभिन्न किसिमका फोहर पदार्थको उत्सृजन हुने देखिन्छ जुन यस प्रकार रहेको छ ।

**क) ठोस:** उत्खनन् कार्यले नगण्य मात्राम अन्य ठोस वस्तुको उसृजन गर्नेछ (खन्नेवेला) जसलाई खोला वरिपरिको क्षेत्रमा रहेको खाल्टाखुल्टी भर्ने कार्यमा प्रयोग गरिने छ ।

**ख) तरलः** खोलाभित्र उत्खनन् कार्य गर्दा खोला धमिलो हुन्छ । यसले जलचर प्रणीको देखाइमा प्रभाव पार्नेछ । साथै ट्रक र ट्र्याक्टरबाट निस्कने मोविल र डीजलले पनि खोलालाई प्रदुषित बनाउन सक्नेछ ।

**ग) ध्वनिः** ढुगाँ, वालुवा र गिट्टिको लोड गर्ने तथा ढुवानीको क्रममा गुड्ने ट्रक र ट्याक्टरले स्थानीय स्तरमा ध्वनी प्रदुषण गर्ने देखिन्छ ।

**घ) धुलोः** ढुगाँ, वालुवा र गिट्टिको लोड गर्ने तथा ढुवानीको क्रममा गुड्ने ट्रक र ट्याक्टरले स्थानीय स्तरमा बायू प्रदुषण गर्ने देखिन्छ । गाडीको धुवाँबाट पनि वातावरण प्रदुषित हुने देखिन्छ ।

## २.५ प्रारम्भिक वातावरणीय परिक्षणको उद्देश्य (Objective of IEE)

यस प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य प्रस्ताव कार्यन्वयनबाट प्रस्तावित क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण माथि पर्ने प्रभावको निक्यौंल गर्नु हो । केहि अन्य उद्देश्यहरु यस प्रकार रहेका छन्. ।

क) प्रस्ताव कार्यन्वयनबाट पर्ने सक्ने जैविक, भौतिक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण माथिको प्रभावकारी निक्यौंल ।
ख) व्यबहारिक र क्षेत्र सुहाउदो वातावरणीय असरको रोकथामको उपाय सुझाव दिनु ।
ग) वातावरणीय अनुगमन योजना तयार पार्ने तथा लागु गर्ने ।
घ) प्रस्ताव प्रस्तावित कार्यको लागि उपयुक्त छ भन्ने सुनिश्चितता गर्नु ।

## २.६ प्रस्तावको उद्देश्य (Objective of the Proposal)

यो प्रस्तावको प्रमुख उद्देश्य बाँके जिल्लाको राप्ती नदी र डुडुवा खोलाहरुबाट दिगो रुपमा ढुँगा, वालुवा तथा गिट्टि उत्खनन गर्नु हो । अन्य उद्देश्यहरु यस प्रकार रहेको छन् ।

क) नदी कटान र बाढीजन्य प्रकोपबाट नदीलाई सुनिश्चितता गर्नु ।
ख) स्थानीय साधान/स्रोतको सही उपयोगबाट सामाजिक र आर्थिक विकासमा जोड दिनु ।
ग) गाउँपालिका को आर्थिक संकलनमा बृध्दि गर्नु ।

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## २.७ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययनको औचित्य (Justification of IEE)

वातावरण संमरक्षण ऐन २०५३ को दफा ३ र वातावरण संमरक्षण नियमावलीको नियम ३ ले अनुसूची-१ मा दिएको प्रस्तावहरुको हकमा प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्ने प्रस्ताव राखेको छ । सोहि नियमको अनुसूची-१ अनुरुप यस प्रस्तावको IEE गरिएको हो । यो प्रतिवेदन अनुमति प्राप्त कार्य सुचीको आधारमा तयार पारिएको छ ।

## २.८ प्रस्तावित प्रस्तावको मुख्य विवरणहरु (Salient features of the proposal)

प्रस्तावित प्रस्तावको मुख्य विरणहरु यस प्रकार रहेका छन् ।

**तालिका 4: प्रस्तावित प्रस्तावको मुख्य विवरणहरु**

| | |
|---|---|
| प्रस्तावको नाम | डुडुवा गाउँपालिकाको राप्ती नदी र डुडुवा खोलाबाट दिगो रुपमा, वालुवा तथा गिट्टीको उत्खनन्को लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन |
| खोलाको नाम | राप्ती नदी र डुडुवा खोला |
| खोला नाला क्षेत्र | डुडुवा गाउँपालिका को १,२,३, ४ र ५ नं वडा क्षेत्र साविक होलिया, बेतहनी, बनकट्टी र कम्दी गा.वि.स. |
| जिल्ला | बाँके |
| अञ्चल | राप्ती |
| भौगोलिक क्षेत्र | तराई |
| उचाइको अवस्था | १०० मि. देखि १५० मि. सम्म |
| भूमि प्रयोग | खेतीयोग्य जमिन, बगर, घासेमैदान, बस्ति क्षेत्र |
| उत्खनन/संकलन प्रकार | हाते संकलन, मिनी ट्रक, टिपर तथा ट्र्याक्टर |
| संकलन समय | दिउँसो (उज्यालो समय भित्र) |
| दैनिक संकलन परिणाम | बढीमा २५० घन मि. |
| प्रस्ताव क्रीयाकलाप | उत्खनन क्षेत्रमा रहेका बस्तुहरु हटाउने, अस्थायी झोपडी निर्माण, पहुँच सडकको निर्माण, खोलाको किनारावाट बाट उत्खनन्, उत्खनन् गरिएको वस्तुको वेचविखन |
| वस्तु | वालुवा, गिट्टी, ढुँगा, ग्राभेल |

स्रोतः क्षेत्रगत सर्भे, २०७५

## २.९ प्रस्तावित क्षेत्रमा यातायातको पहुँच (Accessibility)

प्रस्ताव क्षेत्र नेपालगंज वाट करिब १५ देखि १७ कि.मी. पुर्वमा अवस्थित छ । यस क्षेत्रमा पहुँचको लागि मुख्य सडकमा पुरैना-बैतहनी (करिव १५ कि. मी.) सडक र राप्ती राजमार्गहरु रहेको छ जसवाट प्रस्ताव क्षेत्र पुग्न को लागि बिभिन्न शाखा सडक हरु प्रयोग गर्न सकिन्छ । मुख्य सडक बाहेक यी सबै साखा सडकहरू कच्ची भएकाले वर्षा को समयमा ढुवानी गर्न समस्या हुने गर्दछ ।

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## २.१० प्रस्ताव क्षेत्र निर्धारण (Delineation of Zone of Influence)

प्रस्तावित क्षेत्रलाई प्रभावको आधारमा निम्न बमोजिम भागमा बाडिएको छ ।

क) प्रभाव पार्ने सक्ने क्षेत्र (Zone of Influence): डुडुवा गाउँपालिकाको सम्पूर्ण क्षेत्र ।

ख) प्रत्यक्ष प्रभाव क्षेत्र (Direct Impact Area): यस अन्तर्गत उत्खनन हुने सम्पूर्ण क्षेत्रहरु पर्दछ ।

ग) अप्रत्यक्ष प्रभाव क्षेत्र (Indirect Impact Area): यस अन्तर्गत प्रत्यक्ष प्रभाव क्षेत्र पर्ने सम्पूर्ण वडाहरु । उत्खन्न कार्य हुने ठाउँ नजिकैको जंगल र बस्ति पनि यस अन्तर्गत पर्दछ ।

## २.११ संकलन/उत्खनन र ढुवानीकार्य विधि (Collection/Extraction and Transportation Activities and Methods)

प्रस्तावित राप्ती नदी र डुडुवा खोलाको बगर क्षेत्रबाट दिगो रुपमा वालुवा, गिट्टी, ढुँगा, ग्राभेलको संकलन/उत्खनन गर्दा मुख्यतया निम्न तरिकाहरु अपनाइने छ ।

- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र वालुवा, ढुँगा, गिट्टी र ग्राभेलको संकलन/उत्खनन गर्ने ।
- वातावरणीय हिसाबले संबेदनशील क्षेत्रहरु जस्तै पूल, कल्भर्ट, कुलो, खानेपानीको मुहान तथा कुवा र पहिरो क्षेत्र आदि वरिपरिबाट श्रोत बस्तु संकलन/उत्खनन नगर्ने, त्यस्ता संबेदनशील क्षेत्रहरु वाट संकलन गर्दा नेपाल सरकारले तोकेको मापदण्ड भित्र रहेर मात्र उत्खनन गर्ने ।
- नदी कटान हुन सक्ने स्थानमा ग्याबियन वालको निर्माण गर्ने ।
- नदीमा पानी भैरहेको वा वगिरहेको क्षेत्रमा संकलन/उत्खनन नगर्ने ।
- नदीको धार (प्राकृतिक बहाव) परिवर्तन हुने गरी संकलन/उत्खनन नगर्ने ।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी संकलन/उत्खनन नगर्ने ।
- उत्खनन कार्यको लागि कामदार वा ब्यक्ति बाट सामान्य औजारको प्रयोगबाट उत्खनन गर्ने, ठुला ठुला मेशिनरी औझार जस्तै डोजर र स्काभेटर प्रयोग निषेध गर्ने ।
- तोकिएको ठाउँहरुमा तोकिएको परिणाम भन्दा बढी र सरदर १.५ मी. भन्दा ठुला खाडलहरू नबनाउने ।
- प्रस्ताव गरिएका क्षेत्रहरुबाट वर्षाको समय वाहेक अन्य सम्पुर्ण दिनहरुमा उत्खनन कार्य गर्न सकिने छ ।
- संकलन/उत्खनन कार्य दिउँसोको समयमा मात्र गर्ने ।
- ढुवानीको हकमा ट्रयाक्टर, टिपरहरु प्रयोग गर्ने ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## अध्याय-३

## ३. प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको लागि अवलम्बन गरिने तरिका (Study Methodology)

यो अध्ययन वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ अन्तर्गत रहेर अगाडी बढाइएको छ । यस अध्ययन कार्यको लागि National Environmental Impact Assessment Guideline १९९३ र स्थानिय सरकार संचालन ऐन २०७४ लाई समेत ध्यानमा राखिएको छ । अध्ययनको लागि अवलम्वन गरिएको तरिकाहरु यस प्रकार रहेका छन् ।

### ३.१ डेस्क अध्ययन (Desk Study)

अध्ययनसँग सम्बन्धित अन्य विभिन्न प्रतिवेदन हरुलाई यस अध्ययनकार्यको लागि अध्ययन गरिएको छ । प्रकाशित/अप्रकाशित प्रतिवेदन लाई समेत प्राथमिकता दिइएको छ । यस कार्यवाट दोश्रो स्तरको तथ्यहरु संकलन गर्न सजिलो भएको छ । प्रस्ताव श्रेत्र निर्धारण तथा चेकलिस्ट बनाउने कार्य डेस्क अध्ययनको समयमा गरियो ।

### ३.२ स्थलगत अध्ययन (Field Study)

कार्यसूचिमा उल्लेख गरिए अनुसारको विशेषज्ञ टोली सो कार्य क्षेत्रमा गई भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सास्कृतिक वातावरण माथि पर्ने प्रभावको तथ्याङ्कहरुको संकलन कार्य गरियो तथा डेस्क अध्ययनमा गरिएको तथ्याङ्कहरुसंग तालमेल गरियो । विशेषज्ञ टोलीहरद्धारा सम्बन्धित वडा का प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, स्थानिय क्लब, सामाजिक संस्था, नागरिक समाज र पार्टीका प्रतिनिधिहरुसंग भेटघाट तथा तथ्याङ्कन कार्य गरियो । यसका साथै प्रश्नावली मार्फत, विशेष समूह छलफल तथा नागरिक संगको छलफलबाट पनि तथ्याङ्क संकलन कार्य गरियो । नागरिक संगको भेटघाट र छलफल प्रतिनिधि ठाउँहरुमा गरियो र मायन्युटिङ कार्य गरियो जसलाई अनुसूचि ४ मा प्रष्ट रुपमा राखिएको छ । अध्ययन क्षेत्र अवलोकनको वेला विभिन्न नक्साको प्रयोग तथा फोटोहरु खिच्ने काम गरियो । आधारभूत तथ्याङ्कहरुको संकलनलाई भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण माथि जोड दिइयो । अध्ययनमा प्रयोग गरिएको चेकलिस्ट प्रश्नवलीलाई अनुसूचि ६ मा प्रष्ट रुपमा राखिएको छ ।

### ३.३ नागरिकसंगको छलफल (Public Consultation)

नागरिकसंगको छलफल तथा सोधपुछ निकैनै महत्वपूर्ण रहेको हुन्छ । यस्ले प्राप्त तथ्याङ्कको गुणस्तरमा सकरात्मक प्रभाव पार्दछ । साथै यस्ले स्थानीय जनस्तरको भावनाहरुलाई पनि समेत मध्यनजर गरिएको कुरालाई प्रमाणित गर्दछ । प्रारम्भिक वातावणीय परीक्षण टोलीले प्रस्ताव प्रभावित क्षेत्रमा गई सरोकारवालाहरु संग भेटेरै स्थानीय स्तरमा अन्तरक्रीया कार्यक्रमको आयोजना गर्यो ।

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके
५ नं. प्रदेश, नेपाल

यसमा स्थानिय वासिन्दा, शिक्षक, समाजसेवी, राजनितिक प्रतिनिधि तथा सम्बन्धित वडा का प्रतिनिधिहरुको सहभागिता रहेको थियो । अन्तरक्रीया कार्यक्रममा अधिकाँश सहभागिले प्रस्ताव कार्यान्वयनबाट वातावरण र बन जंगलमा नकारात्मक प्रभाब पर्न नहुने मा जोड दिए । यसका साथै प्रस्तावको ठेक्का–पट्टा, उत्खनन् र ढुवानी कार्यमा स्थानिय लाई ग्राहेता दिनु पर्ने, ठेक्का बाट प्राप्त राजश्वको केहि अंश गाउँको विकास कार्यमा खर्चनुपर्ने तथा नजिकैको सामुदायिक बनलाई समेत प्रदान गर्नुपर्ने माग अघि सारे । अन्तरक्रीया कार्यक्रमको मायन्युट अनुसूचि ४ तथा सम्बन्धित सरोकारवाला वाट प्राप्त पत्रहरु अनुसूचि ५ मा राखिएको छ ।

### ३.४ सूचना प्रकाशन (Publication of Public Notice)

वातावरणीय संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियामावली २०५४ अनुसार प्रस्तावित प्रस्ताव उपर सम्बन्धीत वडा तथा अन्य सरोकारवाला को सल्लाह सुझाव संकलन गर्ने हेतुले नयाँपत्रिका राष्ट्रिय दैनिक समाचारपत्रमा २०७५-०७-२६ मा सूचना प्रकाशित गरियो । उक्त सूचनाको अर्धकट्टी प्रभावित क्षेत्रको विभिन्न सार्वजनिक ठाउँहरुमा टाँस गरी मुचुल्का उठाउने कार्य गरियो जसलाई अनुसूचि ३ राखिएको छ ।

### ३.५ उपलब्ध सुचनाको संकलन, एकत्रिकरण र प्रभाव निर्क्योल तथा मुल्यांकन (Data collection, Impact Prediction and Evaluation)

प्रभाव क्षेत्रबाट प्राप्त आकँडाहरुलाई भौतिक, जैविक र सामाजिक आर्थिक ताथ सांस्कृतिक वातावरणको आधारमा विश्लेषण गरिएको छ । दोस्रो स्रोतवाट प्राप्त तथ्यले पहिलो स्रोत तथ्य हरुलाई जाँच पर्ताल गर्न सहयोग गर्दछ । प्रथम तथा दोस्रो स्रोतबाट प्राप्त तथ्यांकहरुलाई प्राथमिकताको आधारमा तालिकामा राखिएको छ । प्राप्त तथ्यांकको आधारमा प्रभावहरुलाई स्थानीय वातावरणमा भविष्यमा पर्ने सक्ने असरलाई भविष्यवाणी गर्न खोजिएको छ । प्रभाव निर्क्योल गर्नका लागि विभिन्न तरीकाहरु प्रयोग गरिएका छन्, जस अन्तर्गत कारक र कारण सम्बन्ध, विशेषज्ञको निर्णय/सल्लाह हरु छन् । यसरि निर्क्योल गरिएका वातावरणीय असरहरुलाई तल दिइएको तालिका बमोजिम मुल्यांकन गरिन्छ । मुल्यांक ४५ भन्दा कम हुने असरलाई नगन्य असरको रुपमा बर्गिकरण गरिन्छ । त्यस्तैगरी ४५-७५ सम्म लाई सार्थक असर र ७५ भन्दा बढी मुल्यांकन भएको असरहरुलाई अति सार्थक असरको रुपमा बर्गिकरण गरिन्छ ।

### ३.६ रोकथामका उपाय तथा अनुगमन योजना (Mitigation Measures and Monitoring Arrangement)

अनुमानित प्रभाव त्यसको प्रकार र प्रभावको गहिराइको आधारमा रोकथामका उपायहरुलाई प्रस्तुत गरिएको छ । सत्य तथ्यप्रदक उपायहरुलाई रोकथामको लागि अवलम्वन गरिएको छ । यसैगरी



शाखा अधिकृत
डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश
लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावित रोकथामक उपायहरुको कार्यान्यनको सुनिस्चितताको लागि अनुगमन योजनाको तर्जुमा गरियो तथा विभिन्न सरोकारवालाहरु सम्मिलित अनुगमन संयन्त्र पनि प्रस्ताब गरिएको छ ।

### ३.७ अन्तिम प्रतिवेदनको तयारी र पेश (Report preparation and Submission)

यो प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन टोली प्रमुख द्वारा टोली विशेषज्ञको सहयोगमा तयार पारी सम्बन्धित जिल्ला समन्वय समितिमा स्विकृतीको लागि पेश गरिएको छ ।

### ३.८ सूचना सम्प्रेषण (Information Dissimination)

प्रस्तावित प्रस्ताव तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सूचनाहरु मानिसको सम्पर्क, अन्तवार्ता, समूह छलफल मार्फत जानकारी गराइयो । स्थानिय निकाय तथा संघसंस्थाहरु लाई पत्रिकामा प्रकाशित सूचनाहरु पठाई तथा टाँसगरि जानकारी गराइयो । स्थानिय संघसंस्था तथा निकाय अन्तर्गत वडा कार्यालय स्थानिय गैर-सरकारी संस्था, स्वास्थ्य चौकी, विद्यालयलाई जानकारी गराइयो । यी संस्थाहरुमा टाँस गरिएको सूचनाको प्रमाण अनुसूची ३ मा राखिएको छ । साथै यी संस्थाहरुवाट प्राप्त सम्वन्धित पत्रहरु अनुसूची ५ मा राखिएको छ । अन्तमा, जिल्ला समन्वय समितिवाट पारित भैसकेको प्रतिवेदन गाउँपालिका, जिल्ला समन्वय समितिमा बाँके र सम्बन्धित मन्त्रालयवाट प्राप्त गर्न सकिने छ ।

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-४

## ४. नीतिगत तथा कानुनी व्यवस्थाको समिक्षा (Review of Acts, Policies, Regulations and Guidelines)

यस प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा विभिन्न नीतिगत तथा कानुनी व्यवस्थाको समीक्षा गरीयो । प्रस्तावसंग सम्बन्धीत आवश्यक सबै नीति तथा ऐन, कार्यविधिहरुको अध्ययन गरिएको छ । केहि नीति तथा ऐनहरु यस प्रकार रहेका छन् ।

### ४.१ संबिधान (Constitution)

#### ४.१.१ नेपालको संविधान २०७२ (The Constitution of Nepal, 2015)

नेपालको संविधान २०७२ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक लाई मौलिक हकको रुपमा परिभाषित गरेको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ । नेपालको संविधान २०७२ ले वातावरण संरक्षणलाई राज्यको नीतिको रुपमा परिभाषित गरेको छ । सबिधानको भाग ४ बुदा ५१ को राज्यका नीतिहरू अन्तर्गत प्रकृतिक साधन स्रोतको संरक्षण, संबर्धन र उपयोग संबन्धित नीति अन्तर्गत राष्ट्रिय हित अनुकुल तथा अन्तर-पुस्ता समन्वयको मान्यतालाई अत्मसाथ गर्दै देशमा उपलब्ध प्रकृतिक स्रोतसाधनको संरक्षण, सम्बर्धन र बाताबरण अनुकुल दिगो रूपमा उपयोग गर्ने र स्थानिय समुदायलाइ प्राथमिकता र अग्राधिकार दिदै प्रतिफलहरूको न्यायोचित बितरणा गर्ने, राज्यले स्थानीय वातावरणलाई जोगाउन जनचेतना मुलक कार्यक्रम संचालन गर्नेछ । राज्यले प्राकृतिक स्रोतको व्यवस्थापन सहित दिगो उपयोग सम्बन्धी चर्चा गरेको छ ।

### ४.२ ऐन (Acts)

#### ४.२.१ वातावरणीय संरक्षण ऐन, २०५३

वातावरण समस्याहरु निम्त्याउने जनुसुकै प्रस्तावले प्रस्ताव सुरु गर्नु पूर्व प्रकृति हेरी प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुरालाई जोड दिएको छ । ऐनको परिच्छेद ३ को अनुसूचि-१ मा राखिएका प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण तथा अनुसूचि-२ को लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । परिच्छेद-५ अनुसार कार्यसूचीको अनुमति लिनुपर्ने व्यवस्था रहेको छ ।

#### ४.२.२ भू-तथा जलाधार संरक्षँण ऐन, २०३९

यस ऐनको परिच्छेद ३ ले सरकारलाई राज्यको जुनसुकै क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको छ र परिच्छेद-४ ले जलाधार संरक्षण अधिकृतलाई त्यसको संरक्षण, सम्बद्र्धन तथा



लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत
डुडुवा गाउँपालिका
वनकट्टी, ५ नं. प्रदेश

विकासको लागि आधिकारिक व्यक्ति तोकेको छ । परिच्छेद १० ले खोलानालामा कुनै प्रकारको क्रियाकलाप गर्नु पूर्व जलाधार संरक्षण अधिकृतसँग अनुमति लिनु पर्ने व्यवस्था गरेको छ ।

### ४.२.३ जल जीव संरक्षण ऐन, २०२४

यस जल जीव संरक्षण ऐन तथा पहिलो संशोधन २०५४ ले जीवहरुको प्राकृतिक रुपमा बस्ने अधिकारलाई सुनिश्चित गरेको छ । साथै कुनै क्रियाकलाप गर्दा तीनीहरुको संरक्षण गर्नु पर्ने कुरालाई अगाडी बढाएको छ । परिच्छेद ४ 'क' ४ 'ख' र ५ ले पानी जन्य जीवलाई समात्ने, मार्ने, चोटपटक पुर्याउने कामलाई सरकारी स्तरबाट रोक्नु पर्ने कुरा जनाउँछ ।

### ४.२.४ बाल मजदुर निषेध तथा कार्यविधि ऐन, २०५६

यो ऐनले नेपालबाट बाल मजदुर हटाउने कुरालाई अघि सारेको छ । दफा २ (क) अनुसार १६ वर्ष मूनिको लाई बालबालिकाको रुपमा परिभाषित गरेको छ र उनीहरुलाई सार्वजनिक यातायात, निर्माण जस्ता काममा रोक लागाएको छ, तथापि सामान्य काममा खट्न सक्ने प्रावधान रहेको छ । दफा ३ ले १४ वर्ष मूनिको बालबालिकालाई जुनसुकै काममा बन्देज लगाएको छ ।

### ४.२.५ स्थानीय सरकार संचालन ऐन, २०७४

यस ऐनले स्थानीय निकायलाई आफ्नो क्षेत्र वरपर रहेको प्राकृतिक स्रोत साधनको संरक्षण तथा उपयोगमा जोड दिएको छ । दफा ११ घ(६) ले नदिजन्य श्रोतको बिक्रि तथा निकासी सुल्क संकलन को जिम्मा स्थानीय तहलाई दिएको छ । त्यसैगरी दफा ११ ञ(१२) ले स्थानीय तहलाई वातावरण तथा जैविक विविधताको संरक्षणको लागि कार्य योजना बनाउने, कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मा दिएको छ ।

### ४.२.६ जग्गा प्राप्ती ऐन, १९७७

यस ऐनले स्थानीय जग्गा प्राप्ती र मुआब्जा वितरण सम्बन्धी व्यवस्था गरेको छ । त्यस ऐन अनुसार सार्वजनिक हकहित तथा विकास कार्यको लागि नेपाल सरकारले जुनसुकै वेला चाहिएको ठाउँमा जग्गा अधिकरण गर्न सक्नेछ । यसो गर्दा जग्गा धनीलाई पर्न सक्ने असुविधाको लागि सरकारी दरमा मुआब्जा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

### ४.२.७ वन ऐन, २०४९

यस ऐनको दफा २३ ले सरकारलाई राष्ट्रिय वनको जुनसुकै भागलाई तुरुन्त संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने अधिकार दिएको छ तर उक्त क्षेत्र जैविक विविधतामा धनी अथवा अध्ययन अनुसन्धानको लागि महत्वपूर्ण हुनु पर्ने छ । दफा ४९ ले राष्ट्रिय वनबाट बिना अनुमति कुनैपनि प्रकारको क्षति योग्य काममाथि रोक लगाएको छ ।



शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

बाँके २०५३

### ४.२.८ मजदुर ऐन, २०७४

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न यस ऐन को व्यवस्था गरिएको हो । यस ऐनले नेपालको सिमाना भित्र हुने जुनसुकै कार्यको लागि नेपालि नागरिकलाई पहिलो प्राथमिकतामा राखि रोजगारी प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ तर यसरी कार्य गराउदा ऐनले तोके बमोजिम भन्दा मूनीको बालबालिकालाई काममा लगाउन पाइने छैन ।

### ४.२.९ वनस्पति संरक्षण ऐन, १९७८

यसले वनस्पतिको संरक्षण सम्वर्धनलाई जोड दिएको छ । यसले वनस्पति तथा वनस्पति जन्य जुनसुकै वस्तुको निकाशी तथा निर्यात गर्दा हुन सक्ने तथा फैलन सक्ने हानिकारक रोग व्याधिको रोकथाममा ध्यान दिनु पर्ने कुरालाई अघि सारेको छ । यसरी निर्यात र निकासी गर्दा फैलन सक्ने रोगबाट बच्नको लागि विभिन्न स्थानहरुमा क्वारेन्टाइन कार्यालय खोल्नु पर्ने व्यवस्था गरेको छ ।

### ४.२.१० जलस्रोत ऐन, १९९३

यस ऐनले वातावरणीय प्रभावहरुलाई कम गरी पानीको सही तथा अधिकतम प्रयोगको व्यवस्था गरेको छ । साथै सरकारले तोकेको मापदण्ड भन्दा माथि पानी प्रदुषण गर्न नपाइने व्यवस्था गरेको छ ।

### ४.२.११. खानी तथा खनिज ऐन १९८५

यो ऐन र यसका विभिन्न संशोधित ऐनले नेपालको सिमाना र क्षेत्रभित्रबाट खानी तथा खनिज जन्य वस्तुको संचालन, तथा व्यवस्थापकीय व्यवस्था गरेको छ ।

## ४.३ नियमावली (Regulations)

### ४.३.१ वातावरण संरक्षण नियमावली, २०५४

वातावरण संरक्षण ऐनलाई सफलतापूर्वक कार्यान्वयन गर्नको लागि वातावरण नियमावलीलाई ल्याइएको हो । यो नियमावली IEE तथा EIA कसरी गर्ने कुन–कुन प्रस्तावको हकमा यो लागु हुने कुरालाई अनिवार्य गरेको छ । सूचना प्रकाशन, सरोकारवालाहरुसंग लिखित सरसल्लाह तथा प्रस्ताव कार्यन्वयन बाट स्थानीय भौतिक, सामाजिक तथा जैविक वातावरणमा कुनै प्रकारको असर नपर्ने कुरा खुलाई [illegible]को सिफारिसलाई अनिवार्य गरेको छ ।

### ४.३.२ वन नियमावली, २०५१

नियमावलीको दफा ६५ अनुसार, राष्ट्रिय योजनामा महत्वपूर्ण तथा वनजंगलमा पर्ने जुनसुकै प्रस्ताव जसले स्थानीय स्रोत र साधन तथा व्यक्तिलाई नोक्सानी पुर्याउँछ भने, त्यस्ता नोक्सानीको क्षतिपूर्ति प्रस्तावक स्वयंले बेहोर्नु पर्ने हुन्छ। साथ साथै रुख काट्ने तथा ढुवानीको सबै खर्च प्रस्तावले बेहोर्नु पर्छ ।

## ४.४ नीतिहरु (Policies)

### ४.४.१ जल उत्पन्न प्रकोप व्यबस्थापन नीति २०६२

यो नीतिले पानी जन्य उत्पन्न प्रकोपहरुबाट मानव जीवनको रक्षा गर्दछ । साथ साथै भौतिक पूर्वाधारका संरचनालाई समेत जोगाउने काम गर्दछ ।

### ४.४.२ राष्ट्रिय सिमसार नीति २००३

सिमसार मानव जीवनका लागि अति उपयोगी मानिन्छन् । यसले पारिस्थितिक प्रणालीलाई जोगाइराख्ने काम गर्दछ । यो नीतिले स्थानीय जनसमुदायलाई सिमसारको संरक्षण र दिगो उपयोगको व्यवस्था गरेको छ । राष्ट्रिय सिमसार नीति २०५९/११/१२ मा पारित भयो । यो नीतिले सिमसारको सही सदुपयोगबाट गरीबी निवारणमा सहयोग पुर्याउने व्यवस्था गरेको छ ।

## ४.५ निर्देसिकाहरु (Guidelines)

### ४.५.१ राष्ट्रिय वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका , २०४९

यो निर्देशिकाले प्रस्तावको खाका, त्यसको संधार र प्रस्ताव क्षेत्रको संवेदनशीलताको बारेमा ज्ञान राख्दछ । यसमा प्रस्तावको उद्‌देश्य, प्रस्ताव छनौटको तरीका, प्रस्तावबाट पर्न सक्ने प्रभावहरुलाई निर्क्यौल गर्नु पर्ने प्रावधानलाई अघि सारेको छ ।

### ४.५.२ वातावरणीय व्यवस्थापन निर्देशिका, (सडक विभाग, १९९७)

यसले प्रस्तावकलाई प्रारम्भिक वातावरणीय परीक्षण गर्दा रोकथामका उपायहरुलाई समावेस गर्नु पर्ने कुरालाई जोड दिन्छ । यसले मुख्यत खनेको ठाउँ व्यवस्थापन जस्तै खाल्टा, खुल्टी, भण्डारण, फोहर जन्य वस्तुको विस्थापन, क्याम्पको संचालन गरी व्यवस्थापन र वातावरणीय प्रदुषण जस्ता कार्यलाई रोक्नु पर्ने कुरालाई जोड दिएको छ ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय



लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

### ३.१३ प्रारम्भिक वातावरणीय सुदृढिकरण परियोजना निर्देशिका, २००३

यसले प्रारम्भिक वातावरणीय परिक्षण गर्दा उद्देश्य, कार्यसूचि निमार्ण, डेक्स अध्ययन, क्षेत्रगत भ्रमण, तथ्य विश्लेषण तथा निष्कर्ष इत्यादीलाई खुलाउनु पर्ने कुरालाई जोड दिन्छ ।

### ३.१४. वातावरणीय निर्देशिका २०५७

यस निर्देशिकाले पूर्वाधार निर्माण गर्दा व्यवहारिक कार्यन्वयनको कुरालाई अघि सारेको छ । यसले आयोजनाको विभिन्न चरण देखिनै वातावरण व्यवस्थापनलाई समावेश गर्नु पर्ने अवधारणा राख्दछ । यसमा समस्या निराकरण भन्दा रोकथाममा बढी जोड दिएको छ ।

### ३.१५ वन्य जन्य वस्तुको संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७

यो निर्देशिकाको नियम ३ देखि १० ले वनजन्य वस्तु काट्न, क्षेत्रको विकास गर्न, काठको मूल्य तोक्न विभिन्न कार्यविधि तथा खाका तयार पारेको छ । साथै त्यस्ता काठ काट्ने तथा ठाउँ खाली गर्नुपूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने प्रावधान राखेको छ ।

### ३.१६ नेपाल जैविकविविधता रणनीति, २००३

यो नीति convention on Biological Diversity मा आधारित छ । यसले प्राकृतिक स्रोतको दिगो उपयोग तथा न्यायोचित उपयोगको कुरा गर्दछ साथै स्रोतहरुको संरक्षणको कुरालाई समेत अगाडी ल्याउको छ । यो मानिसको जीविकोपार्जन तथा आर्थिक विकाससँग सम्बन्धित छ ।

## ३.६ व्यबस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको प्रतिबेदनहरु (Reports prepared by Natural Resource Committee of Parliament)

### ३.६.१ चुरे भावर लगायतका क्षेत्रको ढुँगा, गिट्टी, वालुवा उत्खनन र निकासी अध्ययन सम्बन्धी प्रतिवेदन २०६६:

समग्र चुरे विनाशलाई मौजुदा कानुनी प्राबधानको अक्षरस: पालना र कार्यान्यन तथा विभिन्न निकायबाट हुने प्रशासनिक कामकारवाहीमा तत्काल सुधार ल्याई यसलाई नियमित र व्यबस्थित गर्ने र मौजुदा कानुनमा रहेका रिक्तता, जटिलता, दोहोरोपनलाई समग्रतामा अध्ययन गरि आगामी दिनमा यस सम्बन्धमा विस्तृत रुपमा समयानुकुल नयाँ कानुनको निर्माण, मौजुदा कानुनमा संसोधन वा एकिकृत कानुनको मस्यौदा तयार गरी दीर्घकालीन रुपमा समाधान खोज्ने गरी समितिले विभिन्न सुझावहरु तथा निर्देशनहरू दिएको छ ।

**४.६.२ वन संरक्षण समस्या अध्ययन प्रतिबेदन २०६७:**

वन क्षेत्र र वन सिमानासंग जोडिएको क्षेत्रमा ढुंगा खानी वा अन्य खानी वा उद्धयोग संचालनको स्वीकृति दिंदा जिल्ला विकास समितिहरुले निश्चित मापदण्ड बनाई अनुमति दिने र सो दिनु पूर्व अनिवार्य रुपमा वन विभागको स्वीकृति लिने व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिने समितिको प्रतिबेदनमा उल्लेख छ ।

**४.६.३ रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन २०६७**

रोडा, ढुंगा, गिट्टी तथा बालुवा उत्खनन गर्ने तथा क्रसर उद्योगहरुको समुचित नियमन तथा अनुगमन गरि मुलुकको खासगरी तराई क्षेत्र र सो को आसपासका क्षेत्रमा बाढी, पहिरो तथा भू–क्षय जस्ता प्रकोपहरु नियन्त्रण गर्ने लक्ष्यसहित यो प्रतिवेदन तयार पारिएको हो ।

**४.७ सर्वोच्च अदालतको फैसला तथा मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु (Decisions of Supreme Court and Cabinet)**

**४.७.१ सर्वोच्च अदालतको फैसला**

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७ श्रावण २१ गते आदेश अनुसार रोडा, ढुंगा लगायत प्राकृतिक स्रोतको संकलन तथा उत्खनन् प्रयोग आदी गर्दा विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नुपर्ने र सम्बन्धित प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव परीक्षण र मूल्यांकन गरी सम्बन्धित मन्त्रालय बाट स्वीकृत गराउनुपर्ने आदेश भएको छ ।

**४.७.२ मन्त्रिपरिषद्को निर्णयहरु**

**२०७० साल असार २७ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय:**

मिति २०७०।१।५ को मन्त्रिपरिषद्को बैठकले रोडा, ढुंगा, गिट्टी तथा बालुवाको नियमन सम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने विषयको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको प्रस्ताव "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने " । निर्णय गरेकोमा मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७०।२।१ मा बसेको बैठकले उपसमिति गठन गरेकोमा मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७०।३।१९ को बैठकले सिफारिस गरेबमोजिम सात जना सचिव रहेको उपसमितिले मिति २०७०।२।२६ मा पेश गरेको प्रतिवेदन उपर देहायका बुँदा थप घट गरी सो प्रतिवेदन स्वीकृत गर्ने निर्णय भयको थियो ।

प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रूपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट



शाखा अधिकृत
डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके
५ नं. प्रदेश,
लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कति हदसम्म संकलन, दोहन वा उत्खनन् गर्न सकिन्छ सो विवरण सार्वजनिक रूपमा प्रकाशन गरी त्यसैको आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने ।

**२०७० साल भदौ १७ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय:**

मन्त्रिपरिषद्को मिति २०७०।३।२७ को निर्णयानुसार "रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासीसम्बन्धी प्रतिवेदन, २०६९" मा राजमार्ग; खोला किनार; शिक्षण संस्था; स्वास्थ्य संस्था; धार्मिक, सांस्कृतिक र पूरातात्विक महत्वका स्थान; सुरक्षा निकाय; वन, निकुन्ज र आरक्ष एवं घनाबस्तीबाट कायम भएको उद्योगको दूरीको सट्टा मन्त्रिपरिषद्को उक्त मितिको निर्णय भन्दा पूर्व कै मापदण्डबमोजिम दूरी कायम गरी कार्यान्वयन गर्न विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयमा लेखि पठाउने । साथै, वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ एवं अन्य प्रचलित कानुनबमोजिम रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासीसम्बन्धमा उपयुक्त नियमनको व्यवस्थासहित विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले यथाशीघ्र अर्को प्रस्ताव पेश गर्ने ।

## ४.८ वातावरणमैत्री स्थानीयशासनको प्रारूप २०७० (Environment Friendly local Government framework 2070)

वातावरणमैत्री स्थानीय शासनको प्रारूप २०७० का उदेश्यहरु देहाय बमोजिम रहेका छन: १) स्थानीय योजना प्रक्रीयामा वातावरण, जलवायु पिरवतर्न अनुकूलन, विपद व्यबस्थापन सम्बन्धी विषयहरुलाई मूलप्रवाहीकरण गर्ने; २) स्थानीय शासन-पद्धतिलाई वातावरणमैत्री बनाउने; ३) वातावरणमैत्री दीगो विकास गर्न आधारभूत स्तरदेखि नै सबैलाई जिम्मेवार गराउने; ४) वातावरण र विकासमा समन्वय तथा सहकार्य गर्न प्रोत्साहित गर्ने र ५) वातावरणको दीगो व्यबस्थापनको लागि यसका आयामहरूलाई स्थानीयकरण गर्दै स्थानीय स्वामित्व बढाउने

## ४.९ अन्तरास्ट्रिय सम्मेलनहरु (International Conventions and Protocols)

### ४.९.१ Convention on Biological Diversity, १९९२

रियो-डी-जेनेरियोमा १९९२ मा भैएको पृथ्वी सम्मेलनको अवसर पारेर यस convention लाई हस्ताक्षरको लागि राखिएको थियो । नेपाल सरकारले यसलाई १९८३ मा संसदबाट परित गर्यो र १९९४ देखि यसको सदस्य राष्ट्र भयो । यस convention को भाग १४ ले हरेक हस्ताक्षरित देशहरुलाई प्रस्तावित प्रस्तावहरुको संचालन अगाडी वातावरणीय प्रभाव मूल्याड्कन गराउनु पर्ने कुरालाई जोड दिएको छ । साथै प्रस्ताबको निर्माण तथा कार्यान्वयनमा स्थानीयलाई उच्च प्राथमिकतामा राख्नु पर्ने कुरालाई जोड दिएको छ ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

### ४.९.२ Convention on International Trade in Endangered Species of wild Fauna and Flora (CITIES), १९७५

नेपाल यस Convention को सदस्य १९७५ मा भयो । यो convention ले संसारबाट लोप हुन लागेका प्रजातीहरुलाई बचाउनु पर्ने, त्यसको अत्याधिक व्यापार व्यवसायलाई रोग्नु पर्ने कुरालाई जोड दिएको छ ।

शाखा अधिकृत



लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-५

## ५. प्रस्ताव क्षेत्रको मौजुदा वातावरण (Baseline Information)

### ५.१ भौतिक-रासायनिक वातावरण (Physical-Chemical Environment)

#### ५.१.१ भौगोलिक स्तिथि (Geography)

नेपालको ५ न. प्रदेश स्थित बाँके जिल्लामा अवस्थित ८ वटा स्थानीय तहहरु मध्य नेपाल-भारतको सिमासम्म फैलिएको डुडुवा गाउँपालिका आफ्नै मौलिक पहिचान भएको गाउँपालिका हो । बि.स. २०७३ साल फाल्गुन २७ गते स्थापित यस गाउँपालिकाको नामाकरण डुडुवा नाला/खोलाको नामबाट गरिएको हो । साविकको कम्दी, होलिया, बेतहनी, बनकट्टी, हिरमिनिया (साविक ७ न. वडा बाहेक) गा.वि.स. लाई एकिकृत गरि यस गाउँपालिकाको स्थापना गरिएको हो ।

आर्थिक रुपले सम्भावना यूक्त, प्राकृतिक रुपले भरिपुर्ण, सामाजिक संस्कृतिक रुपले विवीधता भएको यस गाउँपालिका नेपालको तराई क्षेत्रमा अवास्थित छ । यसको सिमाना दक्षिण पूर्वमा नरैनापुर गाउँपालिका र भारत, उत्तरपूर्वमा राप्तिसोनारी गाउँपालिका, उत्तरमा कोहलपुर नगरपालिका र पशचिममा नेपालगंज उपमहानगरपालिका रहेको छ ।

कुल ९१.१ वर्ग कि.मी. मा फैलिएको यस गाउँपालिकामा ६ वटा वडाहरु रहेका छन् । गाउँपालिकाको केन्द्र वडा न. ३ को वनकट्टीमा रहेको छ भने वडा न. १ को केन्द्र होलियामा, वडा न. २ को केन्द्र बेतहनी, वडा न. ४ को केन्द्र कम्दी, वडा न. ५ को केन्द्र कम्दी र वडा न. ६ को केन्द्र हिरमिनियामा रहेको छ ।

२०६८ सालको जनगणना अनुसार यस गाउँपलिअकामा ३७,५३३ जनसंख्या रहेको छ जसमध्य पूरुष १९३३९ र महिला १८१८४ रहेको छन् । यहाको कुल जनघनत्व ४१२.० वर्ग कि.मी. रहेको छ । नागरिकहरुको मुख्य पेशा कृषि हो भने खरिद विक्री तथा कामको शिल- सिलमा अधिकाँश नागरिकहरु नेपालगंज र भारतको रुपैडिहा जाने गर्दछन ।

विविध धर्मावालीहरुको मिश्रित वसोवास रहेको यस गाउँपालिका धार्मिक राष्ट्रियताको नमुनाको रुपमा रहेको छ । मठ मन्दिर मस्जिद साथै अन्य धार्मिक आस्थाका पवित्र केन्द्रहरुले भरिपुर्ण यस गाउँपालिकामा राप्ती नदी, डुडुवा खोला साथै वनजंगलहरु पनि अवस्थित छन् ।

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत




तस्बिर 2: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको अवस्थिति

प्रस्तावित उत्खनन क्षेत्र बाँके जिल्लाको मध्य भू-भागमा अवस्थित छ । प्रस्ताव क्षेत्र तराई क्षेत्र अन्तर्गत पर्दछ साथै सो स्थानको उचाई १०० मि. देखि १५० मि. सम्म रहेको छ । राप्ती नदी र डुडुवा खोलामा उत्खनन गरिने क्षेत्र डुडुवा गा.पा. वडा नं १,२,३ र ५ मा पर्दछ । उत्खनन क्षेत्र गाउँपालिका भित्र बहने राप्ती खोलाको भिभिन्न ३ ठाउँमा प्रस्ताब गरिएको छ जुन करिब ७ कि. कि. लम्बाईमा फैलिएको छ । राप्ती नदी र डुडुवा खोला यस क्षेत्रको एक महत्वपूर्ण खोला हो, जसले वर्षातको समयमा प्रसस्त मात्रामा वालुवा बोकेर आउदछन् ।

| खोला | गा.पा. | संकलन क्षेत्र नं. | उत्खनन गरिने क्षेत्र को भौगोलिक अवस्थिति |
|---|---|---|---|
| डुडुवा खोला | डुडुवा गा.पा. १. | १. | खडैचा- पिपरहवा गाउँ नजिक:27°59'7.02"N, 81°43'11.75"E |
| राप्ती नदी | डुडुवा गा.पा. २. | २. | दासपुरवा-रामनगर गाउँ नजिक:28° 1'4.56"N, 81°44'26.23"E |
| राप्ती नदी | डुडुवा गा.पा. ३. | ३. | रामपुरवा-कटैया गाउँ नजिक: 28° 2'25.12"N, 81°44'3.18" E |
| राप्ती नदी | डुडुवा गा.पा. ४. | ४. | सिंधनिया घाट आसपास: 28° 3'34.32"N, 81°43'4.88"E |
| राप्ती नदी | डुडुवा गा.पा. ५. | ५. | खजुरा गौडी गाउँ नजिक: 28° 05'14" N, 81°43'58.35" E |

### ५.१.२ जमीनको प्रयोग (Land Utilization)

समग्र गाउँपालिकाको कुल क्षेत्रफल ९१.१ वर्ग कि.मी. मध्ये मुख्यरुपमा खेतीयोग्य जग्गा ले ओगटेको छ । वाँकी भू-भाग बगर क्षेत्र, तथा बस्ति क्षेत्रले वगटेको छ । प्रस्ताव प्रभावित क्षेत्रमा रहेका जमीनहरु मुख्यतः खेतीपातीको लागि प्रयोग भएका छन् । यहाँ रहेका जमीनहरु उच्च उर्वराशक्ति युक्त रहेका छन् जुन धान, गहुँ, तोरी, मुसुरो तथा तरकारी उत्पादका लागि अति उपयोगी मान्छिन् । प्रस्ताब क्षेत्र नं ५ मा वाहेक उत्खनन वरपर बनजंगल रहेको छैन । राप्ती किनारमा भने घाँसे मैदानहरू ले ढाकेको छ जसमा मुख्य बनस्पति काँस हो ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत




तस्बिर 3: राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्रको भू-उपयोगको स्थिति

### ५.१.३ नदीनाला (Rivers)

गाउँपालिका क्षेत्र मा स–साना देखि मध्यम स्तरका खोला तथा नालाहरु छन् जसमा डुडुवा र राप्ती मुख्य हुन् । डुडुवा खोला गाउँपालिकाको मध्य भाग भएर बहन्छ भने राप्ती नदि गाउँपालिकाको पूर्वी सिमानाको रुपमा रहेको छ जसले यस गाउँपालिकालाई पूर्वको राप्तीसोनारी र नरैनापुर गाउँपालिका वाट छुट्याउछ । राप्ती नदिको उद्गम स्थल भने प्युठान जिल्लाको पहाडी भूभागमा पर्दछ भने डुडुवा खोला जिल्लाकै चुरे क्षेत्र वाट उद्गम भएको हो ।

### ५.१.४ जलवायु तथा माटो (Climate and Soil)

उत्खनन क्षेत्र समुन्द्र सतहबाट १०० मी. देखि १५० मी. सम्मको उचाइमा रहेकोले यहा उपोष्ण खालका हावापानीको प्रभाब नै रहन्छ । सामान्यतया यहाँको औसत तापक्रम २५ डिग्री सेन्टिग्रेड हुने गर्दछ भने हिउँदमा औसत १६ डिग्री सेन्टिग्रेड हुनेगर्दछ भने गर्मी याममा औसत ३२ डिग्री सेन्टिग्रेड तापक्रम सम्म पुग्छ । यस ठाउँमा मनसुनी जलबायुको नै प्रभाब रहन्छ । यहाँ वार्षिक औसत ११७५ मी.मी. भन्दा बढी वर्षा हुन्छ । यहाँ बिशेष गरि चैत्र, बैशाख, जेष्ठ महिनालाई सुख्खा महिनाको रुपमा मानिन्छ तर अषाढ, श्रावण र भाद्र महिनामा बढी आद्रता सहित गर्मी हुन्छ र यस मौसममा नै पुर्व बाट आउने मनसुनी वायुले वर्षा गराउँछ । यस गाउँपालिका मा आश्विन महिनाबाट भने केहि चिसोको

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

मात्रा बढ्न गई लगभग फाल्गुन महिना सम्म चिसोको प्रभाव रहन्छ भने बिशेष गरेर मंगसिर, पुष र माघको महिनामा बढी चिसो हुन्छ, यस बेलामा नै वायुको तापक्रम ७ डिग्री सेन्टिग्रेड सम्म आउँछ ।

तालिका 5: प्रस्ताव क्षेत्रको तापक्रम तथा जलवायुको स्थिति

| परिसूचक | जनवरी | फेब्रुअरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टोबर | नोवेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औसत तापक्रम | १५.४ | १७.७ | २२.८ | २८.६ | ३१.४ | ३१.६ | २९.५ | २८.९ | २८.३ | २५.९ | २०.४ | १५.९ |
| न्युनतम तापक्रम | ८.० | ९.६ | १३.९ | १९.६ | २४.३ | २६.१ | २५.६ | २५.२ | २४.४ | २०.६ | १२.६ | ७.७ |
| अधिकतम तापक्रम | २२.२ | २५.८ | ३१.८ | ३७.७ | ३८.६ | ३७.१ | ३३.४ | ३२.६ | ३२.३ | ३१.३ | २८.२ | २४.२ |
| औसत वर्षा | २५ | २० | १५ | १२ | ३२ | १६७ | ३२५ | ३०८ | २०३ | ५४ | ४ | १० |

उत्खनन क्षेत्र राप्ती नदी र डुडुवा खोलाको तटीय क्षेत्रमा पर्ने भएकोले अधिकांस भू-भाग समथर खेतीयोग्य जमिनमा छन् । खोला किनारको सम्पूर्ण भू-भागमा पाँगो, र दोमट माटो पाईन्छ । यस क्षेत्रमा पाँगो माटो हुनुको अलावा हल्का र जिवांश युक्त जैविक माटो रहेको छ ।

### ५.१.५ भौगर्भिक स्थिति (Geology)

प्रस्तावित क्षेत्रहरु तराईको समथर भूभागमा पर्दछन् । यस क्षेत्रमा चट्टानि भूभाग देखिदैन । यहाँको सतहमा बालुवाको मात्र अत्यधिक पाईन्छ । खोलाको बेसी क्षेत्र खेतीपाती तथा बसोबासको लागि उपयुक्त भयतापनि मनसुनमा नदि किनारको क्षेत्रमा बाढीको जोखिम अत्यधिक छ । राप्ती तथा डुडुवा खोलाको उपल्लो तटीय क्षेत्रमा भने नदीले बगाई ल्याएका ढुँगा, बालुवा, कंकड आदि खस्रा बस्तुहरु पाईनुका साथै तल्लो तटीय तथा घोल क्षेत्रहरुमा उब्जाबर्धक जैबिक तत्वयुक्त मलिलो पांगो माटोको बाहुल्य रहेको छ ।

शाखा अधिकृत

लोकेन्द्र कुँवाली
प्रमुख प्रशासकीय अधिकृत



तस्बिर 4: राप्ती नदी र डुडुवा खोला क्षेत्रमा पाईने उत्खनन योग्य वालुवा

### ५.१.६ नदि कट्टान तथा थेग्रिने प्रक्रिया (River Bank Erosion and Sedimentation)

राप्ती नदीको उद्गम प्युठान जिल्लाको पहाडी ईलाकाबाट भएको हो । त्यसैले यिनीहरु विशेषगरी वर्षायाममा बोल्डर, ग्राभेल वालुवा र अन्य विभिन्न वस्तुहरु बगाएर ल्याउने गर्दछन् । जब नदि तराईको समथर भूभागमा आईपुग्छन यी वस्तुहरु नदी नालामा थेग्रिने र पानीको वहावलाई रोकेर बाढी ल्याउने काम पनि गर्दछ । साथै वर्षा याममा आउने बढीले किनार वरपरका खेतीयोग्य जमिन पनि कटानी गर्ने गरेको पाईयो । राप्ती नदीले हरेक वर्ष आफ्नो धार परिवर्तन गरि रहेको छ । यो क्रम सिधनिया, जहाँ हाल राप्ती पूल अवस्थित छ, भन्दा मुनि प्रस्ट देख्न सकिन्छ । जस्तोकि बेतहनी क्षेत्रमा करिब १० वर्ष अगाडि राप्ती नदि हालको बहाव क्षेत्र भन्दा करिव ४ कि.मी. वर बेतहनी बजार नजिक भएर बग्ने गर्दथ्यो । यो क्रममा राप्ती नदीले ठुलो मात्रामा वालुवा नदि किनारमा थुप्रिएको छ । नदि किनारमा थुप्रिएको वालुवा स्थानीय वासिन्दाले जथाभावी तवरवाट संकलन र विक्री वितरण गरेको पनि पाईयो जसवापत गाउँपालिकाले राजश्व गुमाई रहेको छ भने यी वस्तुहरुको अब्यबस्थि उत्खननले बाढी, तथा नदि कटानी हुने खतरा हुन्छ ।



तस्बिर 5: राप्ती नदि किनारा तथा नदिले किनारमा गरेको कटानी

### ५.१.७ प्रदुषण (Pollution)

प्रस्ताव क्षेत्र वायू प्रदुषणको दृष्टिकोणवाट प्रदुषित मानिदैन । प्रस्ताब क्षेत्र नेपालगंज बजार वाट लगभग १० देखि १५ कि.मी. को दुरीमा पर्दछ आसपासमा बायु प्रदुषण गराउने ठुला ठुला कल कारखानाहरु पनि छैनन् । राप्ती नदि पनि प्रदुषित देखिदैन । यो खोलामा पानीको मात्र धैरै नै रहन्छ र नदि कलकारखाना र बस्ति क्षेत्र बाहिरबाट बहने हुँदा जल प्रदुषण कम देखिन्छ । डुडुवा खोला भने सानो र बस्ति क्षेत्र हुदै बग्ने भएकोले केहि मात्रामा खोलाको पानी प्रदुषित छ । साथै यस क्षेत्रमा गुड्ने गाडीहरुले केही हदसम्म धुलो तथा ध्वनी प्रदुषण निष्कासनको काम गर्दछन् तर त्यसको असर अत्यन्तै न्यून छ ।

### ५.२ जैविक वातावरण (Biological Environment)

प्रस्ताब क्षेत्र नितान्त रुपमा बगर र खेतीयोग्य जमिनमा रहेको छ भने प्रस्ताव नं ५ वरपर सरकारी तथा सामुदायिक बनहरु पर्दछन् तर खोला किनाराको प्रत्यक्ष उत्खनन क्षेत्रमा घाँसेमैदान मात्र रहेका छन् । घाँसेमैदानमा काँस, खर, वायर आदि प्रजातिका बनस्पति मुख्य रुपमा पाईन्छ । राप्ती नदी र डुडुवा खोलाको उत्खनन क्षेत्र भन्दा केहि बाहिर बस्ति क्षेत्रमा अत्यन्त न्यून मात्रामा निजि वन देख्न सकिन्छ । प्रमुख रुखहरुमा सिसौं, साल, खयर, कदम, निम, बोटधयारो, आदि हुन् । प्रस्ताब क्षेत्रमा आंप, लिची, केरा आदि फलफूलहरु पाईन्छ । यी बनस्पति हरु मध्ये साल नेपाल सरकारको संरक्षित बनस्पतिहरुको सुचिमा पर्दछ ।



शाखा अधिकृत
डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
बाँके
२०७५

राप्ती नदीको बगर तथा घाँसेमैदान विभिन्न किसिमका जंगली जनावर र चराचुरुङ्गीहरुको उपयुक्त वासस्थान हुन् । यी वनहरुमा चितुवा, बँदेल, स्याल, कालिज, चिल, बिभिन्न प्रकारका पानीहाँस, बिभिन्न प्रजातिका सर्पहरु इत्यादि जीवहरु पाईन्छन । प्रस्तावित राप्ती नदीमा महाशिर, कत्ले, रोहु लगायतका माछाहरु पाईन्छन । शारस, गिद्ध, गोही, अजिंगर, आदि जीव जन्तुहरु नेपाल सरकारको संरक्षित जन्तुहरुको सुचिमा पर्दछन । प्रस्ताब क्षेत्र भित्र पाइने वनस्पति र जन्तुलाई तालिका ६ मा प्रस्तुत गरिएको छ ।



तस्बिर 6: राप्ती नदि क्षेत्र वरपरको घाँसे मैदान

तालिका 6: प्रस्ताव क्षेत्रको जैविक वातावरण

| सी.नं. | नेपाली नाम | बैज्ञानीक नाम | CITES कोड | नेपाल सरकार (वन ऐन, १९९३) |
|---|---|---|---|---|
| | | **बनस्पति** | | |
| १. | मसला | *Eucalyptus camaldulensis* | | |
| २. | खयर | *Acacia catechu* | | |
| ३. | साल | *Shorea robusta* | | संरक्षित |
| ४. | सिसौ | *Dalbergia sissoo* | | |
| ५. | आंप | *Magnifera indica* | | |
| ६. | कटहर | *Artocarpus heterophyllus* | | |
| ७. | खर | *Typha angustiufolia* | | |
| ८. | काँस | *Saccharum spontaneum* | | |
| ९. | बयर | *Zigyphus mauritiana* | | |



समन्वय समिति बाँके २०७३
शाखा अधिकृत
डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, ५ नं. प्रदेश
लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | **बन्यजन्तु** | | |
| १० | बन बिरालो | *Felis chaus* | II | |
| ११. | चितुवा | *Panthera pardus* | I | |
| १२. | मृग | *Muntiacus muntjak* | | |
| १३. | स्याल | *Canis aureus* | III | |
| १४. | चमेरो | *Pteropus giganteus* | II | |
| १५. | बँदेल | *Sus scrofa* | | |
| १६. | निल गाई | *Boselaphus tragocamelus* | III | |
| | | **चराचुरुङ्गी** | | |
| १७. | लाटोकोसेरो | *Athene brama* | | |
| १८. | शारस | *Grus grus* | II | संरक्षित |
| १९ | हुटीट्याउं | *Vanellus indicus* | | |
| २०. | सुगा | *Psittcular eupatria* | | |
| २१. | चिबे | *Dicrurus aeneus* | | |
| २२. | ढुकुर | *Streptopelia sp.* | | |
| २३. | चिल | *Aquila nipalensis* | II | |
| २४. | गिद्ध | *Gyps bengalensis (cr)* | II | संरक्षित |
| | | **माछा/उभयचर** | | |
| २५. | महासिर | *Tor tor* | | |
| २६. | कत्ले | *Acrossocheilus hexagonolepis* | | |
| २७. | रोहु | *Labeo sps.* | | |
| २८. | भ्यागुता | *Rana tigrina, Bufo sp.* | | |
| २९. | गोही | *Gavialis ganeticus* | | संरक्षित |
| | | **शरिसृप** | | |
| ३०. | गोमन सर्प | *Ophiophagus hannah* | II | |
| ३१ | अजिंगर | *Python molurus* | I/II | संरक्षित |
| ३२. | करेत | *Bungarus caeruleus* | | |
| ३३. | छेपारो | *Calotes versicolor* | | |

## ५.३ सामाजिक-आर्थिक तथा संस्कृतिक वातावरण (Socio-Economic Environment)

### ५.३.१ जनसंख्या (Demography)

डुडुवा गाउँपालिका प्रदेश नं ५ अन्तर्गत बाँके जिल्ला को मध्य क्षेत्रमा पर्दछ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकामा ३७,५३३ जनसंख्या रहेको छ जसमध्य पूरुष १९३३९ र महिला १८१८४ रहेको छन् । यहाको कुल जनघनत्व ४१२.० वर्ग/कि.मी. रहेको छ । वालुवा संकलनको लागि प्रस्ताव गरिएको क्षेत्र नं १, २, ३, ४ र ५ क्रमश डुडुवा वडा नं. १ (साविक होलिया गा.वि.स.), वडा नं.

२ (साविक बेतहनी गा.वि.स.), वडा नं. ३ (साबिक बनकट्टी गा.वि.स.), वडा नं. ४ र डुडुवा वडा नं. ५ (साबिक कम्दी गा.वि.स.) मा पर्दछन । यी प्रस्ताब क्षेत्रमा जम्मा ४६७१ घरधुरीमा जम्मा २५९९४ जनसंख्या वस्दछन् र औसत जनसंख्या प्रति घर ६ रहेको छ । प्रस्तावित क्षेत्रहरुको जनसांख्यिक विवरण यस प्रकार रहेको छ (तलिका ७) ।

तालिका 7: प्रस्ताव क्षेत्रको जनसांख्यिक विवरण

| प्रस्ताब क्षेत्र | घरधुरी | महिला | प्रतिशत | पुरुष | % | जम्मा | औसत जन-संख्या | क्षेत्रफल (वर्ग कि.मी) | जन घनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| डुडुवा-१ हौलिया | ११९५ | २९७५ | ४७.३ | ३३१५ | ५२.७ | ६२९० | ५.६४ | १९.०२ | ३३१ |
| डुडुवा-२ बेतहनी | १४५६ | ३८३१ | ४७.०५ | ४३१० | ५२.९४ | ८१४१ | ५.५९ | २०.२९ | ४०१ |
| डुडुवा-३ बनकट्टी | ९७७ | ३०१५ | ४८.६१ | ३१८७ | ५१.३८ | ६२०२ | ६.३५ | १४.८९ | ४१६ |
| डुडुवा-५ कम्दी | ११२३ | २८७० | ५३.५३ | २४९१ | ४६.४६ | ५३६१ | ६.३५ | १९.६८ | २७२ |
| जम्मा | ४६७१ | १२६९१ | ४९ | १३३०३ | ५१ | २५९९४ | ६ | ७४ | ३५५ |

श्रोतः रास्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

## ५.३.२ जातजाति तथा धर्म (Cast Ethnicity and Religion)

प्रस्ताबिक क्षेत्रमा सबै भन्दा बढि जनसंख्या मुसलमान समुदायको जम्मा १०२८१ (३१.५८%) रहेको छ । दोस्रो बढी जनसंख्या यादव समुदायको छ भने कुर्मी, थारु, पाशवान तथा अन्य समुदायको यस क्षेत्रमा बाहुल्यता ।

प्रभावित क्षेत्रमा अधिकांस जनता मुसलमान र हिन्दु धर्म मान्छन् । यसवाहेक यहाँ बौद्ध र इसाई धर्म मान्नेहरु पनि बस्दछन् । यस क्षेत्रका मानिसहरु सदभाव पूर्ण रुपमा ईद, दशै, तिहार, भाइटिका ,होलि, माघे संक्रान्ति, माघी, क्रिसमस आदि मनाउने गर्दछन् ।

तालिका 8: प्रस्ताव क्षेत्रको जातिगत आधारमा जनसांख्यिक विवरण

| जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| क्षेत्री | १००२ | ११९९ | २२०१ | ६.७६ |
| ब्राम्हण | १७१ | १७२ | ३४३ | १.०५ |
| मगर | ३५३ | ४०९ | ७६२ | २.३४ |
| थारु | ६९० | ६५७ | १३४७ | ४.१४ |

| | | | | |
|---|---|---|---|---|
| मुसलमान | ५३५७ | ४९२४ | १०२८१ | ३१.५८ |
| कामि | ३०४ | ३२३ | ६२७ | १.९३ |
| यादव | १८७५ | १६६५ | ३५४० | १०.८७ |
| गुरुङ | ५९ | ६९ | १२८ | ०.३९ |
| तेली | १९६ | १८९ | ३८५ | १.१८ |
| चमार | ३५६ | ३९३ | ७४९ | २.३० |
| कुर्मी | ११३३ | १०१२ | २१४५ | ६.५९ |
| मुसहर | २५० | २५४ | ५०४ | १.५५ |
| दुसाद/पासवान | ३१८ | ३२० | ६३८ | १.९६ |
| सोनार | ७१ | ७५ | १४६ | ०.४५ |
| ब्राम्हण तराई | ७९ | ७५ | १५४ | ०.४७ |
| दलित | ५१६ | ५६० | १०७६ | ३.३० |
| अन्य | ३७९२ | ३७४१ | ७५३३ | २३.१४ |
| जम्मा | १६५२२ | १६०३७ | ३२५५९ | १००.०० |

श्रोतः रास्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

### ५.३.३ भाषा (Language)

गाउँपालिकामा सांस्कृतिक वातावरणको दृष्टिकोणले विविधता पाइन्छ र हरेक जात जातिको आ-आफ्ने भाषागत पहिचान रहेको छ । यस जिल्लामा अवधि भाषा बोल्नेको बाहुल्यता रहेको छ भने दोस्रो प्रमुख भाषा को रुपमा उर्दु रहेको छ । नेपाली भाषा बोल्ने व्यक्तिहरुको बाहुल्यता न्यून छ । भाषागत आधारमा प्रस्ताब क्षेत्रको जनसंख्या यस प्रकार रहेको छ (तलिका ९) ।

तालिका 9: प्रस्ताव क्षेत्रको भाषागत आधारमा जनसांख्यिक विवरण

| भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | १५० | ०.४६ |
| मैथली | ५८९ | १.८१ |
| अवधि | २१४८५ | ६५.९९ |
| उर्दु | १०१०४ | ३१.०३ |
| राई | ५८ | ०.१८ |
| मगर | ११२ | ०.३४ |
| अन्य | ६१ | ०.१९ |
| | ३२५५९ | १००.०० |

श्रोतः रास्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

जिल्ला समन्वय समिति बाँके २०७४ 

डुडुवा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय धनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

### ५.३.४ जीविको पार्जन र आर्थिक क्रीयाकलाप (Livelihood and Economic activity)

कृषि तथा पशुपालन प्रस्ताव क्षेत्रको प्रमुख पेशा हो, यस वाहेक मानिसहरु ज्याला मजदुरी, शिक्षक, जागिर तथा व्यापार व्यवसाय मा पनि संलग्न छन् ।

### ५.३.५ बसाई सराईको प्रवृति (Migration)

मानिसहरु सुविधा सम्पन्न क्षेत्रमा बसोबासको लागि बसाई सराई गर्दै आएका छन् । ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइ–बसाई तिब्र रहेको छ । प्रभावित क्षेत्रका मानिसहरु नेपालगंज तथा अन्य स–साना बजार क्षेत्रमा बसाइ–बसाई गर्दै आएका छन् । बसाई सराई गर्नुको मुख्य कारण मध्ये राम्रो रोजगारीको खोजि तथा सुलभ सेवा सुविधा नै हुन् । प्रभावित क्षेत्रमा अन्यत्र ठाउँबाट बसाई सरि आउने प्रवृति न्यून छ ।

### ५.३.६ सूचना तथा संचार (Information and Communication)

प्रस्तावित क्षेत्रमा सूचना तथा संचारको अवस्था सन्तोषजनक नै रहेको छ । अधिकांश घरपरिवार सँग टि.भी., रेडियो, मोबाइल तथा हरेक गाउँमा बिजुलीको व्यस्था रहेको छ । प्रस्ताव क्षेत्रमा नेपालका सम्पूर्ण दुरसंचार सेवा प्रदायक संस्थाहरुको संजाल रहेको छ । तथापी कम्पुटर र इन्टरनेट को सुविधा भने बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा कठिन नै देखिन्छ ।

### ५.३.७ कृषि तथा पशुपालन (Agriculture)

कृषि प्रस्ताव क्षेत्रको आर्थिक अवस्थाको मेरुदण्ड हो । लगभग शत प्रतिशत परिवार कृषिमा संलग्न रहेका छन् तथापी परिवारका सदस्यहरु अन्य पेशा जस्तै ज्याला मजदुरी, निर्माण व्यवसाय तथा ढुवानी आदि मा समेत संलग हुने गरेका छन् । कृषकहरु प्रमुख रुपमा धान, मकै र गहुँ खेती गर्दछन् । यहाँ सबैभन्दा बढी धान खेति गरिन्छ । धान खेतीको लागि सिंचाईको श्रोत डिप बोरिंग रहेको छ । किसानहरुले व्यक्तिगत तथा सामुहिक स्तरमा डिप बोरिंग बाट सिंचाई गर्ने गर्दछन । राप्ती नदि को पानी खासै सिंचाईमा प्रयोग हुन सकेको छैन त्यसैले अझै पनि अधिकांस किसानहरु आकाशे पानी मा नै भर पर्ने गर्दछन । यस बाहेक कृषकहरु दलहन, तेलहन, तरकारी र फलफुलको खेती पनि गर्दछन् । फलफुलहरुमध्ये लिची र आंप खेति यस क्षेत्रको प्रमुख हुन् । यस क्षेत्रमा मुख्य रुपमा गाई, भैंसी, बाख्रा, परम्परागत शैलीमा पालन गर्ने गरिन्छ भने । किसानले उत्पादन गरेको दुध र बाख्रा को नजिकको बजार नेपालगंज रहेको छ ।

### ५.३.८ शिक्षा (Education)

गाउँपालिका क्षेत्रमा सरकारी तथा गैरसरकारी संस्थाहरुले शिक्षा प्रदान गर्नमा सहयोग गरिरहेका छन् । गाउँपालिकाको समग्र साक्षरता प्रतिशत ४२.७८ रहेको छ, जस मध्ये पुरुष साक्षरता ५१.१३% र



जिल्ला समन्वय समिति बाँके २०७४
शाखा अधिकृत
डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल
लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

महिला साक्षरता ३३.८८% रहेको छ । प्रस्ताव क्षेत्रको तुलनात्मक साक्षरता दर तालिका ९ मा देखाइएको छ जसले सबै स्थानमा पुरुषको तुलनामा महिलाको साक्षरता दर कम रहेको देखाउदछ ।

**तालिका 10: प्रस्ताव क्षेत्रको साक्षरता को स्थिति**

| प्रभावित क्षेत्र | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| बनकट्टी | ४६.१७ | ५७.२२ | ३४.५४ |
| बेतहनी | ३९.३९ | ४८.०८ | २९.५२ |
| होलिया | ३३.९१ | ४२.२९ | २४.53 |
| कम्दी | ५७.२४ | ६५.५९ | ४९.४२ |
| डुडुवा गाउँपालिका | ४२.७८ | ५१.१३ | ३३.८८ |

श्रोतः रास्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

२०६८ को तथ्यांक अनुसार प्राथमिक तहमा सवै भन्दा धैरै बिद्यार्थी रहेका छन् । नि.मा.वि. र माध्यामिक तहमा लगभग उस्तै मात्रामा बिध्यार्थिहरु रहेका छन् । स्नातक वा सो भन्दा माथिल्लो तहको अध्ययन गरेका व्यक्तिहरुको जनसंख्या अत्यन्तै न्यून रहेको छ ।

तालिका 11: प्रस्ताव क्षेत्रको उच्च शिक्षा को स्थिति

| सैक्षिकतह | बनकट्टी | बेतहनी | होलिया | कम्दी |
|---|---|---|---|---|
| पूर्व प्राथमिक तह | १६९ | ४३ | १६ | ३४० |
| प्राथमिक तह | १६४३ | २०७६ | १२९४ | २४०७ |
| नि.मा.वि. तह | ४०६ | ५६८ | ३५२ | ११४७ |
| मा.वि. | १७६ | २५६ | १४२ | ४४७ |
| एस.एल.सी. वा सो सरह | ५३ | ७६ | ३८ | ३९३ |
| आई.ए. वा सोसरह | २९ | ४६ | २७ | ७७ |
| वि.ए. वा सोसरह | ९ | १६ | १७ | २१ |
| एम.ए. वा सोसरह | २ | २ | १ | २ |
| जम्माजन संख्या | २४८७ | ३०८३ | १८८७ | ४८३४ |

श्रोतः रास्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

प्रभावित क्षेत्रहरुमा प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक विधालयहरु रहेका छन् तथापी उच्च माध्यमिक शिक्षा अध्ययनको लागि नेपालगंज तथा देशको अन्य शहरी भागमा निर्भर हुनु पर्ने देखिन्छ ।

जिल्ला समन्वय समिति बाँके २०७५

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

तालिका 12: प्रस्ताव क्षेत्रको शैक्षिक संस्थाहरुको स्थिति

| विद्यालयको नाम र ठेगाना | ठेगाना | वडा नम्बर |
|---|---|---|
| नरेन्द्र प्रा.वि. | | १ |
| मदरसा दारुल मुस्तफा | | १ |
| श्री ने.रा.प्रा.वि , | चौफेरी | १ |
| मदरसा मसउदिया अनवारुल उलुम | | १ |
| श्री जनता आधारभुत विद्यालय | पिप्रहवा | १ |
| लालि गुरास बाल विकास केन्द्र, | सन्तलिया | २ |
| श्री ने.रा.प्रा.वि. | सन्तलिया | २ |
| चन्द्रमा प्रारम्भिक वाल विकास केन्द्र | | २ |
| श्री माच्छा पुच्छे प्रा.वि. | झोरा वेतहनी नयाँ वस्ती | २ |
| दारुल उलुम फैजुल रजा | जाफर पुर्वा | २ |
| श्री पशुपति मा.वि. | नौरी गौढी | २ |
| सुर्या प्रारम्भिक बाल वि.केन्द्र | | २ |
| श्री ने.रा.प्रा.वि | कोल्ही | २ |
| श्री ने.रा.प्रा.वि | शिवपुर्वा | २ |
| अल्जमियातुल इस्लाम मदीनतुल | | ३ |
| श्री ने.रा.प्रा.वि. | छोटी हलबलडोली | ३ |
| दारुल उलुम इब्राहिमिया गुल्सने खलिल | | ३ |
| बनकट्टी मा.वि. | बनकट्टी | ३ |
| रहमानिया फैजुर रसुल | रमपुर्वा | ३ |
| श्री आधारभुत विद्यालय | शहापुर्वा | ४ |
| ज.क.ने.रा.प्रा.वि | . नानापुर | ५ |
| फ्लोरिड एकेडेमी | छग्रहवा | ५ |
| श्री शहिद स्मारक मा.वि. | पदमपुर | ५ |
| बागेश्वरी बालविकास केन्द्र | | ५ |
| दिव्य ज्योती वालविकास केन्द्र | | ५ |
| गुरुकुल एजुकेशन एकेडेमी | | ५ |
| गुरुकुल आश्रम | | ५ |
| साउथ प्वाईन्ट ई.मी. | | ५ |
| बाँके फयुचर स्टार इ.मी. | | ५ |
| नया विहानी बालविकास केन्द्र | | ५ |
| शान्ति बालविकास केन्द्र | | ५ |
| बालकृष्ण आचार्य गुरुकुल | | ५ |
| ज्ञान दिप मा.वि. | | ५ |
| ज्ञान ज्योती बालविकास केन्द्र | | ५ |
| कोपिला विद्या सदन | | ५ |
| कोपिला बालविकास केन्द्र | | ५ |
| नमुना बालविकास केन्द्र | | ५ |

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

### ५.३.९ स्वास्थ्य (Health)

प्रस्ताब क्षेत्रमा स्थानीय स्तरमा रहेको स्वस्थ चौकीको अलावा अन्य कुनैपनि स्वास्थ्य संस्थाहरु छैनन् । उच्च स्तरको अस्पतालको लागि नेपालगंज बजार वा काठमाडौं मा जानु पर्ने हुन्छ, जँहा पुग्नका लागि यातायातको सहज स्थिति रहेको छ । यस क्षेत्रक बासिन्दाहरुको जनस्वास्थको जनचेतनाको अभाव रहेको पाइयो ।

परिवारको सदस्य बिरामी परेको स्थितिमा ९० प्रतिशत भन्दा बढी परिवारले स्वस्थ चौकी वा अस्पताल लैजाने गरेका छन् । परम्परागत उपचार बिधि जस्तै धामी झाँक्रीको मा जानेको संख्या अत्यन्तै न्यून रहेको छ । प्रस्ताव क्षेत्रमा हाल सम्म प्रमुख रुपमा देखिएको रोगहरुमा झाडापखाला, ज्वरो, जन्डिस, निमोनिया, क्षयरोग, ग्यास्ट्रिक, छाला सम्बन्धि, स्वश्प्रस्वाश प्रणालीमा गडबडी र आन्द्रामा जुका रहेका छन् ।

तालिका 13: प्रस्ताव क्षेत्रको स्वास्थ्य संस्थाको अवस्था

| स्वास्थ्य संस्थाको नाम | ठेगाना | वडा नम्बर |
|---|---|---|
| स्वास्थ्य चौकी होलिया बाँके | होलिया | १ |
| बेतहनी स्वास्थ्य चौकी | बेतहनी | २ |
| स्वास्थ्य चौकी बनकट्टी | बनकट्टी | ३ |
| स्वास्थ्य चौकी कम्दी | कम्दी | ४ |
| स्वास्थ्य चौकी कम्दी | कम्दी | ५ |
| हिरमिनिया स्वास्थ्य चौकी | हिरमिनिया | ६ |

### ५.३.१० विजुली तथा इन्धन शक्तिको खपत (Energy Consumption)

प्रस्ताव क्षेत्रमा राष्ट्रिय प्रसार लाइनको विजुली वितरण गरिएको छ । बत्ति बाल्नको लागि अधिकांस परिवारले बिजुलीको प्रयोग गर्ने गर्दछन् । धैरै कम परिवारले मात्र बत्तिको लागि मट्टीतेलको प्रयोग गर्ने गर्दछन् । यी स्थानहरुमा खान पकाउने मुख्य इन्धन दाउरा नै हो । दाउरा को प्रयोग ९६% भन्दा बडी घर परिवार ले गर्ने गर्दछन भने यस बाहेक मट्टीतेल र एल.पि. ग्यास पनि खान पकाउनको लागि प्रयोग गरिन्छ तर एकदमै कम मात्रामा (तालिका १४) ।

तालिका 14: प्रस्ताव क्षेत्रको विजुली तथा इन्धन शक्तिको खपत

| खान पकाउने इन्धनको श्रोत | साविक बनकट्टी गा.वि.स. | | बेतहनी | | होलिया | | कम्दी | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार | परिवार (प्रतिशत) | परिवार | परिवार (प्रतिशत) | परिवार | परिवार (प्रतिशत) | परिवार | परिवार (प्रतिशत) |
| दाउरा | ९४४ | ९६.६२ | १४१७ | ९७.३ | १०९९ | ९८.६ | १७७३ | ९६३. |
| एल.पि. ग्यास | २ | ०.२ | ० | ०. | ६ | ०.५ | १८ | १.० |
| मट्टीतेल | ५ | ०.५१ | २६ | १.८ | ७ | ०.६ | ७ | ०४. |
| अन्य | २६ | २.६६ | १३ | ०.९ | ३ | ०.३ | ४३ | २३. |
| जम्मा | ९७७ | १००. | **१४५६** | १००. | **१११५** | १०० | **१८४१** | १०० |

श्रोतः राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

**५.३.११ खानेपानी तथा सरसफाई (Water and Sanitation)**

प्रस्ताव क्षेत्रको प्रमुख पानीको स्रोत हाते पम्प हो जसको प्रयोग करिब ७८ देखि ९८% घरधुरीले गर्दछन । न्यून मात्रामा धाराको पानी, कुवा/इनार र अन्य प्रयोगमा रहेका छन् । २०६८ को जनगडना अनुसार यो क्षेत्रमा कम्दिमा बाहेक ९०% भन्दा बढी घरमा शौचालयको व्यवस्था नरहेको उल्लेख छ (तालिका १५) भने कम्दीमा करिब ५०% परिवारको घरमा सौचालय थियो ।

तालिका 15: प्रस्ताव क्षेत्रको खानेपानीको श्रोत

| खानेपानीको श्रोत | बनकट्टी | | बेतहनी | | होलिया | | कम्दी | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | परिवार % | परिवार संख्या | परिवार % | परिवार संख्या | परिवार % | परिवार संख्या | परिवार % |
| पाईप लाईन | ६ | ०.६१ | २८७ | १९.७१ | १७ | १.५२ | २६८ | १४५६. |
| हाते पम्प | ९५९ | ९८.१६ | ११३६ | ७८.०२ | १०७० | ९५.९६ | १५०२ | ८१५९. |
| कुवा/इनार | ५ | ०.५१ | १८ | १.२४ | ८ | ०.७२ | ३२ | १७४. |
| अन्य/खोला | ७ | ०.७२ | १५ | १.०३ | २० | १.७९ | ३९ | २१२. |
| जम्मा .. घर धुरी | ९७७ | १००. | १४५६ | १००. | १११५ | १००. | १८४१ | १०० |

श्रोतः राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०६८

तालिका 16: प्रस्ताव क्षेत्रको सौचालय को उपलव्धता

| **प्रभावित क्षेत्र** | **परिवार संख्या** | **सौचालय भएको (%)** | **सौचालय नभएको (%)** |
|---|---|---|---|
| बनकट्टी | ९७७ | १.९४ | ९८.०६ |
| बेतहनी | १४५६ | २.१२ | ९७.८८ |
| होलिया | १११५ | ६.८१ | ९३.१९ |
| कम्दी | १८४१ | ४५.७३ | ५४.२६ |

**५.३.१२ सडकको अवस्था (Road)**

प्रस्ताव क्षेत्रमा मुख्य सडक हरुमा पुरैना-बेतहनी सडक र राप्ती राजमार्ग रहेको छ जसवाट प्रस्ताव क्षेत्र पुग्न को लागि बिभिन्न साखा सडकहरु प्रयोग गर्न सकिन्छ । यी मुख्य सडकहरु कम्तिमा ग्राभेल गरिएका र केहि खण्डहरु कालोपत्र गरिएका छन् । तर वालुवा संकलन क्षेत्रमा पुग्ने सडक भने अधिकांस धुले छन् । यी सबै साखा सडकहरू कच्ची भएकाले वर्षाको समयमा ढुवानी गर्न समस्या हुने गर्दछ ।

तालिका 17: प्रस्ताव क्षेत्रको सडक मार्गको अवस्था

| वडा नम्बर | सडकको नाम | जोडिने वस्तीहरु | | लम्बाई (कि.मि.) | प्रकार (कच्ची, ग्राभेल, कालो पत्रे) | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | सन्तलिया देखी पिप्रहवा हुदै गंगापुर जाने बाटो | बेतहनी | गंगापुर सम्म राप्ती बोर्डर | ५ कि.मी. | ग्रबेल | ४००० |
| १ | नयाँ बस्ती रोड | नयाँबस्ती | पिप्रहवा चौक | ३ कि.मी. | कच्ची | २००० |
| १ | भन्सार रोड | पिप्रहवा देखी | भारत सीमा | २ कि.मी. | ग्रबेल | १२०० |
| १ | अमृत पुर्वा जाने बाटो | टेपरी देखी | होलिया | २ कि.मी. | ग्रबेल | १३०० |
| १ | कधैंपुर्वा बाटो | खडैचा देखी | रामनगर | १.५ कि.मी. | कच्ची | १२०० |
| १ | नेपालगंज सुईया | सोनबर्षा | कुडवा पुर्वी किनार | १ कि.मी. | ग्रबेल | २५०० |
| १ | खडैचा जाने बाटो | कधईपुर्वा | खडैचा चौक | २५ मी. | पी.पी.सी. | २५०० |
| २ | बाबा गाउँ सडक | बाबा गाउँ | कोलही | २ कि | ग्रावेल | ५०० |
| २ | वेतहनी सडक | वेतहनी | नेपालगजं | ९ कि | कालो पत्रे | २००० |
| २ | सनतलिया सडक | सनतलिया | नेपालगजं | १० कि. | कालो पत्रे | ५००० |
| २ | कोल्ही सडक | कोल्ही | वेतहनी | ३ कि. | ग्रावेल | ४०० |
| २ | अमृतपुर्वा सडक | अमृतपुर्वा | चौराहा | १ कि. | कच्ची | ३०० |
| २ | कैराती पुर्वा सडक | कैरातीपुर्वा | नौरीगौढी | २ कि | ग्रावेल | २०० |
| २ | वाडी सडक | बाडी | चौराह | ५०० कि | ग्रावेल | ३०० |
| २ | नयाँ बस्ति सडक | नयाँ बस्ति | जाफरपुर्वा | १ कि | कच्ची | ६०० |
| २ | जाफरपुर्वा सडक | जाफर पुर्वा | नेपालगजं | ६ कि | कालोपत्रे | ८०० |
| २ | वेतहनी सडक | वेतहनी | पिपरहवा | १ कि. | ग्रावेल | ५०० |
| ३ | कृर्षी सडक | कम्दी सिमाना | बेतहनी सिमाना | ३ कि.मी. | ग्रबेल | १००० |

| वडा नम्बर | सडकको नाम | जोडिने वस्तीहरु | | लम्वाई (कि.मि.) | प्रकार (कच्ची, ग्राभेल, कालो पत्रे) | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| ३ | डुडुवा खोला जाने बाटो | वडा न४ देखी | राप्ती सम्म | ६ कि.मी. | कच्ची र ग्राबेल | ८००० |
| ३ | मलन्सा बाबा रोड | उ.म.न.पा. | डुडुवा गा.पा. सम्म | ३ कि.मी. | कच्ची | ५००० |
| ३ | इमलिया बाटो | कैराती पुर्वा | राप्ती पुल | ८ कि.मी. | कच्ची | ५००० |
| ५ | राफा जाने बाटो | मिलन चोक | विजुली नाला | १० कि.मि | ग्राभेल | ८००० |
| ५ | राफा जाने बाटो २० | मदनापुर देखी | डलैपुर | ६ कि.मि | ग्राभेल | ५००० |
| ५ | जबदहवा देखी मछेचिया | जब्दहवा देखी | मछिचिया | ४ कि.मि | ग्राभेल | ४००० |
| ५ | डलैपुर देखी गोहना | गोहना देखी | कोहलपुर न.पा. | ५ कि.मि | ग्राभेल | ३५०० |
| ५ | मिलन चोक | मिलन चोक | खजुरा गौरी | ६ कि.मि | ग्राभेल | २००० |
| ५ | जब्दहवा देखी | जब्दहवा | मिलनिया सम्म | ४ कि.मि | ग्राभेल | ३००० |
| ५ | छग्रहवा | छग्रहवा देखी | लडिया घाट सम्म | ३ कि.मि | ग्राभेल | १३०० |
| ५ | डलैपुर देखी | गाई गोडी देखी | गोहना जाने बाटो सम्म | ७ कि.मि | ग्राभेल | २००० |
| ५ | सिधनिया देखी | हुठै बालापुर | | ↓ कि.मि | ग्राभेल | १५०० |

## ५.३.१३ धार्मिक तथा पर्यटकीय स्थल (Religious and Touristic Sites)

प्रस्ताव क्षेत्र वरपर केहि धार्मिक तथा संस्कृतिक ठाउँहरु रहेका छन् जुन तलो तालिकाहरुमा उल्लेख गरिएको छ ।

तालिका 18: प्रस्ताव क्षेत्रको सडक मार्गको अवस्था

| वडा नम्बर | स्थलको नाम | भौतिक पुर्वाधार | | | स्वामित्व (नीजि, पब्लिक लि., सामुदायिक) | विशेषता (धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीयर अन्य) | बार्षिक पर्यटक आगमन संख्या |
|---|---|---|---|---|---|---|---|
| | | सडकको पहुँच पुगेको/नपुगेको | नजिकै चिनिने स्थान | नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मी.) | | | |
| २ | कोटहि दाई | पुगेका | बेतहनी | २ कि.मी. | सामादायिक | ऐतिहासिक | २००० |
| २ | सेन्दुरा भारी | पुगेको | बेतहनी | चौक २ कि.मी. | सामादायिक | धार्मिक | ५००० |
| २ | शिव रदुगा मन्दिर | पुगेको | वेतहनी | चौक १ कि.मी | सामादायिक | धार्मिक | १००० |
| २ | भोला बाबा कुट्टी | पुगेको | वेतहनी | चौक २ कि.मी. | सामादायिक | धार्मिक | ५००० |
| ३ | हलबलडेली | नपुगेको | | १२ कि.मी | निजि | धार्मिक | २००० |
| ५ | मिलन चोक | पुगेको | | छैन | निजि | अन्य | छैन |
| ५ | कम्मर शाह बाबा मजार | पुगेको | | ५०० मी. | धार्मिक | धार्मिक | २०००० |

# अध्याय-६

## ६. प्रस्ताव कार्यन्वयनवाट वातावरण माथि पर्ने प्रभाव मुल्यांकन (Impact Prediction and Evaluation)

प्रस्ताव कार्यन्वयनवाट निश्चयनै स्थानीय भौतिक, सामाजिक तथा सांस्कृतिक र जैविक वातावरणमा प्रभाव पर्ने हुन्छ । उत्पन्न प्रभावहरु दुवै फलदायी र हानिकारक रहेका छन् । सम्भाव्य प्रभावहरुलाई परिणाम, विस्तार तथा अवधिको आधारमा वर्णन गरिएको छ । यस्ले पूर्णरुपमा राष्ट्रिय वातावरण प्रभाव मुल्याकन कार्यविधि, १९९३ र वातावरण संरक्षण नियामावली १९९७ लाई आधार बनाएको छ । प्रभाव पहिचानको लागि चेकलिस्ट र मेट्रिक्स तरीका लाई अवलम्बन गरिएको छ ।

### ६.१ फलदायी प्रभाव (Positive Impact)

#### ६.१.१ भौतिक-रासायनिक वातावरण (Physical-Chemical Environment)

- **जलउत्पन्न प्रकोपमा कमि**

बैज्ञानिक र ब्यबस्थित विधिद्वारा ढुँगा, गिट्टी, बालुवा उत्खनन गर्दा त्यस्ता नदीको बेड लेभल नबढ्ने हुनाले नदीबाट पानि बाहिरी बस्ति तथा खेति गरिएको वरपरको क्षेत्रमा जान नसक्ने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन कार्य गरिने हुँदा त्येसबाट नदि किनार सुरक्षित भई सो क्षेत्रको वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुन जान्छ । यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय स्तरको तथा लामो अवधिको हुनेछ ।

#### ६.१.२ सामाजिक, आर्थिक वातावरण (Socio-Economic Environment)

- **स्थानीय जनतालाई रोजगारीको अवसर**

प्रस्ताव क्षेत्रका अधिकांस जनता खेतीपातीमा निर्भर रहेका छन् । यो प्रस्तावले उनीहरुलाई बाह्य आम्दानीको ढोका खोल्ने छ । यस्को अधिकतम फाइदा भुमिहिन र थोरै जग्गा जमीन भएको मानिसले लिन सक्छन् । यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय स्तरको तथा लामो अवधिको हुनेछ ।

- **व्यापार–व्यवसायको विकास तथा बढोत्तरी**

उत्खनन कार्यले स्थानिय स्तरमा **व्यापार** व्यवसायको विकास तथा बढोत्तरी गर्ने छ । प्रस्ताव क्षेत्र वरपर स–साना चियाँ पसल देखि वासको लागि होटल (सानो प्रकारको) खुल्ने छ । साथसाथै, यसले रोजगारीको सृजना गरी स्थानीय वेरोजगारीको समस्यालाई हटाउनेछ । यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय, लामो अवधि सँगै सार्थता प्रवृतिको हुने छ ।

जिल्ला समन्वय समिति बाँके २०७४

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

- **प्राविधिक शीपको बढोत्तरी**

उत्खनन् कार्यले विभिन्न तहका मानिसलाई रोजगारी प्रदान गर्ने छ । वालुवा संकलन देखि ड्राइभर, ठेकेदार, कर उठाउने व्यक्ति इत्यादिले रोजगारीको अवसरको साथसाथै उनीहरुको प्राविधिक ज्ञानको समेत विकास हुन्छ । यो प्रभाव अप्रत्यक्ष, निम्न, स्थानीय, लामो अवधिको र सार्थक प्रकृतिको हुनेछ ।

- **सामुदायिक सुविधा र सडकको विकास बृध्दि**

प्रभावित क्षेत्रमा प्रयोगमा रहेको सडक प्रस्ताव कार्यन्वयनको वेलामा उपयुक्त नहुन पनि सक्छ । तर प्रस्ताव कार्यन्वयन गर्न सडक को आवश्यक मर्मत गरिने हुँदा यस्ले सडक विस्तार र विकासमा सहयोग पुर्याउनेछ । यो प्रभाव प्रत्यक्ष, मध्यम, मध्यम लामो अवधिको र नगन्य सार्थता प्रवृतिको हुनेछ ।

## ६.२ विपरित प्रभाव (Negative Impact)

### ६.२.१ सामाजिक, आर्थिक वातावरण (Socio-Economic Environment)

- **सामाजिक उपयोगिताका वस्तुमाथि चाप**

प्रस्ताव कार्यन्वयनको वेला स्थानीय स्तरको कामदार मात्र नभई बाहय कामदार समेतले काम गर्ने हुदा सामाजिक उपयोगिताका वस्तुहरु माथि चाप गर्ने हुदा सामाजिक उपयोगतिका वस्तुहरु माथि चाप पर्न सक्छ । त्यस्ता वस्तुहरु अन्तर्गत खानेपानी, स्वास्थ्य चौकी आदि पर्दछन् । यो प्रभाव प्रत्यक्ष, निम्न, स्थानीय, छोटो अवधिको र नगन्य सार्थकता प्रवृतिको हुनेछ ।

- **बाल मजदुरको सम्भावना**

उत्खनन तथा संकलन कार्यले बालवालिकालाई आर्कर्षित गर्न सक्छ । साथै ठेकेदारले कम पैसा तिर्ने मनसायले बालबालिका लाई समेत काममा लगाउन सक्छ । यो कानुनी रुपमा बाल अधिकारको हनन् हो । यो प्रभाव प्रत्यक्ष, निम्न, स्थानीय, मध्यम अवधि तथा सार्थक प्रवृतिको हुनेछ ।

- **सामाजिक-सांस्कृतिक मुल्य मान्यतामाथि प्रभाव**

हरेक समाजमा स्थानिय मूल्य मान्यता रहेको हुन्छ । तर बाहय क्षेत्रबाट आएका व्यक्तिहरुले त्यसमा दखल दिदाँ झै-झगडा हुने सम्भावना प्रवल रहेको हुन्छ । यो प्रभाव अप्रत्यक्ष निम्न, स्थानीय, छोटो अवधिको तथा नगण्य सार्थकता प्रकृतिको हुनेछ ।

जिल्ला समन्वय समिति बाँके २०७५

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... बाँके ५ नं. प्रदेश

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

- **लैङ्गिक प्रभाव**

नेपाल कानुनले महिला र पुरुषको समान ज्याला निर्धारण गरेको छ । तर स्थानिय स्तरमा मानिसहरुले समान ज्याला नदिई पुरुषलाई बढी र महिलालाई थोरै दिने गर्दछन् । यस्ले महिला माथिको शोषणलाई इंगित गर्दछ । साथसाथै पुरुष कामदारबाट महिला कामदारहरु माथि यौनिक शोषण पनि हुन सक्ने सम्भावना रहेको हुन्छ । यो प्रभाव अप्रत्यक्ष, निम्न, स्थानीय, छोटो अवधिको र नगण्य सार्थकता प्रवृतिको हुनेछ ।

- **पेशागत स्वास्थ्य तथा सुरक्षा सम्वन्धि प्रभाव**

वालुवा, गिट्टी, ढुँगा तथा ग्राभेलको उत्खनन् संकलन तथा निकासी आफैमा जोखिम काम हो । यी क्रीयाकलापले मानिसमा विभिन्न किसिमका स्वास्थ्य सम्बन्धी गडबढी ल्याउने काम गर्दछ । यसले विभिन्न किसिमका दुर्घटना र घाउ–चोट पटक पनि लाग्न सक्छ । सामान्यतया यस्ता चोटपटक ढुँगा खसेर, खन्दा, गाडीले किचेर हुने गर्दछ । यो प्रभाव प्रत्यक्ष, निम्न, स्थानीय स्तरको, लामो अवधिको र सार्थक प्रवृतिको हुने छ ।

- **व्यक्तिगत सरसफाइमा कमी**

प्रस्ताव क्षेत्रमा विभिन्न किसिमका सरसफाइ सम्बन्धी समस्या उत्पन्न हुनसक्छ । प्रस्ताव क्षेत्रमा शौचालयको कमीले खुल्ला दिशालाई प्रोत्साहन दिनेछ । यस्ले सरसफाइको समस्यालाई अझ बढाईदिन्छ । *साथै अप्रयाप्त पानीको वितरणले समेत प्रभावलाई बढाइदिन्छ । यो प्रभाव निम्न,* प्रस्ताव क्षेत्र भित्र, मध्यम अवधिको र नगण्य सार्थकतका प्रवृतिको हुनेछ ।

- **झोपडीको निर्माण**

उत्खनन्, संकलन तथा निकासीको काममा संलग्न व्यक्तिहरुले प्रस्ताव क्षेत्रमा स–साना झोपडीको निर्माण गर्न सक्छन् । यस कार्यको लागि कच्चा पदार्थ स्थानीय वन र गाउँबाट हुने सम्भावना हुन्छ । यस्ले स्थानीय उपलब्ध सेवामाथि चाप पार्दछ । यो प्रभाव प्रत्यक्ष, मध्यम, प्रस्ताव क्षेत्र भित्र, छोटो समयको तथा नगण्य सार्थकता प्रकृतिको हुनेछ ।

- **पेशागत तथा सामाजिक व्यवहारमा परिवर्तन**

प्रस्ताव कार्यन्वयन मार्फत प्राप्त बाह्य रोजगारीको अवसरले स्थानिय मानिसको आय–आर्जनलाई बढाइदिन्छ । यसबाट्ट मानिसको क्रयशक्तिमा बृध्दि भई उसको सामाजिक व्यवहारमा परिर्वतन आउन सक्छ । केहि व्यक्ति आय आर्जन बढाउनका लागि गरिराखेको खेतिपाति तथा पशुपालनलाई छोडेर चिया पसल होटल, किराना पसल खोल्न सक्छन्, कोही ढेकेदारको रुपमा गिट्टी वालुवाको विक्री

वितरणमा समावेश हुन सक्छन् । यस्ले सामाजिक परिवर्तन ल्याउने छ । यो प्रभाव अप्रत्यक्ष, निम्न, स्थानीय स्तरको, लामो अवधिको तथा सार्थक प्रवृतिको हुनेछ ।

### ६.२.२ भौतिक तथा रासायनिक वातावरण (Physical-Chemical Environment)

- **हावा, पानी, तथा ध्वनि प्रदुषण**

उत्खनन्, संकलन तथा निकासी जस्ता क्रीयाकलापले स्थानिय वातावरणमा धुलो तथा ध्वनिको स्तरलाई बढाईदिन सक्छ । निकासी कार्यमा संलग्न गाडिको आवत जावतले समेत धुलो, धुँवा तथा ध्वनी निकाल्ने तथा डिजल पेट्रोल चुहिएर वातावरणमा मिसिन सक्छन् । यस्ता पदार्थले खोला को वातावरणलाई निकै प्रभावित पार्दछ । खुल्ला दिशा पिशाबले पनी पानी प्रदुषणमा सहयोग पुर्याउँदछ । यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय, छोटो अवधिको तथा सार्थक प्रकृतिको हुनेछ ।

- **भौतिक संरचनामा नकारात्मक असर**

अनियन्त्रित रुपमा उत्खनन तथा संकलन कार्य गर्दा नदि वरपरका भौतिक संरचनाहरु जस्तै पुल, नहर, कुलो सडक इत्यादी मा हानी हुन सक्छ । राप्ती नदी र डुडुवा खोलामा स-साना सिंचाईको लागि कुलोहरु बनाईएका छन् । उत्खनन कार्यले खोलाले धार परिबर्तन गर्न सक्ने तथा बेड लेभल परिबर्तन हुन गई सिंचाई को लागि अनुपयुक्त हुने स्थिति सिर्जना हुन सक्छ । तेस्तै गरि अनियन्त्रित तवरबाट उत्खनन हुन गएमा प्रस्तावित क्षेत्रमा पर्ने राप्ती खोला माथि बनेको पुलमा नकारात्मक प्रभाब पर्ने प्रबल सम्भावना छ । यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय, मध्यम अवधिको तथा सार्थक प्रकृतिको हुनेछ ।

- **खोलाको बहाव तथा अवस्था**

उत्खनन कार्यको लागि कहिले–काही नदी, खोलाको बहावलाई परिवर्तन गर्ने गरिन्छ । यस्ले एक किसिमको वातावरणीय प्रभाव्र परिरहेको हुन्छ । साथै पानी भित्र उत्खनन् गर्दा पानी धमिलो भई स्थानीय जलचरलाई समस्या हुनसक्छ । यि सवै क्रीयाकलापले नदीको परिवृत्ति (River Ecology) मा असर पार्दछ । यो प्रभाव प्रत्यक्ष, मध्यम, प्रस्ताव क्षेत्रभित्र, छोटो अवधिको तथा सार्थक प्रवृतिको हुनेछ ।

- **फोहोर उत्पादन तथा खाल्टा खुल्टीको उत्सृजन**

उत्खनन् कार्यले केहि काम नलाग्ने प्रवृतिको माटो तथा अन्य वस्तु निकाल्दछ जुन नदीको छेउछाउमा फोहर वस्तुको रुपमा जम्मा भई वातारणलाई असर पार्दछ । साथै उत्खननका क्रममा निकै ठाउँमा खन्दा खोलाको वहाव क्षेत्र भित्र खाल्टा–खुल्टीको निर्माण हुनसक्छ । यस्ले स्थानीय वासिन्दालाई असर पार्ने काम गर्दछ । यो प्रभाव अप्रत्यक्ष, निम्न, प्रस्ताव क्षेत्र भित्र, छोटो अवधिको तथा नगण्य प्रवृतिको हुनेछ ।

- **कामदारलाई इन्धनको व्यवस्था**

नदीको छेउमा स–साना झोपडी निर्माण गरी उत्खनन् तथा सकंलन कार्य गर्ने कामदारहरु खाना पकाउन र वत्ती वाल्नको लागि नजिकैको वनबाट काठ–दाउरा काट्न सक्छन् । यस कार्यले वन विनास तथा वन्यजन्तुको लोप हुने तथा स्थानिय वातावरणमा प्रभाव पार्दछ । यो प्रभाव प्रत्यक्ष, निम्न, स्थानीय, छोटो अवधिको तथा नगण्य प्रवृतिको हुनेछ ।

- **नदि कटानी तथा भू-क्षय**

उत्खनन् कार्यले प्रस्ताव क्षेत्रभित्रको जमीनलाई अस्थिर बनाई नदीकटानीको समस्याको सृजना गर्न सक्छ । यो प्रभावलाई सबभन्दा बढि खन्ने कार्यले बढाउने गर्दछ । यसरी जमीन अस्थिर हुदा यस्ले नदीको प्रकृति र वरपरको भौतिक संरचनामा विषेसगरि किनाराका खेतीयोग्य जगमा कटानी गर्दछ । यो प्रभाव प्रयक्ष, भध्यम, प्रस्ताव क्षेत्र भित्र मध्यम अवधिको तथा सार्थक प्रकृतिको हुनेछ ।

- **गाडिको उच्च चाप तथा सडक सुरक्षा**

प्रस्ताव क्षेत्रमा गाडिको नियमित आवतजावतले गाडीको चाप संगै दुर्धटना पनि बृध्दि हुने सम्भावना हुन्छ । यस्ले मानिसको ज्यान समेत जाने अथवा अगंहरु भंग भई अपाङ्ग हुने सम्भावना रहन्छ । यस्ता गाडीले चौपाया समेतलाई मार्ने काम गर्दछ । राप्ती नदी र डुडुवा खोलामा ढुवानीका क्रममा बिभिन्न बस्तिहरु भएर जानु पर्ने भएकोले यस्तो सम्भावना त्येस क्षेत्र मा बढी हुने देखिन्छ । यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानिय, मध्यम अवधिको तथा सार्थकता प्रवृतिको हुनेछ ।

### ६.२.३ जैविक वातावरण (Biological Environment)

- **वनजंगलको विनाश तथा वन्य जन्तुको लुप्तता**

प्रस्ताव क्षेत्र नं ५ बाहेक वरपर जंगलहरु नभएपनि नदि किनारको घाँसेमैदानमा बिभिन्न वनस्पति तथा जन्तुहरु पाइन्छ । त्यस ठाउँमा पाईने बनस्पति तथा जिबजन्तुहरुको विवरण तालिका नं. ४ मा उल्लेख गरिएको छ । कामदारहरु समेत वन्यजन्तु को सिकारमा लाग्ने सक्छन् जसलाई नियन्त्रण गर्नु जरुरि हुन्छ । यो प्रभाव प्रत्यक्ष, मध्यम, मध्यम अवधिको तथा सार्थक प्रवृतिको हुनेछ ।

- **जलचर प्राणी माथि प्रभाव**

राप्ती नदी र डुडुवा खोलामा माछा लगाएतका अन्य जलचरहरु तथा बिभिन्न प्रजातिका पानीहाँसहरु पाईन्छन । त्येसैले उत्खनन्, संकलन तथा निकासी कार्यमा संलग्न व्यक्तिहरु फुर्सतको वेला खोलामा माछा वा पानीहाँसह मार्ने कार्य गर्ने सम्भाबना रहन्छ । त्येसैले यो कार्यको प्रभाव प्रत्यक्ष, मध्यम, मध्यम अवधिको तथा सार्थक प्रवृतिको हुनेछ ।

तालिका 19: वातावरणीय प्रभाव मूल्यांकन

| प्रमुख वातावरण | प्रभावहरु | प्रकृति | परिणाम | विस्तार | अवधि | जम्मा | सार्थकता |
|---|---|---|---|---|---|---|---|
| **फाइदाजनक प्रभाव** | | | | | | | |
| भौतिक वातावरण | जलउत्पन्न प्रकोपमा कमि | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |
| सामाजिक-आर्थिक वातावरण | स्थानीयलाई रोजगारीको अवसर | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | मध्यम समय (१०) | ९० | अति सार्थक |
| | व्यापार-व्यवसायमा बृध्दि | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |
| | प्राविधिक सीपमा बृध्दि | प्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | लामो समय (२०) | ५० | सार्थक |
| | समाजिक सेवामा बढोत्तरी तथा सडक विकास | प्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | मध्यम समय (१०) | ४० | नगण्य |
| | अन्य | अप्रत्यक्ष | निम्न(१०) | स्थानिय (२०) | छोटो समय (०५) | ३५ | नगण्य |
| **विपरित प्रभाव** | | | | | | | |
| सामाजिक आर्थिक वातावरण | सम्भावित सामाजिक, सांस्कृतिक र धार्मिक प्रभाव | अप्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | छोटोसमय (०५) | ३५ | नगण्य |
| | सम्भावित लौङ्गिक प्रभाव | अप्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | मध्यम समय (१०) | ४० | नगण्य |
| | सम्भावित पेशगत तथा सुरक्षा सम्बन्धि प्रभाव | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |
| | सार्वजनिक सेवामा चाप | प्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | छोटोसमय (०५) | ३५ | नगण्य |
| | सम्भावित बाल मजदुर | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |
| | व्यक्तिगत सरसफाइमा कमी | प्रत्यक्ष | निम्न (१०) | प्रस्ताव क्षेत्र भित्र (१०) | मध्यम समय (१०) | ३० | नगण्य |

| प्रमुख वातावरण | प्रभावहरु | प्रकृति | परिणाम | विस्तार | अवधि | जम्मा | सार्थकता |
|---|---|---|---|---|---|---|---|
| | झोपडीको निर्माण | प्रत्यक्ष | निम्न (१०) | प्रस्ताव क्षेत्र भित्र (१०) | छोटोसमय (०५) | २५ | नगण्य |
| | पेशागत तथा सामाजिक व्यवहारमा परिवर्तन | अप्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | लामो समय (२०) | ५० | सार्थक |
| भौतिक तथा रसायनिक वातावरण | बायु प्रदुषण | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | छोटोसमय (०५) | ४५ | सार्थक |
| | जल प्रदुषण | प्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | छोटोसमय (०५) | ३५ | नगण्य |
| | ध्वनि प्रदुषण | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | छोटोसमय (०५) | ४५ | सार्थक |
| | खोलाको बहाव तथा अवस्था | प्रत्यक्ष | उच्च (६०) | प्रस्ताव क्षेत्रभित्र (१०) | मध्यम समय (१०) | ८० | सार्थक |
| | फोहोर उत्पादन तथा खाल्टा खुल्टीको उत्सृजन | अप्रत्यक्ष | मध्यम (२०) | प्रस्ताव क्षेत्र भित्र (१०) | छोटोसमय (०५) | ३५ | नगण्य |
| | कामदारलाई इन्धनको व्यवस्था | प्रत्यक्ष | निम्न (१०) | स्थानिय (२०) | छोटोसमय (०५) | ३५ | नगण्य |
| | नदि कटानी तथा भू-क्षय | प्रयक्ष | मध्यम (२०) | प्रस्ताव क्षेत्र भित्र (१०) | मध्यम समय (१०) | ४० | सार्थक |
| | भौतिक संरचनामा असर | प्रत्यक्ष | मध्यम (२०) | प्रस्ताव क्षेत्र भित्र (१०) | मध्यम समय (१०) | ४० | सार्थक |
| | गाडिको उच्च चाप तथा सडक सुरक्षा | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |
| जैविक वातावरण | वनजंगलको विनाश तथा वन्य जन्तुको लुप्तता | प्रत्यक्ष | मध्यम (२०) | प्रस्ताव क्षेत्र भित्र (१०) | मध्यम समय (१०) | ४० | नगण्य |
| | जलचर प्राणी माथि प्रभाव | प्रत्यक्ष | मध्यम (२०) | स्थानिय (२०) | मध्यम समय (१०) | ५० | सार्थक |

**वातावरणीय प्रभावको परिणाम, विस्तार र अवधि**

माथि उल्लेख गरिएको तालिकाले प्रस्तावबाट उत्पन्न सम्भावित वातावरणीय प्रभावको परिणाम, विस्तार र अवधिलाई दर्शाउन खोजेको छ । सामान्यता, प्रस्ताव कार्यन्वयनबाट कुनै खास वातावरणीय असर हुने देखिदैन् । वातावरणीय प्रभावहरुलाई राष्ट्रिय वातावरण प्रभाव मुल्याङ्कन कार्यविधि, १९९३ अन्तर्गत रहेर निक्यौंल गरिएको छ । यदि प्रभाव ३ वर्षसम्म रहन्छ भने त्यसलाई छोटो अविध को प्रभाव भनिएको हो । ३ देखि २० वर्षलाई मध्यम र त्यसभन्दा माथिकोलाई लामो अवधिको प्रभावको रुपमा लिइएको छ । प्रभाव निर्क्यौलको लागि मेट्रिक्स तरीका लाई प्रयोग गरिएको छ । जसलाई संख्यात्मक रुपमा तालिका २० मा राखिएको छ ।

तालिका 20: प्रभाव निर्क्यौलको लागि प्रयोग गरिएको मेट्रिक्स

| परिणाम | | विस्तार | | अवधि (बर्ष) | | सार्थकता |
|---|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रिय | ६० | लामो समय (>२०) | २० | अति सार्थक (६५-१००) |
| मध्यम | २० | स्थानीय | २० | मध्यम समय (३-२०) | १० | सार्थक (४०-६५) |
| निम्न | १० | काम गर्ने थलो | १० | छोटो समय (<३) | ०५ | नगन्य (०-४०) |

कार्यथलो अर्थात प्रस्तावभित्र हुने प्रभावलाई कार्य गर्ने थलो भनिएको छ, जुन वार्ड र गाउँपालिका स्तर सम्म पुग्न सक्छ त्यसलाई स्थानीय र त्यो भन्दा माथिको लाई क्षेत्रिय भनिएको छ ।

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धनकउली, बाँके ५ नं. प्रदेश, नेपाल

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत



लोकेन्द्र झवाली प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-७

## ७. प्रस्ताव कार्यान्वन विकल्प (Alternative Analysis)

वैकल्पिक विश्लेषणलाई प्रारम्भिक वातावरणीय परीक्षणको महत्वपूर्ण भागको रुपमा लिइएको छ । वैकल्पिक विश्लेषण्लाई प्राविधिक तथ आर्थिक संभाव्यता र वातावरणीय उपदेयता ले सम्भालेको हुन्छ । प्रारम्भिक वातावरणीय परीक्षण टोलीले विभिन्न वातावरणीय प्रभाव निर्धारण र आर्थिक संभाव्यताको आधारमा वैकल्पिक विश्लेषण गरेको छ । वैकल्पिक विश्लेषणको प्रमुख उद्देश्य फाइदाजनक प्रभावलाई अझ बढाउने र हानिकारक प्रभावलाई हटाउने हो । अध्ययन टोली विभिन्न शीर्षकलाई आधार बनाएर वैकल्पिक अध्ययन गरेको छ । उक्त आधारलाई तल उल्लेख गरिएको छ, जसलाई प्रभावकारिता र वातावरण मैत्रीको आधारमा मुल्याङ्कन गरिएको छ ।

### ७.१ कुनै कार्य नगर्ने (No Action)

यो वैकल्पिक अध्ययन पहिलो आधार हो, जस्ले कुनै कार्य नगर्ने कुरालाई अघि सार्दछ । यसको आधारमा प्रस्ताव अगाडी बढ्न सक्दैन र प्रस्तावबाट प्रक्षेपण गरिएको सकारात्मक प्रभावहरुलाई प्राप्त गर्न सकिदैन । यो विकल्पको कार्यन्वयनबाट खोला भित्र र खोला क्षेत्र वरपर ढुँगा, गिट्टी, वालुवा जम्मा भई उक्त क्षेत्रमा बाढी जन्य समस्या आउन सक्छ । तर यदि प्रस्तावलाई अगाडी बढाउने हो भन्ने गाउँपालिकाको राजश्वको श्रोत बन्न सक्छ । जसबाट प्राप्त राजश्वले गाउँमा अन्य विकासका कार्यक्रम संचालन गर्न सकिन्छ । साथसाथै स्थानीय स्रोत र साधनको सही सदुपयोग भई विभिन्न वर्गका मानिसले रोजगारी समेत पाउन सक्छन् । यस प्रस्तावको कार्यान्वयनबाट सबभन्दा बढी फाइदा भूमिहीन वर्गले पाउने छन्, जस्को जीवीकोपार्जनको प्रमुख श्रोत भनेकै ढुँगा, बालुवा, गीट्टी र ग्राभेलको संकलन र वितरण हो ।

### ७.२ विकल्प क्षेत्र (Alternative Option)

प्रस्ताव गरिएका क्षेत्रहरु बालुवाका लागि महत्वपूर्ण मानिन्छन् । यी वस्तुहरु प्रशस्त मात्रामा हरेक वर्ष वर्षात मा नदि किनारमा जम्मा हुने गर्दछन । साथै निकासीको लागि सडक पनि भएको हुनाले साधारण मर्मत र संभार गरेर पनि सोहि सडकहरुबाट यी वस्तुहरुको सजिलै निकासी गर्न सकिन्छ । यी जंम्मा भएका वस्तुहरुको निकासी पश्चात मात्र विकल्प क्षेत्रको वारेमा सोच्न सकिन्छ ।

### ७.३ उत्खनन र संकलन प्रक्रिया र समय चक्र (Extraction Method and Timing)

उत्खनन्, संकलन, निकासीको लागि समय चक्र निकै महत्वपूर्ण रहेको छ । यसले वातावरणीय अवयवहरुलाई घटाउनमा सहयोग गर्दछ । यस सयम चक्र अन्तर्गत सम्पूर्ण उत्खनन र संकलनको कार्य विहान ६ बजेदेखि साँझ ७ बजे सम्म मात्र गरिने छ । रात्रीबेला कुनै पनि कार्यहरु गरिने छैन ।

उत्खनन कार्यमा साथै ठूला–ठूला मेसिनरी र डोजर, एक्साभेटर प्रयोग गर्न निषेध गरिने छ । उत्खनन कार्यलाई सम्भावित दुर्घटनाहरुबाट बच्नका लागि वर्षातको बेलामा पूर्णरुपमा बन्द गरिने छ । वालवालिकाहरुलाई उत्खनन/संकलन  काममा लगाईने छैन ।

## ७.४ वैकल्पिक वातारणीय व्यस्थापन (Environment Management)

प्रस्तावकको नाताले गाउँपालिका र सम्बन्धित मन्त्रालयको नियम/कानुनको अधिनमा रहि वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ । यो योजनाको अनुगमन प्रत्यक्ष रुपमा डुडुवा गाउँपालिका तथा जिल्ला समन्वय समिति बाँकेले गर्नेछ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियन्त्रणकारीको भूमिकामा काम गर्ने छ । यो प्रस्तावको कार्यान्यन तथा अनुगमन कार्यमा सम्बन्धित वडा कार्यालय, स्थानीय संघसंस्था, क्लव, महिला समूह, गैर सरकारी संस्थाको समेत भूमिका रहेने छ ।

जिल्ला समन्वय समिति बाँके २०७२

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोकेन्द्र झवाली प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-८

## ८. प्रस्ताव कार्यन्वयन वाट वातावरण माथि पर्ने प्रभाव न्युनिकरणका उपाय तथा नियन्त्रण (Environmental Impact Mitigation Measures)

साधारणतया, प्रस्तवित प्रस्तावले सतही वातावरणीय प्रभावहरु सृजना गर्ने छ जस्को परिणामहरुलाई तालिका नं १७ मा व्याख्या गरिएको छ । टेण्डर कागजपत्रमा रोकथामका उपायहरु राखेर सम्भाव्य वातावरणीय प्रभावहरुलाई निराकरण गर्न सकिन्छ । सम्भवत अघिल्ला अध्यायहरुमा उल्लेख गरिएका सम्पूर्ण वातावरणीय प्रभावहरुलाई रोकथामका उपायहरु लगाएर नियन्त्रण गर्न सकिन्छ । रोकाथमका उपायहरुलाई प्रभावकारी कार्यान्वययन मार्फत फाइदाजनक प्रभावलाई बढाउन सकिन्छ । रोकथामका उपायहरु सिफारिस गरिएका क्रियाकलापहरु हुन्, जस्ले सम्भावित प्रभावहरुलाई घटाउने, वा नियन्त्रण गर्ने काम गर्दछ ।

### (क) जग्गा जमिन प्राप्ती, मुअब्जा र पूनर्वास

प्रस्तावित प्रस्ताव पूर्ण रुपमा सरकारी स्वामित्व भएको जग्गामा पर्दछ । त्यसैले जग्गा–जमीनको प्राप्ती, मुअब्जा वितरण तथा पूनर्वास इत्यादि कुनै समस्या छैन । तथापी राप्ती नदी र डुडुवा खोलाले नदि किनारका निजी जमिनलाई पानी कटान गरि बगरमा परिणत गरेको र त्यस्तो जमिनमा पनि वालुवा, ग्राभेल आदी थुपारेको भन्ने स्थानिएको भनाई रहेको थियो । यस कारणले त्यस्ता जग्गाहरुमा उत्खनन गर्नु पर्ने स्थिति आएमा सम्बन्धित जग्गाधनि संगको समन्यवमा उत्खनन/संकलन कार्य गर्नु पर्ने देखिन्छ ।

### (ख) फाइदाजनक प्रभावको बृध्दि तथा विपरित प्रभावको रोकथामका उपायहरु

प्रस्ताव कार्यन्वयनको सिलसिलामा फायदाजनक प्रभावको बृध्दि र विपरित प्रभावको रोकथाम नियन्त्रण इत्यादि जुन माथिका अध्यायहरुमा वर्णन गरिएको छ, त्यसलाई तलको तालिका मार्फत निक्यौंल गर्न खोजिएको छ ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र छवाली प्रमुख प्रशासकीय अधिकृत

तालिका 21: लाभकारक प्रभावको बृध्दि विपरित प्रभावको रोकथामका उपयाहरु

| वातावरण | प्रभाव | लाभकारक प्रभावको बृध्दि तथा विपरित प्रभावको रोकथामका उपयाहरु | रोकथाम लगात (ने.रु.) |
|---|---|---|---|
| **लाभकारक प्रभाव** | | | |
| भौतिक वातावरण | जलउत्पन्न प्रकोपमा कमि | • संकलन कार्य गर्दा नदीको प्राकृतिक बहावलाई खलल हुने गरि नगर्ने ।<br>• गल्छी निर्माण भएमा तुरुन्त रोकथामका उपाय गर्ने ।<br>• नदीलाई सकेसम्म सिधा रेखामा बग्ने गरि संकलन कार्य गर्ने ।<br>• निश्चित मात्रामा कामदार लगाईने र तिनलाई वातावरण मैत्री संकलन कार्य गर्ने प्रशिक्षण गर्ने । | बाह्य खर्च छैन (no extra cost) |
| सामाजिक आर्थिक वातावरण | स्थानीयलाई रोजगारी | • सकेसम्म स्थानीय बासिन्दालाई काममा लागाउने ।<br>• स्थानीय जनतालाई प्रस्तावको क्रियाकलाप सम्बन्धी जानकारी दिने । | बाह्य खर्च छैन (no extra cost) |
| | व्यापार/व्यवसायमा | • स्थानीयलाई रोजगारी दिने ।<br>• गाउँपालिका का मानिसहरुलाई व्यवसायको बारेमा अन्तरक्रिया कार्यक्रम संचालन | बाह्य खर्च छैन (no extra cost) |
| | प्राविधिक सीपमा बृध्दि | • स्थानयि लाई रोजगारीको व्यवस्था । | बाह्य खर्च छैन (no extra cost) |
| | सामाजिक सेवाको बढोत्तरी र सडक विकास | • स्थानीय सेवाको मर्मत, संभार र विकास सेवा प्रदायकहरुसँग भेटघाट ।<br>• स्थानीय सडकको मर्मत, सम्भार र विकास गर्ने । | ५००,०००/- |
| **विपरित प्रभाव** | | | |
| सामाजिक-आर्थिक वातावरण | सम्भावित सामाजिक, साँस्कृतिक र धार्मिक प्रभाव | • कामदारहरुमा सामाजिक साँस्कृतिक र धार्मिक प्रभाव सम्बन्धि जनचेतना अभिबृध्दि । | बाह्य खर्च छैन (no extra cost) |
| | सम्भावित पेशागत स्वास्थ्य र सुरक्षा | • सुरक्षा सम्बन्धी वस्तुहरुको यथेष्ठ व्यवस्था औजार आयोग सम्बन्धी | २००,०००।– |



लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

| वातावरण | प्रभाव | लाभकारक प्रभावको बृध्दि तथा विपरित प्रभावको रोकथामका उपयाहरु | रोकथाम लगात (ने.रु.) |
|---|---|---|---|
| | सम्बन्धी प्रभाव | जानकारी ।<br>• प्राथमिक स्वास्थ्य सँग सम्बन्धीत किट (First aid kit) को व्यवस्था गर्ने । | |
| | व्यक्तिगत स्वास्थ्य सम्बन्धी समस्या | • कामदारहरुमा व्यक्तिगत स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृध्दि गर्ने, | बाह्य खर्च छैन (no extra cost) |
| | सार्वजनिक उपयोगी वस्तुमाथी भार(चाप) | • स्थानीय स्तरका संघसंस्थासँग समन्वय<br>• स्थानीयलाई रोजगारी दिने ।<br>• स्थानीय व्यपारीलाई रोजगारी बृध्दिको लागि अभिप्रेरित गर्ने । | बाह्य खर्च छैन (no extra cost) |
| | बाल मजदुरको सम्भावना | • बालबालिकालाई काम गर्नबाट रोक लगाउने ।<br>• सामाजिक स्तरमा बाल मजदुर सम्बन्धि जनचेतना जगाउने । | ५०,०००/- |
| | पेशागत र सामाजिक व्यवहारमा परिवर्तन | • सामाजिक स्तरमा नकारात्मक कामहरु तथा पेशा परिवर्तनका फाइदा–बेफाइदा बारे जनचेतना जगाउने । | बाह्य खर्च छैन (no extra cost) |
| | झोपडी निर्माण | • स्थानिय रोजगारीमा ग्राहयता दिने | बाह्य खर्च छैन (no extra cost) |
| भौतिक तथा रासायनिक वातावरण | हावा, पानी तथा ध्वनी प्रदुषण | • धूलो–धूवाको उत्सृजनमा कमी ल्याउन कच्ची बाटोमा आवस्यकता अनुरुप पानि छर्कने ।<br>• ढुवानी गर्दा पैदावार पूर्णरुपले त्रिपालले छोप्ने ।<br>• समय–समयमा बाटो तथा गाडीको मर्मत, संभार गर्ने ।<br>• कामदारहरुलाई मुख र नाक छोप्न माक्सको व्यवस्था गर्ने ।<br>• हर्नको प्रयोगलाई निरुत्साहित गर्ने ।<br>• पानीको स्रोतमा फोहर फाल्नमा रोक लगाउने ।<br>• खोला नालामा गाडी धुने कामलाई रोक गर्ने ।<br>• ढुवानीको क्रममा सकेसम्म बस्ति बाहिरी | २००,०००।– |

| वातावरण | प्रभाव | लाभकारक प्रभावको बृध्दि तथा विपरित प्रभावको रोकथामका उपयाहरु | रोकथाम लगात (ने.रु.) |
|---|---|---|---|
| | | बाटोहरु प्रयोग गर्ने | |
| | फोहर संकलन र खाल्टा खुल्टीको निर्माण | • अनावश्यक फोहरको उत्सृजनालाई कम गरिने छ ।<br>• खाल्टा, खुल्टीहरुलाई पुरिने छ ।<br>• जथाभावी उत्खनन् कार्यलाई नियन्त्रण गरिनेछ ।<br>• काठ–दाउराबाट खाना पकाउने कार्यलाई निरुत्साहित र ग्यासबाट खाना पकाउने कार्यलाई उत्साहित गरिने छ । | बाह्य खर्च छैन (no extra cost) |
| | भू-क्षय तथा नदि कटानी | • जथाभावी उत्खन्न कार्यलाई रोक लगाइने छ । | बाह्य खर्च छैन (no extra cost) |
| | गाडीको उच्च चाप र सडक सुरक्षा | • सडक सुरक्षासँग सम्बन्धित उपायहरु जस्तै गति नियन्त्रण र विभिन्न सडक चिन्हहरुको प्रयोगमा जोड दिने ।<br>• सडक सुरक्षा सम्बन्धी जनचेतना जगाउने ।<br>• ढुवानीको क्रममा सकेसम्म बस्ति बाहिरी बाटोहरु प्रयोग गर्ने | बाह्य खर्च छैन (no extra cost) |
| | खोलाको वहाव तथा अवस्था | • खोलाको बहाव क्षेत्रलाई परिवर्तन गरिने छैन अथवा कम गरिने छ ।<br>• खोलाको बहाव क्षेत्रवाट संकलन गरिने छैन | बाह्य खर्च छैन (no extra cost) |
| | भौतिक संरचनामा नकारात्मक असर हुने | • नदीको किनारमा बनेका भौतिक संरचना नजिक संकलन कार्य नगराउने ।<br>• पक्कि पुलको हकमा दुवै तर्फ कम्तिमा १ कि.मी. को दुरीमा संकलन कार्य निषेधित गर्ने ।<br>• ढुवानीका लागि गाउँपालिका ले तोकिदिएको सडकबाट मात्र प्रयोग गर्ने ।<br>• बाटो तथा नदि किनारमा गल्छी निर्माण हुन गयमा तुरुन्त मर्मत गर्ने । | |
| | सिंचाई मा नकारात्मक प्रभाव | • कुलो नहर मर्मत सुधार गर्न गाउँपालिका ले बजेट बिनियोजन गर्नु पर्ने । | गाउँपालिकाको बजेटमा |

| वातावरण | प्रभाव | लाभकारक प्रभावको बृध्दि तथा विपरित प्रभावको रोकथामका उपयाहरु | रोकथाम लगात (ने.रु.) |
|---|---|---|---|
| | | | व्यवस्था हुनुपर्ने |
| जैविक वातावरण | वनजंगल फडानी तथा वन्यजन्तुको लोपको अवस्था | • वनजंगल फडानी, नियन्त्रण गर्ने, रुख ढाल्ने र काट्ने तथा बन्यजन्तु चोरि सिकारी जस्ता क्रियाकलापको निषेध गर्ने ।<br>• मजदुरहरुलाई ग्यास र मट्टीतेलको खाना पकाउने कार्यलाई अगाडी बढाउने ।<br>• उत्खनन क्षेत्रमा बन्यजन्तु संरक्षण गर्ने प्रोत्साहन गर्ने खालका होडिंग राख्ने<br>• वनयजन्तुको सूरक्षाको लागि कानुनी व्यवस्थाको पालना गर्ने ।<br>• खाली ठाउमा वृषारोपण कार्यक्रम सञ्चालन गर्ने । | ५०,०००/-<br>१००,०००।– |
| | जलचर माथि असर | • कामदारहरुलाई माछा तथा पानीहाँस मार्ने कामको नियन्त्रण गर्ने<br>• पानीमा फोहर फाल्ने क्रियाकलापको नियन्त्रण गर्ने | बाह्य खर्च छैन (no extra cost) |
| जम्मा लागत | | | ११,००,०००।– |

(नोटः माथि उल्लेखित गरिएका खर्चहरु अनुमानित मात्र भएको हुँदा यसमा थपघट हुन सक्ने छ)

माथि उल्लेखित असर बाहेक पनि पहिचान नगरिएका असरहरु प्रस्ताव कार्यन्वयनको बेला आउन सक्ने हुँदा प्रस्तावकले त्यसको रोकथाम र नियन्त्रणको लागि उपयुक्त उपायहरु अवलम्वन गर्नुपर्नेछ ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-९

## ९. वातारणीय व्यस्थापन योजना (Environment Management Plan)

वातावरणीय व्यवस्थापन योजना पहिचान गरिएका वातावरणीय समस्याहरुलाई आधार मानेर बनाइन्छ । यो योजनाले समस्याहरुलाई घटाउने, हटाउने, रोकथाम गर्ने, सुपरिवेक्षण गर्ने, अनुगमन गर्ने तथा कार्यन्वयन गर्ने सम्बन्धित निकायको पहिचान गर्ने काम गर्दछ ।

### ९.१ प्रस्ताव तथा वातारणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि उतरदायी निकाय (Responsible Agencies for Implementation of Environment Management Plan)

वातावरणीय संरक्षण नियमावली २०५४ अनुसार, वातावरणीय अनुगमनको काम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्दछ । यस कार्यमा गाउँपालिकाले मन्त्रालयको मातहतमा रहेर प्रस्ताव कार्यान्वयन गर्ने र जिल्ला समन्वय समितिले अनुगमनमा भूमिका निर्वाह गर्न सक्छ । परामर्शदाताको सहयोगमा यी निकायले वातावरणीय व्यवस्थापनको कार्यमा सहयोग पुर्याउन सक्छन् । विज्ञको आवश्यकताको आधारमा गाउँपालिकाले अन्य मन्त्रालयहरु जस्तै वन तथा वातावरण मन्त्रालयसँग आवश्यक विज्ञको माग गर्न सक्छ । माथि उल्लेखित कार्यमा अन्य उत्तरदायी निकायको रुपमा डिभिजन वन कार्यलय तथा डिभिजन भू-संरक्षण कार्यालयले काम गर्न सक्छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यकता अनुसार जतिवेला र जति पटक पनि अनुगमन कार्यको मूल्याङ्कन गर्न सक्छ । प्रस्तावकले प्रस्तावको निष्पक्ष वातावरणीय मूल्याङ्कनको लागि स्वतन्त्र अनुगमन टोलीको पनि निर्माण गर्न सक्छ । यस्ता टोलीले स्वतन्त्र रुपमा क्षेत्रगत अनुगमनलाई सक्रिय सहभागिताको रुपमा समेत अनुगमन (compliance monitoring) कार्य गर्न सक्छन् । तसर्थ वातावरणीय अनुगमन प्रस्ताव कार्यन्वयन र यसबाट उत्पन्न असरहरु रोकथामको लागि थप आधार हो ।

### ९.२ वातावरणीय व्यस्थापन योजना (Emvironment Management Plan)

यस प्रस्तावको सम्पूर्ण अनुगमनकारी कार्य डुडुवा गा.पा. र जिल्ला समन्वय समितिले गर्नेछ । वातावरणीय व्यवस्थापन योजना कार्यनवयनको सम्पूर्ण जिम्मेबरी प्रस्तावकको हुनेछ । वातावरणीय व्यवस्थापन योजनाको आवरण (framework) तालिका २२ मा प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँपालिकाको कार्यालय बाँके, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

तालिका 22: वातावरण व्यवस्थापन योजना कार्यन्वयन आवरण

| वातावरण | असर/प्रभाव | लाभ बढोत्तरी तथा विपरित असर रोकथामका परिणाम | संस्थागत जिम्मेवारी | समय अवधि | रुजु गर्ने तरिका |
|---|---|---|---|---|---|
| **लाभदायक प्रभाव** | | | | | |
| भौतिक वातावरण | जलउत्पन्न प्रकोप नियन्त्रण | • भु-क्षय तथा बाढी पहिरो नियन्त्रण भएको | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| सामाजिक–आर्थिक वातावरण | स्थानीयलाई रोजगारीको अवसर | • स्थानीयलाई रोजगारीमा अधिकतम अवसर दिइएको<br>• स्थानीयसँगको छलफल तथा अन्तरक्रिया गरिएको<br>• प्रस्तावको बारेमा जानकारी दिइएको | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | व्यापार/व्यावसायमा बृध्दि | • स्थानीय स्थरमा व्यावसायीक संस्थाको संख्यामा बृध्दि | गाउँपालिका | उत्खनन/ निकासी | रेकर्ड र छलफल |
| | प्राविधिक सीपमा विकास | • तालिम संचालन गरेर स्थानीयलाई रोजगारीमा अधिकतम अवसर प्रदान गरिएको | गाउँपालिका | उत्खनन | रेकर्ड र छलफल |
| | सामुदायिक सेवा प्रदायक वस्तुको बढोत्तरी तथा सडक विकास | • सडकको सुदृढिकरणमा जोड दिइएको<br>• नयाँ सडकको निर्माण भएको<br>• सेवाप्रदायकसँगको छलपल गरिएको | गाउँपालिका | उत्खनन | रेकर्ड र छलफल |
| | अन्य | छैन | छैन | छैन | छैन |

लोकेन्द्र शवाली
प्रमुख प्रशासकीय अधिकृत

| विपरित असरहरु | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक–आर्थिक वातावरण | सामाजिक सॉँस्कृति तथा धार्मिक कुरामा सम्भावित असर | • कामदारहरुमा जनचेतनाको अभिबृध्दि भएको<br>• स्थानीय मूल्यमान्यताको आदर सत्कारमा जोड दिइएको | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | सम्भाबित लैङ्गिक असर | • महिला तथा पुरुषको दैनिक ज्यालादारीमा एक रुपमाता कायम गरिएको<br>• यौन र यौनिक कुरामा जनचेतना बृध्दि भएको | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | सम्भावित पेशागत स्वास्थ्य तथा सुरक्षामा अवसर | • सुरक्षा सामग्रीको व्यवस्था गरिएको<br>• उपकरणको उपयोग कसरी गर्ने सम्बन्धी जानकारी भएको<br>• उत्खनन क्षेत्रमा संकेत चिन्हको प्रयोग भएको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | व्यक्तिगत स्वास्थ्यको अभाव | • व्यक्तिगत स्वास्थ्य सम्बन्धी कामदारमा जनचेतना भएको<br>• शौचालय र खानेपानीको उचित व्यवस्था भएको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | सार्वजनिक सेवा माथि दबाब | • स्थानीय निकायसँग समन्वय गरी सुविधाहरु छलफल भएको<br>• स्थानीयलाई रोजगारीमा अवसर दिइएको<br>• स्थानीय व्यापारीलाई रोजगारी/व्यापारको लागि उत्प्रेरित मिलेको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | बाल मजदुरको सम्भावना | • बालबालिकालाई काम लगाउनमा बन्देज गरिएको ।<br>• बाल अधिकार सम्बन्धि जनचेतना जगाउने । | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | झोपडी निर्माण | • स्थानीयलाई रोजगारीमा अधिकतम अवसर प्रदान गरिएको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • खोला छेउछाउ झोपडी बनाउने कार्यको रोक लगाउने | | | |
| भौतिक वातावरण | हावा, पानी र ध्वनी प्रदुषण | • काम गर्ने सिलसिलामा निस्कने धूलो धूवालाई कम गरिएको<br>• गाडीको समय–समयमा मर्मत सम्भार गरिएको<br>• खोलाभित्र तथा वरपर फोहर फाल्नमा रोक लगाईएको | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन तथा निकासी | छलफल + अवलोकन |
| | नदीको अवस्था तथा आकार | • नदीको बहावलाई परिवर्तन गर्ने काममा कमी भएको<br>• उत्खनन कार्यलाई नियन्त्रण गरिएको | गाउँपालिका + कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | फोहर संकलन तथा खाल्टा खुल्टीको निर्माण | • जथाभावी फोहर उत्सृजनामा कमी गरिएको<br>• खाल्टा खुल्टीलाई समय–समयमा पुरिने गरिएको<br>• अव्यवस्थित उत्खननलाई रोकिएको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | कामदारलाई इन्धनको व्यवस्था | • उत्खनन स्थालमा खाना पकाउने कामलाई रोकिएको<br>• वैकल्पिक उर्जाको स्रोतमा ध्यान दिइएको | कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | अव्यवस्थित भीर व्यवस्थापन | • अनावश्यक र अव्यवस्थित रुपमा भैरहेको उत्खनन कार्यमा कमी | गाउँपालिका + कन्ट्र्याक्टर | उत्खनन | रेकर्ड र छलफल |
| | गाडीको उच्च चाप तथा सडक सुरक्षा | • सडक सुरक्षा सम्बन्धी जानकारी दिइएको<br>• सडक सुरक्षा सम्बन्धी उपायहरु अवलम्बन गरिएको | गाउँपालिका+ कन्ट्र्याक्टर | निकासी | रेकर्ड र छलफल |
| | भौतिक संरचनामा नकारात्मक असर हुने | • नदीको किनारमा बनेका भौतिक संरचना नजिक संकलन कार्य नगरिएको ।<br>• पक्कि पुलको हकमा दुवै तर्फ कम्तिमा ३०० मि. को दुरीमा संकलन कार्य निषेधित गरिएको । | गाउँपालिका+ कन्ट्र्याक्टर | उत्खनन/ निकासी | रेकर्ड र अवलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • बाटो तथा नदि किनारमा गल्छी निर्माण हुन गयमा तुरुन्त तार जाली तथा बाँध लागीएको । | | | |
| जैविक वातावरण | वनजंगल विनांश तथा वन्यजन्तुको लुप्तता | • रुख विरुवा काट्ने कामलाई निरुतसाहित गरिएको<br>• मट्टितेल र ग्यासको उपयोगलाई बृध्दि गरिएको<br>• सरकारी नियम लागु गरिएको<br>• ठाउँ ठाउँमा रुख रोपिएको | गाउँपालिका+ कन्ट्र्याक्टर | निकासी | रेकर्ड र छलफल |
| | जलचर प्राणी माथि असर | • माछा मार्ने कामलाई निरुत्साहित गरिएको | कन्ट्र्याक्टर | निकासी | रेकर्ड र छलफल |

शाखा अधिकृत

## ९.३ अनुगमन तथा रोकथाम लागत (Monitoring and Mitigation Cost)

यो प्रस्तावको प्रस्तावक डुडुवा गाउँपालिका हो तसैले गाउँपालिकाले अनुगमनका लागि आफ्नै वा बाहिरका परामर्शदाताहरु पनि राख्न सक्छ । अनुगमनका सम्पूर्ण लागत रकम रु ४,००,०००।– अनुमानित गरिएको छ । रोकथाम लागतको अधिकांश रकम सडक मर्मत, कुलो आदि मर्मत संभार तथा विकासमा लाग्नेछ । यसका साथै मजदुरको सुरक्षा उपकरण र सामग्री किन्न, हावा, पानी र ध्वनि प्रदुषण रोकथाम गर्न, भू-क्षय व्यवस्थापन गर्न र जनचेतना जगाउनका लागि खर्च हुनेछ । यस कार्यका लागि अनुमानित ने.रु ११,००,०००।– प्रस्ताव गरिएको छ । रोकथामका लागत तथा जिम्मेवारीलाई तालिका २३ मा प्रस्तुत गरिएको छ ।

तालिका 23: रोकथाम लागत तथा जिम्मेवारी

| सि. नं: | विवरण | कार्य | लागत कन्ट्र्याक्टर | जिम्मेवारी गाउँपालिका |
|---|---|---|---|---|
| १. | सम्भावित पेशाष्त स्वास्थ्य तथा सुरक्षा | • सुरक्षित उपकरण, वस्तुहरुको वितरण गर्ने तथा प्रथमिक उपचारको व्यवस्था गर्ने | २००,०००।– | |
| २. | हावापानी तथा ध्वानी प्रदुषण | • घूलो धुवा उडाउने कार्यमा कमी गर्ने/ल्याउने<br>• गाडीको मर्मत सम्भारमा ध्यान दिने<br>• कामदारलाई मास्कको व्यवस्था गर्ने | २००,०००।– | |
| ३. | बाल मजदुरको सम्भावना | • बालबालिकालाई काम गर्नबाट रोक लगाउने ।<br>• कामदारहरुलाई बाल मजदुर सम्बन्धि जनचेतना जगाउने । | ५०,०००/- | |
| ४. | भौतिक संरचनाको सुरक्षा | • भौतिक संरचना जस्तै कुलो, पुल, सडक जोगाउनको लागि Gabbion wall, spur र check dam आदि बनाउने | | ५००,०००।– |
| ५. | वनजंगल फडानी तथा वन्यजन्तुको विनास | • खुल्ला ठाउँमा वृक्षारोपण<br>• सामाजिक स्तरमा वातावरण संरक्षण सम्बन्धि जनचेतना जगाउने । | | १५०,०००।– |
| जम्मा | | | ४,५०,०००।– | ६,५०,०००।– |
| | | कुल जम्मा | ११,००,०००।– | |



डुडुवा गाउँपालिकाको कार्यपालिकाको कार्यालय, नेपालगञ्ज, बाँके, ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

तालिका 24: अनुगमन तथा न्युनिकरण खर्चको विवरण

| खर्चको विवरण | जिम्मेवारी | |
|---|---|---|
| | गाउँपालिका | कन्ट्र्याक्टर |
| रोकथाम खर्च | ६,५०,०००।– | ४,५०,०००।– |
| अनुगमन खर्च | ४,००,०००।– | - |
| जम्मा | १०,५०,०००।– | ४,५०,०००।– |
| कुल खर्च | १५,००,०००।– | |

### ९.४ रोकथाम उपायको कार्यन्वयन (Implementation of Mitigation measures)

रोकथामका उपायहरुलाई टेण्डर प्रतिवेदनमा समावेश गरिनेछ । यस प्रकार रोकथाम उपयाहरु प्रस्तावको एउटा भाग हुनेछ । यस प्रकार समावेश गरिएको रोकथामका उपायहरुलाई साधारण इन्जिनियरिङ्ग पर्यवेक्षणबाट गर्न/गराउन सकिन्छ ।

### ९.५ सर्वेक्षण तथा अनुगमन (Monitoring)

सर्वेक्षणको मुख्य उद्देश्य पहिचान गरिएका रोकथाम उपायहरुलाई व्यवहारिक रुपमा कार्यन्वयन गरिएको छ, अथवा छैन हो । साथै कन्ट्र्याक्टमा उल्लेख गरिए अनुसार काम भएको छ अथवा छैन हो ।

### ९.६ अनुगमनको प्रकार (Types of Monitoring)

राष्ट्रिय वातावरण प्रभाव मूल्याङ्कन कार्यविधि १९९३ तथा वनजंगल क्षेत्रको लागि वातावरण प्रभाव मूल्याङ्कन कार्यविधि १९९५ अनुसार अनुगमनको कार्यलाई तीन भागमा बाडिएको छ । ती यस प्रकार छन् ।

#### ९.६.१ प्रारम्भिक अनुगमन (Baseline Monitoring)

प्रारम्भिक अनुगमनको प्रमुख उद्देश्य प्रस्ताव शुरुहुनु भन्दा अगावै प्रस्ताव क्षेत्रमा विद्यमान वातावरणीय स्थितीको संकलन गर्नु हो । यसले प्रवाव कार्यन्वयनको वेला अनुगमनमा जाँदा उक्त स्थानको अवस्थाको बारेमा जानकारी दिन सहयोग गर्दछ ।

#### ९.६.२ समतीय अनुगमन (Compliance Monitoring)

यस अनुगमनको प्रमुख उद्देश्य सुझाव गरिएका वातावरण संरक्षण साधनहरुलाई प्रस्ताव कार्यन्वयनको बेला लागु गरिएको छ अथवा छैन हो । यस प्रकारको अनुगमनले कारक-असर बीचको सम्बन्धलाई छर्लङ्ग पार्ने काम गर्दछ ।

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

### ९.६.३ संघात अनुगमन (Impact Monitoring)

यस प्रकारको अनुगमनले वातावरणीय रोकथामका उपायहरुको प्रभावकारीताको जाँच तथा क्षेत्रगत सही असरको निक्र्यौल गर्दछ । यो अनुगमन प्रस्ताव समाप्तिको अन्तमा अथवा प्रस्ताव समाप्तीको २ वर्ष पछि गर्नु पर्ने हुन्छ । यसले प्रत्येक असरहरुको अध्ययन गर्दछ ।

## ९.७ अनुगमन संयन्त्र (Monitoring Mechanism)

अनुगमन संयन्त्रलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 25: अनुगमन संयन्त्र

| सि.नं. | जिम्मा/जिम्मेवारी | संस्था | समय |
|---|---|---|---|
| १. | पारित भै सकेको प्रस्ताव, उत्खनन र निकासीको अनुगमन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ जि.स.स. | प्रस्ताव कम्तीमा दुई पटक |
| २. | अनुगमन कार्यमा मन्त्रालयलाई सहयोग तथा वातावरणीय मापकहरु | गाउँपालिका | आवश्यकता अनुसार |
| ३. | वातावरणीय मापकहरु पूर्ण रुपमा अवलम्बन गरिएको कुरा विश्वस्त पार्ने | गाउँपालिका | उत्खननको बेला |
| ४. | रोकथामका उपायहरु तथा सम्बन्धित लागत र अनुगमन खर्च टेण्डर प्रतिवेदनमा राखिएको सर्तहरु | गाउँपालिका | टेण्डर डिजाइनको अन्तिमबेला र पारित हुनु पूर्व |

## ९.८ अनुगमन स्थल, समय र जिम्मेबारी (Monitoring Sites, Period and Responsibilities)

डुडुवा गाउँपालिका, बाँके प्रत्यक्ष रुपमा अनुगमन कार्यमा सक्रिया रहनेछ । यसका लागि गाउँपालिकाले आफ्ना नियमित कर्मचारी अथवा परमर्शदातालाई खटाउने छ । परामर्शदाता टोलीले समय–समयमा अनुगमनको कार्य गर्नेछ । अनुगमन कार्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

तालिका 26: अनुगमन, विवरण स्थान, समय, तरीका तथा जिम्मेवारी

| विवरण | स्थान | समय | तरीका | जिम्मेवारी |
|---|---|---|---|---|
| डिजाइन र टेण्डर डकुमेण्टमा रोकथामका उपायहरु समावेश | गाउँपालिका कार्यालय | स्वीकृति समय | पूर्ण डिजाइन प्रतिवेदन, टेण्डर प्रतिवेदन तयारी र पूनः अध्ययन | गाउँपालिका |
| वातावरण संरक्षणका लागि बजेटको निर्धारण र मुआब्जा | गाउँपालिका कार्यालय | स्वीकृति समय | पूनः अध्ययन | गाउँपालिका |
| रोकथामका उपायको कार्यन्वयन | प्रस्ताव स्थाल | उत्खनन समय | क्षेत्रगत अवलोकन, सोधपुछ | गाउँपालिका |
| गाडी मर्मत | पार्क क्याम्प (वर्कसप) | ३ महिनामा एक पटक | रेकर्ड | गाउँपालिका |
| सुरक्षा सामग्रीको उपलब्धता | उत्खनन स्थल | बर्षमा ३ पटक | रेकर्ड | गाउँपालिका + कन्ट्रायक्टर |
| सूचना मूलक संकत चिन्ह | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका + कन्ट्रायक्टर |
| उत्खनन कार्यमा संलग्न कामदारको संख्या | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका + कन्ट्रायक्टर |
| स्थानीय कामदारको अनुपात | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका + कन्ट्रायक्टर |
| महिला कामदारको संख्या | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका |
| बाह्य कामदारको संख्या | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका |
| चिया, होटल र किराना पसलको सख्या | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका |

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

| विवरण | स्थान | समय | तरीका | जिम्मेवारी |
|---|---|---|---|---|
| उत्खनन स्थालमा स्वास्थ्य सम्बन्धी व्यवस्था | उत्खनन स्थल | वर्षमा ३ पटक | रेकर्ड/अवलोकन | गाउँपालिका |
| दुर्घटनाको संख्या र प्रकार | उत्खनन स्थल | हरेक ३ महिनामा | रेकर्ड र सोधपुछ | गाउँपालिका |
| प्राथमिक उपचार र इमरजेन्सिको व्यवस्था | उत्खनन स्थल | हरेक ४ महिनामा | फाइल रेकर्ड | गाउँपालिका |
| जनचेतना कार्यक्रम | उत्खनन स्थल | हरेक ४ महिनामा | सोधपुछ | गाउँपालिका |
| स्थानीयको सामाजिक आर्थिक आवश्यकतामा परिवर्तन | उत्खनन स्थल | वर्षमा २ पटक | अध्ययन | गाउँपालिका |
| जल, वायु तथा ध्वनि प्रदुषण | उत्खनन स्थल तथा वरपरका क्षेत्र | हरेक ६ महिनामा | अध्ययन तथा सोधपुछ | गाउँपालिका |
| जैविक वातावरण | उत्खनन स्थल तथा वरपरका क्षेत्र | वर्षमा २ पटक | अध्ययन तथा सोधपुछ | गाउँपालिका |

प्रस्ताव गरिएको व्यवस्थापन शाखाले हरेक प्रकारको अनुगमन कार्यलाई नीतिगत नियमको रुपमा मात्र नभई प्रस्तावकको प्रतिवद्धताको रुपमा काम गर्नेछ ।

## ९.९ प्रतिवेदन तथा दस्तावेज (Reporting)

वातावरणीय व्यवस्थापन योजना अनुसार हरेक समयको अन्तरालमा प्रतिवेदनहरु तयार पारी बुझाउनु पर्ने हुन्छ । साथै प्रस्ताव हरेक वर्ष नविकरण गराउनु पर्ने भएको हुँदा वार्षिक रुपमा वार्षिक प्रतिवेदन बुझाउनु पर्दछ । वातावरणीय व्यवस्थापन योजनाको समाप्तीमा प्रतिवेदन बनाएर गाउँपालिका लाई बुझाउनु पर्ने हुन्छ ।

जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

## ९.१० वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठानात्मक स्वरूप (Environment management Plan Organization Structure)



# अध्याय-१०

## १०. निस्कर्ष तथा सुझावहरु (Conclusion and Recommendations)

### १०.१ निस्कर्ष (Conclusion)

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले बाँके जिल्ला डुडुवा गाउँपालिकामा पर्ने राप्ती नदी र डुडुवा खोलाबाट वालुवा, ग्राभेल, ढुँगा, तथा गिट्टीको उत्खनन तथा निष्काशन कामबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभावको निक्र्योल गरेको छ । यसले प्रस्तावित प्रस्तावको कार्यन्वयनबाट स्थानीय भौतिक, सामाजिक, आर्थिक तथा जैविक वातावरणमा खास महत्वपूर्ण नकारात्मक प्रभाव नरहेको कुरालाई जोड दिएको छ । साथै प्रस्ताव कार्यन्वयनबाट स्थानीय बासिन्दाले रोजगारी पाउनका साथै गाउँपालिका को राजश्वमा बृध्दि हुने निष्कर्ष निकालेको छ । त्यस्त गाउँपालिकामा रहेका तर प्रयोग विहिन बनेका प्राकृतिक स्रोतको सही सदुपयोग हुने कुरालाई अगाडी बढाएको छ ।

प्राकृतिक रुपमा सिंजना हुने यी श्रोतहरुको सही सदुपयोग बाट फाइदा हुने गर्दछ तर सदुपयोग हुन नसक्दा यसले विभिन्न विपरित असरहरु सृजना गर्दछ, जस अन्तर्गत बाढी–पहिरो, भौतिक संरचनामा क्षति, तथा मानिसको ज्यान समेत लिन सक्छ । तथापी समाजिक आर्थिक असरहरु निम्न मात्रामा रहेका छन् जसलाई प्रभावकारी रोकथामको प्रक्रियाबाट नियन्त्रण गर्न सकिन्छ ।

### १०.२ सुझावहरु (Recommendations)

प्रारम्भिक वातावरणीय प्रभाव अध्ययनले प्रस्ताव कार्यन्वयनवाट निकै थोरै मात्रामा मात्र वातावरणीय असरहरु सृजना गर्ने कुरालाइ इंगित गरेको छ । सुझाव गरिएका रोकथामका उपायहरुको प्रभावकारी कार्यन्वयनबाट वातावरणीय दिगोपनालाई प्राप्त गर्न सकिन्छ । साथै प्रस्ताव कार्यन्वयन हुनु अगावै केहि सामाजिक तथा वातावरणीय प्रभावहरुलाई कम गर्न यो अध्ययनले सुझाव गरेको छ । विपरित असर भन्दा फाइदाजनक असर बढी भएको हुँदा यो प्रस्तावको अनुमति हेतु अनुरोध गरिन्छ ।

जिल्ला समन्वय समिति बाँके २०७४ शाखा अधिकृत डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

# सन्दर्भ सामग्री(*Bibliography*)


- CBS 2011: Population Census of Nepal
- DDC Makawanpur, 2008. Initial Environmental Examination of Extraction of the Rapti River bed for sand, gravel, and stone. A report submitted by District Development Committee, Makawanpur to Ministry of Local Development, Kathmandu, Nepal.
- DDC Sarlahi: ToR on IEE on Collection of Boulders, Gravel, Stones, and Sand from Rivers of Sarlahi District
- Banke District Profile 2007-2009
- Duduwa Rural Municipality: TOR on IEE on Collection of Boulders, Gravel, Stones, and Sand from Rapati and Duduwa Khola Banke District
- DMG 1987 Geological Map of Central Nepal, Department of Mines and Geology,Kathmandu, Nepal
- Draft Report on Environmental Impact Assessment (EIA) of Sustainable Collection/Extraction of Boulders, Gravel, Stone, and Sand from Bagmati River in Sarlahi District. Submitted to Ministry of Science Technology and Environment Singhdurbar, Kathmandu, Nepal
- GON, 1996. Environment Protection Act, Kathmandu, Nepal
- GON, 1997. Environment Protection Rules, Kathmandu, Nepal
- IUCN/NPC, 1993. National EIA Guidelines, Kathmandu, Nepal
- Banakatti VDC Profile 2067
- Uprety, B.K., 2003. Environmental Impact Assessment, Kathmandu, Nepal
- ब्यबस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको चुरे भावर लगायतका क्षेत्रको ढुँगा, गिट्टी, वालुवा उत्खनन र निकासी अध्ययन सम्बन्धी प्रतिबेदन २०६६
- ब्यबस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिबेदन २०६७
- रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन २०६७
- सर्वोच्च अदालतको फैसला तथा मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु
- वातावरणमैत्री स्थानीय शासनको प्रारूप २०७०
- Wikipedia. Geology and Geography of Nepal
- http://www.birdlifenepal.org
- http://www.iucnredlist.org
- http://www.forestrynepal.org


जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँके ५ नं. प्रदेश, नेपाल

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचि १:

# IEE को स्वीकृत कार्यसूची

# जिल्ला समन्वय समितिको कार्यालय

**नेपालगंज , बाँके**

**५नं. प्रदेश**

प.सं. २०७५।७६(प्रशासन शाखा)
च.नं. २५९

मिति:-२०७५। ७।१५

विषय:- कार्यसूची स्वीकृत गरि पठाएको ।

श्री डुडुवा गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बनकट्टी बाँके ।

तहाँको प.सं. ०७५।०७६ च.नं.१८९ मिति २०७५।६।२४ को पत्र साथ राप्ती नदि र डुडुवा खोलाबाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको प्रारम्भिक वातावतरणीय परिक्षण अध्ययन को लागी तयार पारिएको कार्यसूची थान २ स्वीकृतको लागी पठाइएकोमा उक्त कार्यसूचीको दफा २.३.४ को संकलन उत्खनन् विधिमा उल्लेखित "स्थान अनुकुलन हेरीकन डोजर,स्क्याभेटर, लोडर जस्ता मेसिन उपकरण प्रयोग गर्न सकिने" भन्ने बाक्यलाई हटाई स्वीकृत गर्ने मिति २०७५।७।१५ मा निर्णय भएकोले स्वीकृत कार्यसूची थान २ यसै साथ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

६०८८
०७५।७।१५
शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

६

डुडुवा गाऊपालिका राप्ति नदि र डुडुवा खोलाबाट दीगो रुपमा मोरङ्ग, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नका लागी कार्यसुची(**Terms of Reference (TOR)**

(वातावरण संरक्षण नियमावली २०५४ को नियम ५ सँग सम्वन्धित)

**पेश गरिएको**

श्री जिल्ला समन्वय समितिको कार्यालय

बाँके

**पेश गर्ने**

डुडुवा गाऊपालिका

गाऊँ कार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके

२०७५ असोज

शाखा अधिकृत

लोकेन्द्र ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना १
१.१ प्रस्तावको नाम १
१.२ प्रस्तावकको नाम र ठेगाना १
२. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता १
२.१ प्रस्तावको पृष्ठभूमि १
२.२ प्रस्तावको प्रकार १
२.३ प्रस्तावको प्रमुख १
३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि ४
३.१. प्रारम्भिक अध्ययन ४
३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण ५
३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु ५
३.४ फिल्ड अध्ययन भ्रपणको कममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने ५
३.४.१ भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन ५
३.४.२ जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन ५
३.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन ६
३.४.४ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन ६
४.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति , ऐन नियम तथा निर्देशिका ६
५.प्रतिवेदन तयार गर्दा लाग्ने समय र अध्ययन टोली ७
५.१ अध्ययनको समय तालिका **(Time Schedule)** ७
५.२ अध्ययन खर्च लागत ८
५.३ अध्ययन टाली **(Study Team)** ८
६.वस्तुगत वातावरण वातावरणीय अवस्थाको बयान ८
७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव ९
७.१ भौतिक वातावरण ९
७.२ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ९

| | |
|---|---|
| ३ जैबिक वातावरण | १० |
| ४ रासायनिक वातावरण | १० |
| ८ प्रस्ताव कार्यन्वयनका विकल्पहरु | १० |
| ८.१ प्रस्ताव कार्यान्वयन नगर्ने | १० |
| ८.२ प्रस्तावका विकल्पहरु | १० |
| ९. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु | १० |
| १०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु | ११ |
| ११. अन्य सान्दर्भिक विष्यवस्तु | ११ |
| १२. प्रतिवेदनको ढाँचा | ११ |


जिल्ला समन्वय समिति बाँके २०७४

शाखा अधिकृत

डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ५ नं. प्रदेश

लोकेन्द्र ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत

## १. प्रतिवेदन तयार गर्ने स्थानिय तहको नाम र ठेगाना :

१.१ प्रस्तावको नाम :
डुडुवा गाऊपालिकाको बगर क्षेत्रबाट मोरङ्ग, गिट्टी, वालुवा संकलन/उत्खनन पूर्व प्रारम्भिक वातावरण परीक्षण।
१.२ प्रस्तावकको नाम र ठेगाना

नाम :डुडुवा गाऊँपालिका, गाऊँकार्यपालिकाको कार्यालय
ठेगाना : बनकट्टी, बाँके

इमेल: duduwagaupalika@gmail.com

वेवपेज : www.duduwamun.gov.np

## २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता :

२.१ प्रस्तावको पृष्ठभूमि :

डुडुवा गाऊपालिका क्षेत्र भित्रको राप्ति नदि र डुडुवा खोलाको वगर क्षेत्रमा मोरङ्ग, गिट्टी तथा वालुवा विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने भएकोले यस्ता निर्माण सामाग्रीहरुको माग यस गाँउपालिकामा तिव्र रुपमा वढ्दै गइरहेको छ । गाऊपालिका भएर बग्ने खोला/नदीहरुका विभिन्न स्थानहरुमा मोरङ्ग, वालुवा र गिट्टी उत्खनन्, संकलन तथा बिक्री वितरण हुँदै आएको तथा नेपाल सरकारले वातावरण संरक्षण ऐन-२०५३ र वातावरण संरक्षण नियमावली २०५४(संशोधन सहित) लागू गरेको अवस्थामा सोही ऐनका दफा ४ मा स्वीकृति लिएरमात्र मोरङ्ग, वालुवा र ग्रवेल संकलन गर्न पाइने व्यवस्था भएको, साथै प्रचलित ऐन नियम अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार पारी स्वीकृती लिनुपर्ने प्रावधान रहेकोले नियमानुसार उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहे वमोजिम गाउँपालिका भित्रका प्रस्तावित खोलामा मोरङ्ग, वालुवा र गिट्टी संकलन गर्दा हाल के कस्तो वातावरणीय असर हुन्छ सो को लेखाजोखा गरि प्रतिवेदन तयार गर्न यो कार्यसुचि तयार गरिएको हो ।

२.२ प्रस्तावको प्रकार :
प्रारम्भिक वातावरणीय परीक्षण

२.३ प्रस्तावको प्रमुख :

| | | |
|---|---|---|
| १. | प्रस्तावको नाम: राप्ति नदि र डुडुवा खोलाको यस गाऊपालिका क्षेत्र भित्रको बगर क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा संकलन/उत्खनन पूर्व प्रारम्भिक वातावरण परीक्षण। | |
| २. | प्रस्तावको अवस्थिति: | |
| | विकास क्षेत्र : | मद्य पश्चिमाञ्चल विकास क्षेत्र |
| | अञ्चल : | भेरी |
| | प्रदेश | ५ |
| | जिल्ला : | बाँके |
| | गाँउपालिका/नगरपालिका: | डुडुवा गाऊपालिका |



शाखा अधिकृत
जिल्ला समन्वय समितिको कार्यालय बाँके

| | | |
|---|---|---|
| ३. | भौगोलिक स्थिती/भौगोलिक बनोट/हावापानी प्रकृति एवं विवरण : | |
| | प्रस्तावको अवस्थिति | तराई क्षेत्र |
| | प्रभावित क्षेत्रको भु उपयोग | खेतिपाती र<br>बस्ती |

| | | |
|---|---|---|
| | | |
| | हावापानी Climate | उष्ण |
| ४. | संकलन/उत्खनन कार्य, स्थल र प्रकृयाः | |
| | संकलन/उत्खनन क्षेत्र | राप्ति नदि र डुडुवा खोला |
| | संकलन/उत्खनन विधि | हाते औजारको प्रयोग गरेर मजदूरहरुबाट उत्खनन् गरिने तथा नदीजन्य पदार्थको मात्रा (Deposit) र स्थान अनुकुलन हेरिकन डोजर, स्क्याभेटर, लोडर जस्ता मेशिन उपकरणहरु प्रयोग गर्न सकिने |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा | टिपर, ट्रक तथा ट्राक्टरको प्रयोग गरिने छ |
| | दैनिक/वार्षिक संकलन/उत्खननको परिमाण | दैनिक २५० घ.मि. भन्दा बढिनहुनें गरी उत्खनन गर्ने |
| | संकलन /उत्खनन् गरिने अबधि | वर्षमा ९ महिना असोज देखि जेठ (करिव २७० दिन) सूर्योदय देखि सूर्यास्तसम्म माग अनुसार परिवर्तन पनि गर्न सकिने) |
| | संकलन/उत्खनन गरिने सामाग्रीहरु : | मोरङ्ग, गिट्टी, र वालुवा |
| | प्रस्ताव अर्न्तगतका कार्यहरु : | उत्खनन, संकलन तथा ढुवानी |
| | प्रभावित नगरपालिका, वस्ती, आदि | डुडुवा गाऊपालिकाका होलीया, वेतहनी, बनकट्टी, कम्दी ४ र कम्दी ५ बस्तीहरु |
| ५. | IEE प्रतिवेदनको वैधानिकता : | IEE प्रतिवेदन स्वीकृत भएको २ बर्ष सम्म |

२.३.१ प्रस्तावको क्षेत्रको अवस्थिति

प्रस्ताव क्षेत्र डुडुवा गाऊपालिकाको राप्ति नदि र डुडुवा खोलाको वगरक्षेत्रमा पर्दछ। प्रस्ताव क्षेत्रको अक्षांश, देशान्तर, संकलन/उत्खनन् स्थल, उक्त स्थलमा जाने नजिकको पहुचमार्ग उल्लेख गरिने छ साथै



शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय बाँके

संकलन/उत्खनन क्षेत्रलाई नक्शामा देखाईने छ । साथै, सो क्षेत्रलाई Location Map, Topo Map, Geological Map र Google Mapमा देखाईनेछ ।

२.३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुचमार्ग :

मोरङ्ग, गिट्टी, वालुवा, संकलन/उत्खनन क्षेत्रमा पुग्नका लागि पहुँचमार्गको सुबिधा छ । यस क्षेत्रमा गाम्रीण तथा कच्ची बाटो छन् । यस बाटोमा राम्रो संङ्ग ट्रिपर, ट्रयाक्टर र ढुवानीका साधनहरु चल्न सक्दछन् ।

२.३.३ प्रस्तावको क्षेत्र निर्धारण :

डुडुवा गाउपालिकाको राप्ति नदि र डुडुवा खोला क्षेत्रमा मोरङ्ग, गिट्टी, बालुवा उत्खनन्/संकलन क्षेत्र रहेको छ । सङ्कलन/उत्खनन् गर्ने क्षेत्र निर्धारण गरि अक्षांश (Latitude) र देशान्तर (Longitude) दिनुका साथै उपर्युक्त टोपोनक्शामा (TopoMap) तथा गुगलनक्शामा (GoogleMap) देखाइनेछ ।

उच्च प्रभाव क्षेत्र:

यो क्षेत्रमा मोरङ्ग, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ ।

न्यून प्रभाव क्षेत्र

संकलन तथा उत्खनन स्थलबाट १५० मी. देखि ५ कि. मी सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि न्यून प्रभाव क्षेत्रलाई राखिएको छ ।

२.३.४ सङ्कलन तथा उत्खनन् र ढुवानी (कार्य र विधि) :

निर्दीष्ट क्षेत्रबाट मोरङ्ग, गिट्टी, बालुवाको संकलन/उत्खनन कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैति, साबेल आदिबाट गरिने छ र नदीजन्य पदार्थको मात्रा (Deposit) र स्थान अनुकुलन हेरिकन डोजर, स्क्याभेटर, लोडर जस्ता मेशिन उपकरणहरु प्रयोग गर्न सकिने छ । नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यमा संलग्न जनशक्तिलाई समाज तथा बातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव बारे अभिमुखिकरण तालिम द्वारा सचेत गराईने छ । नदीको प्राकृतिक बहावमा प्रतिकुल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरि संकलन/उत्खनन् गर्न दिईने छैन । पानी भएको क्षेत्रमा संकलन/उत्खनन् कार्य नगर्ने र संकलन/उत्खनन कार्य दिउंसो मात्र गरिने छ । बर्षाको समयमा असार महिना देखि भाद्र महिना सम्म ससंकलन/उत्खनन् कार्य गरिने छैन र अन्य समयमा ढुवानी कार्य गर्न ट्रलि, ट्राक्टरको तथा टिपरको प्रयोग गरिने छ ।

२.३.५ प्रारम्भिक वातावरणीय परिक्षण **IEE** को कार्यसुचि **(Terms of Reference)**का उद्धेश्यहरु :

प्रस्तावित कार्यसुचि बातावरण ऐन र नियमावली, स्थानीय सरकार संचालन ऐन, नियम तथा वातावरणका आधारभुत सिद्धान्तहरुको अधीनमा रही निम्नानुसार उद्देश्यहरु समावेश गरिएका छन् –

- मुख्य सवालहरुलाइ कार्यसुचिमा परिदृश्य गराउनु ।
- प्रारम्भिक वातावणीय परीक्षणका लागि मार्गदर्शन दिनु ।
- सम्पादन गरिने कार्यहरुको व्यवस्थित सुचि तथा क्रियाकलाप स्पष्ट बनाउनु ।
- प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयार गर्न स्पष्ट मार्गनिर्देश गर्नु ।

अधिकृत



जिल्ला समन्वय समितिको कार्यालय

२.३.६ प्रारम्भिक वातावरणीय परिक्षण **IEE** को उद्देश्यहरु:

गाऊँपालिकाभित्रका प्रस्तावित नदि तथा खोलानालाबाट मोरङ्ग, वालुवा, ग्राभेल संकलन बाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरि दीगोरुपमा जिल्लाभित्रको विभिन्न खोलाहरुवाट मोरङ्ग, वालुवा, ग्रावेल संकलनमा टेवा पुऱ्याउनु **IEE** को प्रमूख उद्देश्य रहेको छ । अन्य बिशिष्ट उद्देश्यहरु
निम्मानुसार रहेका छन् ।

- खोलाको अवस्था स्थिति र वहावलाई नियन्त्रण गर्ने उपाय अवलम्बन गर्ने ।
- खोलाको बहाव र वनोट व्यवस्थित गरि ढुंगा, गिटी, वालुवाको उत्खननबाट आम्दानी गर्ने ।
- स्थानीय स्तरमा वैकल्पिक रोजगारीको सिर्जना गरी थप आय आर्जनको अवसर प्रदान गर्ने ।
- स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिने ।
- जिल्ला र वरिपरिको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक सामग्री आपूर्ती गर्ने अध्ययन गर्ने ।
- समग्रमा प्रकृति र मानवीय आवश्यकतालाई सन्तुलित उपयोगमा योगदान पुऱ्याउने ।

२.३.७ प्रारम्भिक वातावरणीय परिक्षण **IEE** को आवश्यकता: उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE)प्रतिवेदन तयार गरी सो को आधारमा यी खोलाहरुबाट मोरङ्ग, वालुवा, ग्रावेल संकलन गर्दा स्थानीय वातावरणमा के कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पर्छ भनी यकीन गर्नु नितान्त आवश्यक हुन्छ । मोरङ्ग, वालुवा, ग्रावेल संकलन बाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्न नदिन र तिनको नकारात्मक प्रभाव कम गर्न यस जिल्लाका विभिन्न खोलाहरुवाट मोरङ्ग, वालुवा, ग्रावेल संकलनका लागी प्रारम्भिक वातारणीय परीक्षण तयार गरिने छ । वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४, स्थानीय सरकार संचालन ऐन, २०७४, वातावरण संवन्धि नियम तथा मन्त्रालयका मार्गदर्शनहरुको अधीनमा रही संकलन तथा बितरण समेत गर्नलाई यो प्रस्ताव तयार पारिएको हो ।

## ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि

### ३.१. प्रारम्भिक अध्ययन :

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिने छ । कार्यालयमा नै Field वाट प्राप्त सुचनाहरुको विश्लेषण तथा समायोजन गरिने छ । प्रस्ताव कार्यान्वयन हुने क्षेत्र त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न टोपोग्राफीक नक्शा (Topographic Map), भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map), भूमि प्रणाली नक्शा (Land system Map), गाउँपालिकाको नक्शा (District Land system Map)नक्शाहरुको अध्ययन गरिनेछ ।

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्ने छ । यस क्रममा खासगरी वन क्षेत्रको नीति २०४६, वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४, स्थानीय सरकार संचालन ऐन, २०७४, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सामुदायिक वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रारम्भिक वातावरण परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भु संरक्षण ऐन, जिल्ला तथा गाँउपालिकाको वार्षिक वन पैदावार सदुपयोग योजना र पंचवर्षीय योजनाहरु प्रमुख रुपमा रहने छन् । साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन हुनेछ ।

### ३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्ने छ । प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु स्थलगत सर्वेक्षण र **GPS**वाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ । प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु घरधुरी सर्वेक्षण, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा सहभागितामूलक नक्शाहरुबाट संकलन गरिने छ ।

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु गाँउपालिकाबाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिने छ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार पारिने छ । खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङग्राहरुको समत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार पारिने छ ।

### ३.३. सार्वजनिक सूचना, परामर्श एवं सिफारिस पत्रहरु

यसमा वातावरण संरक्षण नियमावली २०५४ (संशोधनसहित) को अधीनमा रही यसले सुझाएको प्रक्रिया अनुसरण गरि वातावरणीय अध्ययन गरिने छ । जसअनुसार सर्वप्रथम प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात् कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिने छ । उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रारम्भिक वातावरणीय परीक्षण गरिने छ। यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण मस्यौदा प्रतिवेदन तयार गरिने छ।

### ३.४ फिल्ड अध्ययन भ्रपणको कममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने :

#### ३.४.१ भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको हिडेर स्थलगत अध्ययन विश्लेषण गर्ने छ । यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Informants, Local Workers, truck and Tractor owners, Local Collectersसँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रासायनिक पदार्थहरुको प्रभाव तथा प्रतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सझाव समावेश गरिने छ ।

#### ३.४.२ जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने छ । यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्ने छ । त्यसै गरि पानीमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माछाहरीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरिनेछ । साथै यहा पाइने चरा पुतली, किरा,



अधिकृत

स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय  जनता, Key Informents, Local Workers, Local Collecters, truck and Tractor owners सँगसोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी संकलन गरिने छ । साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिने छ ।

३.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

यस प्रकारको  तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गरिने छ । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिने छ । यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइने छ । तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू–स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिने छ ।

३.४.४ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन

